# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

माधव घिमिरे (१९७६-२०७७) नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । उनले नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गर्ने कार्य १९९२ सालको *गोरखापत्र*मा प्रकाशित 'ज्ञानपुष्प' कविताबाट गरेका हुन् । माधव घिमिरेले फुटकर कविता, गीत, खण्डकाव्य, कथा, निबन्ध र गीतिनाटक लेखेका छन् । माधव घिमिरेको समग्र काव्ययात्रा जीवनको उत्तरार्द्धमा गीतिनाटकतर्फ मोडिएका छन् । माधव घिमिरेद्वारा लेखिएका गीतिनाटक *शकुन्तला* (२०३८), *मालती मङ्गले* (२०३९), *विषकन्या* (२०५०), *अश्वत्थामा* (२०५३), *हिमालपारि हिमालवारि* (२०५४), *देउकी* (२०५५) र *बालकुमारी* (२०६१) हुन् । उनका गीतिनाटकमा पूर्वीय दर्शनको वैचारिक दृष्टिकोणको मूल्य र मान्यता स्थापित भएको पाइन्छ । उनका यी गीतिनाटकमा पूर्वीय दर्शनको प्रभाव पाइन्छ ।

पूर्वीय भन्नाले आर्यावर्त क्षेत्र, भारत वर्ष र दक्षिण एसिया भन्ने बुझिन्छ भने दर्शन भन्नाले बौद्धिकतापूर्वक गम्भीरचिन्तन गरेर ज्ञान र ध्यानका दृष्टिले हेरेर सत्यको खोजी गर्नु भन्ने बुझिन्छ । पूर्वीय दर्शनको मूल स्रोत वेदलाई मानिन्छ । वेदबाट आस्तिकदर्शन जन्मेको हो । पूर्वीय दर्शनले प्रतिपादन गरेका प्रकृति, पुरुष, ईश्वर, सृष्टि, स्थिति, प्रलय, आत्मा, परमात्मा, इहलोक, परलोक, जन्म, मृत्यु, स्वर्ग, नरक, पूर्वजन्म, पुनर्जन्म, भाग्य, कर्म, मोक्ष, माया, विधि, पाप, पुण्य आदिजस्ता विषयमा पूर्वीय दर्शनले अध्ययन गरेको पाइन्छ । यी विभिन्न विषयलाई पूर्वीय दर्शनमा ईश्वरतत्त्व, आत्मातत्त्व, धर्मतत्त्व, शरीरतत्त्व, सुखदुःखतत्त्व, मनतत्त्व, कर्मतत्त्व, मोक्षतत्त्वका रूपमा विश्लेषण गरेर अध्ययन गरेको पाइन्छ । यिनै पूर्वीय दर्शनले स्थापित गरेका मान्यताका आधारमा माधव घिमिरेका गीतिनाटकमा व्यक्त जीवन र जगत्सम्बन्धी मान्यताको अध्ययन गर्ने उद्देश्य रहेको छ । प्रस्तुत शोधप्रस्तावमा माधव घिमिरेका गीतिनाटकमा व्यक्त भएको जीवन र जगत्चिन्तनको अध्ययन र विश्लेषण गर्नुलाई नै शोधप्रबन्धको मुख्य शोध्य विषय बनाइएको छ । माधव घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनले स्थापित गरेका जीवनजगत्सम्बन्धी मूल्य

मान्यताबाट प्रभावित छन् । पूर्वीय दर्शनकै वैचारिकचिन्तनलाई घिमिरेका नाटकहरूमा देख्न सकिन्छ । त्यसैले घिमिरेका गीतिनाटकमा पूर्वीयदार्शनिकका मान्यता र सिद्धान्तका आधारमा अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

माधव घिमिरेका गीतिनाटकमा जीवन र जगत्का बारेमा पूर्वीय दर्शनका वैचारिक स्थापनाहरू पर्याप्त मात्रामा प्रयोग गरिएका छन् तर उनका गीतिनाटकमा पूर्वीय दर्शनले स्थापित गरेका जीवन र जगत्का आधारमा अध्ययन र विश्लेषण गर्ने कार्य भने भएको देखिँदैन । त्यसैले माधव घिमिरेका गीतिनाटकमा जीवन र जगत्सम्बन्धी चिन्तन केकस्तो छ भन्ने मुख्य समस्यामा आधारित भई यससँग सम्बन्धित अन्य प्राज्ञिक जिज्ञासालाई निम्नलिखित प्रश्नका रूपमा प्रस्तुत गरिएको छ :

(१) माधव घिमिरेका गीतिनाटकमा जीवात्मा र मोक्षसम्बन्धी केकस्तो चिन्तन प्रस्तुत गरिएको छ ?

(२) माधव घिमिरेका गीतिनाटकमा जगत्सम्बन्धी केकस्तो चिन्तन अभिव्यक्त भएको छ ?

(३) माधव घिमिरेका गीतिनाटकमा ईश्वरसम्बन्धी केकस्तो चिन्तन व्यक्त गरिएको छ ?

## १.३ शोधको उद्देश्य

माधव घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनले निर्देश गरेका जीवन र जगत्सम्बन्धी दृष्टिकोण पाइन्छ । त्यही जीवन र जगत्को खोजी गर्नु नै यस शोधपत्रको मूल समाधेय उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका लागि निम्नानुसारका उद्देश्य निर्धारण गरिएका छन् :

(१) माधव घिमिरेका गीतिनाटकमा व्यक्त गरिएको जीवात्मा र मोक्षसम्बन्धी चिन्तनको विश्लेषण गर्नु ।

(२) माधव घिमिरेका गीतिनाटकमा जगत्सम्बन्धी अभिव्यक्त चिन्तनको विश्लेषण गर्नु ।

(३) माधव घिमिरेका गीतिनाटकमा ईश्वरसम्बन्धी अभिव्यक्त चिन्तनको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी साहित्यकारका रूपमा परिचित माधव घिमिरेका गीतिनाटकहरू *शकुन्तला, मालती मङ्गले, विषकन्या, अश्वत्थामा, हिमालपारि हिमालवारि, देउकी, बालकुमारी* जस्ता प्रकाशित छन् । उनका गीतिनाटकहरूको विभिन्न आधारमा अध्ययन भएका छन् तर यी गीतिनाटकमा जीवनसम्बन्धी चिन्तन र जगत्सम्बन्धी चिन्तन विषयमा अहिलेसम्म खासै अध्ययनअनुसन्धान भएको पाइँदैन । यद्यपि उनका गीतिनाटकमा जीवन र जगत्सम्बन्धी केही समालोचकहरूले समालोचकीय दृष्टिकोण प्रस्तुत गरेका छन् । माधव घिमिरेका गीतिनाटकमा आध्यात्मिकदर्शनको प्रस्तुति र जीवन र जगत्सम्बन्धी सूक्ष्मचिन्तनलाई पूर्ववर्ती विद्वान् तथा समालोचकहरूबाट गरिएका अध्ययन कार्यहरूको कालक्रमिक समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ :

रत्नध्वज जोशीले *आधुनिक नेपाली साहित्यको झलक* (२०२१) कृतिमा कालिदासदेखि घिमिरेसम्मका कविहरूको काव्यमा ईश्वरचिन्तन, भाग्यचिन्तन, संयोग, वियोग, जन्म, मृत्यु आदिका विषयमा चर्चा गरेका छन् । जोशीले घिमिरेका कृतिमा ईश्वर विषयक चिन्तन रहेको कुरा बताएका छन् । जोशीले घिमिरेका कृतिमा संसार झुटो, असत्य, मिथ्या र क्षणभङ्गुर भएको दार्शनिक विषयलाई उल्लेख गरे तर ती दार्शनिक मान्यताबाट कृतिको विश्लेषण नगरे पनि उनका कृतिमा रहेको दार्शनिक विषय बुझ्नका लागि सहयोगी रहेको छ ।

राममणि रिसालले *नेपाली काव्य र कवि* (२०३१) नामक कृतिमा माधव घिमिरेको चर्चा गर्दै उनका कृतिहरूमा पूर्वीयचिन्तनको माधुर्य रहेको प्रस्ट पारेका छन् । उनले घिमिरेका नाट्यकृतिमा जन्म, मृत्यु, पुनर्जन्म, पूर्वजन्मसम्बन्धी र जीवन र जगत्का बारेमा चर्चा गर्दै दर्शनका दार्शनिक चेतना रहेको बताएका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले *कविता सिद्धान्त र नेपाली कविताको इतिहास* (२०६०) मा माधवप्रसाद घिमिरेको परिचय र प्रवृत्ति उल्लेख गर्दै उनका कृतिहरूमा आदर्शवादीचिन्तन र जीवनवादीचिन्तनको समीक्षा गरेका छन् । उनले घिमिरेका कृतिहरूमा जीवन र जगत्सम्बन्धी पूर्वीय दर्शनको ज्ञान पाइन्छ भन्ने कुरालाई सङ्केत गरेका छन् । यसमा कृतिको विश्लेषण नगरेको भए पनि यसबाट घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनको वैचारिक पृष्ठभूमि बुझ्नका लागि उपयोगी रहेको छ ।

विन्दु शर्माले *गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे* (२०६२) नामक पुस्तकमा गीतिनाटककार माधव घिमिरेका सातवटै गीतिनाटकको व्याख्या एवं विश्लेषण गरेकी छन् । शर्माले अश्वत्थामा गीतिनाटकमा युद्ध अपराधबाट विक्षिप्त भएको अश्वत्थामाले अन्त्यमा मानवतावादले मानिसलाई आशावादी बनाउने, भौतिक, आत्मिक, नैतिक, बौद्धिक पक्षलाई समेट्दै मानवतावादमा ईश्वर र ईश्वरीय शक्तिभन्दा मानव र मानवीय शक्तिले मानवलाई सही मानव बनाउँछ भन्ने कुराको दार्शनिक पक्षको उल्लेख गरेकी छन् । शर्माले घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनले स्थापित गरेका मूल्य र मान्यताका कोणबाट अध्ययन नगरेको भए पनि गीतिनाटकको वैचारिक पक्ष बुझ्नका लागि सहयोगी रहेको छ ।

हेमराज पौडेलले *गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे* (२०६२) नामक पुस्तकमा 'सम्मति र शुभेच्छा' शीर्षकको लेखमा घिमिरेका सातवटै नाटकमा मानवीय मूल्य, मान्यता र जिजीविषा व्यक्त भएको विषय नाटकका माध्यमबाट देखाएका छन् । उनका अनुसार जीवनवादी घिमिरे मानवीय मर्मलाई लयका साङ्गीतिक माधुरीमा फिटेर मनमोहक बनाउन चाहन्छन् । घिमिरेका गीतिनाटकमा गेयात्मक कवित्व, नाटकीय कौशलजस्ता पक्षको विश्लेषण गर्दै घिमिरेको वैचारिक पक्षको मूल आधार पूर्वीय दर्शन भएको बताएका छन् । पौडेलले घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनबारे चर्चा नगरे पनि उनका गीतिनाट्य प्रवृत्तिका बारेमा जानकारी लिन सहयोगी रहेको छ ।

महादेव अवस्थीले *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श* (२०६४) मा माधव घिमिरेका प्रवृत्ति केलाउँदै उनका कृतिमा पूर्वीय दर्शनको चिन्तन, जीवन र जगत्सम्बन्धी बृहत् अर्थलाई केलाउँदै घिमिरेका कृतिमा साङ्ख्य, योग र वेदान्तदर्शनको प्रभाव रहेको कुरालाई सङ्केत गरेका छन् । यसमा अवस्थीले माधव घिमिरेको लेखन मूलतः पूर्वीय दर्शनको वैचारिक पृष्ठभूमिमा केन्द्रित रहेको बताएका छन् तर घिमिरेका गीतिनाटकमा केन्द्रित रहेर तिनको दार्शनिक विश्लेषण गर्ने काम गरेका छैनन् तर घिमिरेका कृतिमा दर्शनको प्रभाव रहेको कुरा बताएकाले यसबारे जानकारी लिन सहयोगी रहेको छ ।

नारायण गड्तौलाले 'अश्वत्थामा गीतिनाटकमा मिथक' (सन् २०१६) शीर्षकको लेखमा *अश्वत्थामा* गीतिनाटकको मिथकीय विश्लेषण गरेका छन् ।

गड्तौलाले घिमिरेको अश्वत्थामा नाटकमा पूर्वीय दर्शनका मानवता, बुद्धि, विवेक, पाप, भाग्य, दुर्भाग्य, धर्म, कर्म आदिका कोणबाट *अश्वत्थामा* गीतिनाटकमा अन्तर्निहित पूर्वीय दर्शनलाई प्रस्तुत गरेका छन् । यस अन्य गीतिनाटकको विश्लेषण नगरिएको भए पनि *अश्वत्थामा* गीतिनाटकका बारेमा जानकारी लिन सहयोगी रहेको छ ।

पुष्करनाथ रिजालले *हिमाली सौगात* (२०७७) को 'घिमिरेको साहित्यिक मन : केही सन्दर्भ र विमर्श' शीर्षकमा घिमिरेलाई विशुद्ध स्वच्छन्दतावादी कवि भन्दै उनले लेखेका गीतिनाटकमा जीवनवादी दृष्टिकोण रहेको छ भनी व्यक्त गरेका छन् । रिजालले घिमिरेका *देउकी, बालकुमारी* र *अश्वत्थामा* गीतिनाटकमा आशावादी जीवनदर्शन जीवनचेतना, मृत्युचिन्तनको रहस्य, मृत्युसम्बन्धी धारणा, रहस्यमय जीवनलीला, नैतिक आदर्श, मानवीयता, आध्यात्मिक दर्शनको कोणबाट घिमिरेका गीतिनाटकमा पाइने पूर्वीय दर्शनका विभिन्न पक्षलाई प्रस्तुत गरिएकाले यससम्बन्धी जानकारी लागि सहयोगी रहेको छ ।

बच्चुराम भट्टराईले *माधव घिमिरेका गीतिनाटकमा रसानुशीलन* (२०७७) पुस्तकमा घिमिरेका सातवटै गीतिनाटकको व्याख्या एवं विश्लेषण गरेका छन् । भट्टराईले घिमिरेका कृतिमा पूर्वीय दर्शनका मान्यताहरूको उपयोग नदेखाए पनि पूर्वीय दर्शनका बारेमा सामान्य जानकारी राख्न उपयोगी रहेको छ ।

उपर्युक्त पूर्वकार्यको विवरणमा गीतिनाटककार माधव घिमिरे तथा उनका गीतिनाटकमाथि विभिन्न विद्वान्, अनुसन्धाता, समालोचकहरू र शोधार्थीहरूले गरेका अध्ययनअनुसन्धानको समीक्षा गर्दा घिमिरेका गीतिनाटकमा साङ्ख्यदर्शनको प्रकृति र पुरुष तथा वेदान्तदर्शनको जीवन, जगत्, आत्मा, मोक्ष, ब्रह्म, जीव, ईश्वर, विधि, भाग्य, कर्म आदि पूर्वजन्मसम्बन्धी चिन्तन पाइने कुराको सङ्केत गरेका छन् । घिमिरेका गीतिनाटकमा जीवन, जगत्, सृष्टि, प्रलय, स्थिति, जन्म, कर्म, भाग्य, माया पाइने कुराको सङ्केत पूर्वाध्ययनमा पाइए तापनि त्यसको पूर्वीय दर्शनको सैद्धान्तिक आधारमा व्यवस्थित अध्ययन भने भएको पाइँदैन । त्यसैले घिमिरेका गीतिनाटकहरूको पूर्वकार्यहरूलाई दृष्टिगत गर्दा प्रस्तुत विषयमा शोध गर्नु आवश्यक र अर्थपूर्ण भएको छ ।

## १.५ शोधको औचित्य

माधव घिमिरे नेपाली साहित्यमा गीतिनाटककारका रूपमा स्थापित छन् । उनका गीतिनाटकमा जीवन र जगत्सम्बन्धी चिन्तनको प्रभाव रहेको कुरा पूर्वकार्यको समीक्षाबाट पनि प्रस्ट भएको छ । माधव घिमिरेका गीतिनाटकमा जीवन र जगत्लाई अभिव्यक्त गर्ने वैचारिक स्रोतका रूपमा पूर्वीय दार्शनिकचिन्तन रहेको देखिन्छ । यिनका नाटकमा मानवीय प्रेम, सद्भाव, भ्रातृत्व, विश्वबन्धुत्व, मुक्ति, जन्म, पूर्वजन्म, पुनर्जन्मजस्ता विषयलाई वैचारिक पृष्ठभूमि बनाएको देखिन्छ । यस किसिमको जीवन र जगत्लाई हेर्ने वैचारिक दृष्टिकोणबाट गीतिनाटकको विश्लेषण गर्दा विश्लेष्य नाट्य कृतिहरूमा व्यक्तचिन्तन उद्घाटन हुने देखिन्छ । घिमिरेका नाटकहरूमा व्यक्त यस किसिमको वैचारिक पक्षलाई पूर्वीय दर्शनको कोणबाट विश्लेषण गर्दा गीतिनाटकमा व्यक्त भएको वैचारिक पक्ष र भावपक्षको उद्घाटन भएको छ । यसबाट दर्शनसम्बन्धी रुचि राख्ने जिज्ञासु पाठकहरू, शोधकर्ताहरू र विद्यार्थीहरू तथा पूर्वीय दर्शनमा रुचि राख्ने जो कोहीका लागि उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधप्रस्ताव माधव घिमिरेका प्रकाशित कृति *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी, बालकुमारी* गीतिनाटकमा व्यक्त पूर्वीय दर्शनले स्थापना गरेको जीवन र जगत्सम्बन्धी दृष्टिकोणमा केन्द्रित रहेको छ । यी नाटकहरूलाई पूर्वीय षड्दर्शनका मान्यतालाई आधार मानेर अध्ययन गरिएको छ । यहाँ पूर्वीय दर्शनअन्तर्गतका साङ्ख्यदर्शनको प्रकृति र पुरुषतत्त्व तथा वेदान्तदर्शनको जीवनसम्बन्धी ब्रह्म, ईश्वर, जीव, आत्मा, मोक्ष र कैवल्यको अध्ययन गरिएको छ भने जगत्सम्बन्धी सृष्टि, स्थिति र प्रलयको वैचारिकचिन्तनका आधारमा घिमिरेका गीतिनाटकहरूको अध्ययन गरिएको छ । माधव घिमिरेका सातवटा गीतिनाटकहरूमध्ये पाँचवटा गीतिनाटकमा जीवनजगत्सम्बन्धी प्रयोग सघन रूपले गरिएको छ । पूर्वीय दर्शनका दृष्टिले घिमिरेका यी पाँचवटा गीतिनाटकहरू महत्त्वपूर्ण भएकाले सोद्देश्यमूलक नमुना छनोट गरी यिनै पाँचवटा गीतिनाटकलाई शोधको सीमाङ्कन गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि उपयोग गरिएका सामग्रीहरूको सङ्कलन र विश्लेषणका विधिहरू यसप्रकार रहेका छन् :

### १.७.१ पाठसङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धका लागि आवश्यक सामग्रीसङ्कलन मूलतः पुस्तकालयीय कार्यका आधारमा गरिएको छ । यसमा माधव घिमिरेका गीतिनाटक *बालकुमारी, अश्वत्थामा, मालती मङ्गले, देउकी* र *शकुन्तला* नाटक प्राथमिक स्रोत सामग्रीका रूपमा प्रयोग गरिएका छन् । त्यसैगरी जीवन, जगत्, आत्मा, परमात्मा, मोक्ष, साधना, समाधि, जन्म, कर्म, भाग्य, पुनर्जन्म, पूर्वजन्मसम्बन्धी मान्यता तथा अवधारणाको निर्माण र सामग्री पुष्टिका लागि सङ्कलन गरिएका ग्रन्थहरू, पूर्वाध्ययनहरू, टिप्पणी, समीक्षा, समालोचनाहरू, शोधप्रबन्धहरू द्वितीय स्रोत सामग्रीका रूपमा प्रयोग गरिएका छन् ।

### १.७.२ पाठविश्लेषणको विधि

प्रस्तुत शोधकार्यका लागि सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि साङ्ख्यदर्शनका प्रकृति र पुरुष अनि वेदान्तदर्शनअन्तर्गतका ईश्वर, ब्रह्म, जगत्, आत्मा, परमात्मा, इहलोक, परलोकसम्बन्धी र मोक्षसम्बन्धी मान्यताहरूलाई उपयोग गरिएको छ । त्यसैले प्रस्तुत शोधकार्य मुख्य रूपमा निगमनात्मक विधिमा आधारित रहेको छ । यसमा पाठविश्लेषण विधि अवलम्बन गरी शोध्य विषयको सत्यापनद्वारा निष्कर्ष निकालिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : माधव घिमिरेको गीतिनाटकमा जीवात्मा र मोक्षचिन्तन

तेस्रो परिच्छेद : माधव घिमिरेका गीतिनाटकमा जगत्चिन्तन

चौथो परिच्छेद : माधव घिमिरेका गीतिनाटकमा ईश्वरचिन्तन

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# माधव घिमिरेको गीतिनाटकमा जीवात्मा र मोक्षचिन्तन

## २.१ विषयपरिचय

माधव घिमिरे स्वच्छन्दतावादी धाराका दार्शनिक चेतना भएका गीतिनाटककार हुन् । घिमिरेले आफ्ना गीतिनाटकमा जीवात्मा र मोक्षचिन्तनको प्रयोग भएको पाइन्छ । पूर्वीय षड्दर्शनको वैदिक वाङ्मय, सूत्रग्रन्थ र आख्यानशास्त्रहरूमा जीवात्माका सम्बन्धमा जे जस्ता चिन्तनहरू भए, ती सबै जीवात्मा चिन्तन हुन् । वेदान्तदर्शनको मुख्य विषय भनेको जीवात्मा चिन्तन नै हो किनकि यस जगत्को हर्ता, कर्ता, धर्ता र नियन्ता भनेको परमात्मा हो । यो सृष्टि जुन तत्त्वबाट बनेको छ, जसलाई यसले नियन्त्रण गरेको छ, जसले अन्त्य गर्दछ, जुन अजर छ, अमर छ, नित्य छ, शाश्वत छ, सर्वव्यापी छ, सर्वोपरि छ, त्यही तत्त्व नै जीवात्मा हो । जीवात्माको नियन्त्रणमा रहेको हुन्छ । यिनै शोध्य विषयका आधारमा घिमिरेका गीतिनाटकमा व्यक्त जीवनसम्बन्धी चिन्तनको खोजी गरिएको छ ।

घिमिरेले सत्, चित् र आनन्द स्वरूपमा समाहित हुनुलाई मोक्ष मानेका छन् । नाम लोप भई ब्रह्ममा समाहित हुनु, दुःखको निवृत्ति र परमानन्दको प्राप्ति हुनु, त्रिविध तापबाट मुक्ति हुनु, सुखदुःख, आनन्द सबैको समाप्तिलाई मोक्षका रूपमा गीतिनाटकमा प्रयोग गरेका छन् । बन्धनबाट मुक्तिको स्थिति हुनु, अज्ञानताको निवृत्ति हुनु, जन्ममृत्युको चक्र समाप्त हुनु र जीव र ब्रह्मको एकाकारिता हुनु मोक्ष हो भन्ने कुरा घिमिरेले व्यक्त गरेका छन् । यिनै शोध्य विषयलाई आधार बनाएर घिमिरेका गीतिनाटकमा जीवनसम्बन्धी चिन्तनको खोजी गरिएको छ ।

## २.२ जीवात्मा र मोक्षचिन्तनको दार्शनिक अवधारणा

पूर्वीय चिन्तन परम्परामा जीवतत्त्वलाई प्रायः सबै दर्शनले स्विकारेका छन् । संसारका मूलतत्त्वहरूमध्ये जीव, जगत् र ईश्वर तत्त्वत्रयको अवधारणालाई वेदान्तदर्शनले दृढतापूर्वक स्थापना गरेको छ । जीवलाई आत्मा र ब्रह्मका रूपमा पनि लिइएको छ । साङ्ख्यदर्शनले पुरुष तत्त्वलाई जीव मानेको देखिन्छ । यहाँ पूर्वीय दर्शनमा प्रतिपादित जीवनको स्वरूप, कार्य र लक्ष्यका बारेमा पाइने विविध

मान्यतालाई प्रस्तुत गरिएको छ । जीवो ब्रह्मैव नापरः अर्थात् जीव नै ब्रह्म हो । शरीर इन्द्रिय र मनरूप आवरणले जतिबेला आत्मालाई छोप्छ वा ढाक्छ, त्यतिबेला त्यस आत्मालाई जीव भनिन्छ (गिरी, २०५६, पृ. ५६) । जीव भनेको व्यावहारिक सत्ता हो र आत्मा भनेको पारमार्थिक सत्ता हो ।

मानिसलाई अविद्याको पर्दाले छोपेको छ, जबसम्म मानिसमा अविद्याका पर्दा हट्दैन, तबसम्म सच्चिदानन्द स्वरूप आत्मालाई पनि रोगी, दुःखी जीव मानिन्छ । जीव आत्माको आभासमात्र हो । जब आत्माको छाया अविद्यामा पर्छ, त्यतिबेला आत्मालाई जीव नामले पुकारिन्छ (गिरी, २०५६, पृ. ५६) । वेदान्तदर्शनले पाञ्चभौतिक शरीर र चैतन्य आत्माको योगलाई जीव भनेको छ । 'अयमात्मा ब्रह्म' (*बृहदारण्यकोपनिषद्*, २/५/१०) वाक्यले जीवलाई ब्रह्म मानेको छ । ब्रह्म भनेको जीव र ब्रह्मको एकाकार हो, आत्मा र ब्रह्मको एकाकार हो, बन्धनबाट मुक्ति र अविद्याको नाश हो र सत्, चित् र आनन्दमा समाहित हुनु हो । जीव व्यावहारिक सत्ता हो भने आत्मा पारमार्थी सत्ता हो । यही पारमार्थी सत्ताको परम रूप परमात्मा हो । सृष्टिका सम्पूर्ण पदार्थ आत्माका लागि भोग हुन् (*साङ्ख्यदर्शन*, २/११) । इन्द्रियद्वारा देख्न नसकिने तत्त्व नै आत्मा हो । आत्मा अगोचर छ, शब्द ब्रह्मको स्वरूप नै आत्मा हो । वेद विहित कर्मबाट आत्माको पहिचान भई ईश्वर र परमात्मासँग साक्षात्कार अवस्थामा पुग्नु कैवल्य अवस्था हो भनेको छ ।

'अहं ब्रह्मास्मि' म नै ब्रह्म हुँ, म नै आत्मा हुँ । 'म' लाई चिन्नु र बुझ्नु नै आत्मा हो । आत्मा अजर छ, अमर छ, नित्य छ, शाश्वत छ, सर्वव्यापी छ । वास्तवमा त्यही तत्त्व आत्मा हो । आत्मा भनेको पाञ्चभौतिक शरीर होइन, अविनाशी तत्त्व हो । पूर्वीय दर्शनहरूमध्ये वेदान्तदर्शनको मुख्यचिन्तन भनेको आत्माचिन्तन हो र वेदान्तदर्शनमा आत्मालाई ब्रह्म पनि भनिएको छ । वेदको तात्पर्यार्थ ब्रह्म, विद्या हो (खतिवडा, २०७४, पृ. ८) । जगत् र जीवको हर्ता, कर्ता, धर्ता र नियन्ता भनेको आत्मा, परमात्मा, ब्रह्म हो । वस्त्रको सर्वव्यापकतालाई प्रष्ट पार्दै यो जगत् ब्रह्म हो, आत्मा पनि ब्रह्म हो भनिएको छ । ब्रह्मबाट आकाश आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी, पृथ्वीबाट औषधी, औषधीबाट अन्न र अन्नबाट पुरुष तत्त्वको उत्पत्ति भयो (*तैत्तिरियोपनिषद्*, २/१) । *मुण्डकोपनिषद्*मा अक्षर ब्रह्मलाई आत्मा मानिएको छ । जसरी माकुराले आफ्नै

नाभिबाट उत्पन्न गरेर जाल बुन्दछ र ती रेसालाई पुनः आफ्नै नाभिबाट आफैँमा समाहित गर्दछ । जसरी पृथ्वीमा घाँस उत्पन्न हुन्छ र जीव शरीरमा रौँ उत्पन्न हुन्छ ।

उपनिषद् भनेको दर्शनको उद्‌गम स्रोत हो र सम्पूर्ण ज्ञानको भण्डार हो । उपनिषद्, ब्रह्मसूत्र र गीतालाई वेदान्तदर्शनको प्रवेश मार्गका रूपमा लिइएको छ । त्यसैले यसलाई प्रस्थानत्रयी पनि भनिन्छ । यही प्रस्थानत्रयीलाई आधार मानेर आदिशङ्कराचार्यले अद्वैतवादका आधारमा ब्रह्मविद्याको चिन्तन गरेका हुन् र आत्माको सत्यता, नित्यता, सर्वव्यापकता, सर्वोच्चता, अमरताको र सर्वोपरि तत्त्व नै आत्मा हो भनेका छन् । कठोपनिषद्‌मा भनिएको छ :

> एतद्धयेवाक्षरं ब्रह्म एतद्धयेवाक्षरं परम
> एतद्धयेवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत् ।
>
> (*कठोपनिषद्*, १/२/१६)

अर्थात् अक्षर नै ब्रह्म हो । मानिसले यसलाई बुझ्न सक्यो भने उसले जे पाउने इच्छा राख्दछ त्यो प्राप्त गर्दछ भनिएको छ ।

*कठोपनिषद्*मा लेखिएको वाक्यलाई *श्रीमद्‌भगवद्‌गीता*मा यसो भनिएको छ :

> नजायते म्रियते वा कदाचित्
> नायं भूत्वा भविता वा नभूयः
> अजोनित्यः शाश्वतोऽयं पुराणो
> न हन्यते हन्यमाने शरीरे (*श्रीमद्‌भगवद्‌गीता*, २/२०) ।
> नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः
> नचैनं क्लेदयन्त्यापो न शोषयति मारुतः
>
> (*श्रीमद्‌भगवद्‌गीता*, २/२३)

अर्थात् आत्मा स्वतःनिर्मित हो । आत्मा न कहिल्यै उत्पन्न हुन्छ, न कहिल्यै मर्छ, न अन्य पदार्थबाट नै बनेको हो । आत्मा अजन्मा, नित्य, शाश्वत, पुरातन, अजर, अमर, अविनाशी छ । शरीर मरेर जान्छ तर आत्मा मर्दैन । जीव त आत्माको वस्त्र मात्र हो ।

*छान्दोग्योपनिषद्*मा पनि ब्रह्म, आत्माका सम्बन्धमा यसो भनिएको छ :

अर्थात् एउटा माटोको डल्लालाई जानेपछि माटोबाट बनेका सबै चिज माटो नै हो भन्ने बुझिन्छ त्यसैगरी ब्रह्मलाई जानेपछि यो जगत् पनि ब्रह्मको रूप हो भन्ने बुझिन्छ । *माण्डुक्योपनिषद*मा ॐकारलाई ब्रह्मको रूपमा लिइएको छ । यो

एउटा अक्षर ॐ नै सबै काल र तिनका सबै वस्तु हुन् भनिएको छ । ब्रह्म नै जगत् हो, आत्मा हो र ईश्वर हो । ब्रह्मको स्वरूपलाई ब्रह्मसत्य, ज्ञानस्वरूप र अनन्त मानिएको छ । ब्रह्मसूत्रमा "जन्माद्यस्य यतः" भनेर ब्रह्मलाई जगत्को, सृष्टि, स्थिति र प्रलयको कारण बताइएको छ (*ब्रह्मसूत्र,* १/१/२) ।

मनुष्यरूपी पीपलको वृक्षमा जीवात्मा र परमात्मा रूपी दुई पंक्षी हृदयरूपी गुँडभित्र सँगै निवास गर्छन् । यी दुईमध्ये जीवात्मा र त्यस वृक्षको फलका रूपमा आफ्नो कर्मफल भोग गर्दछ भने परमात्मा ती कर्मफलमा कुनै पनि प्रकारको सम्बन्ध नजोडी असम्पृक्त रही हेर्दछ भन्ने मान्नेता पाइन्छ (*स्वेताश्वतरोपनिषद्,* २०६०, पृ. २३९) तर *कठोपनिषद्,* १/२/२८ र *माण्डुक्योपनिषद्,* ४/७१ मा जन्म भनेको आत्माको शरीरसँगको सम्बन्ध हो भने मृत्यु वियोग हो भनिएको छ । आत्माले शरीर ग्रहण गर्नु जन्म हो भनिएको छ । उपनिषद्कै धारणालाई गीताले 'न जायते मृयते वा कदाचित्' भनेर आत्माको अमरत्वको पुष्टि गरेको छ । गरुडपुराण, श्रीमद्भागवत महापुराणमा जन्ममृत्यु, स्वर्गनरक, कर्मभाग्यमा विस्तृत विमर्श भएको छ । वेदान्तदर्शनले जीवले गरेका कर्मफल समाप्त नहुन्जेल जीव शरीर धारणा गरेर यस संसारमा आगमन गरिरहने प्रक्रिया नै जन्म भएको विचार अघि सारेको छ । वेदान्तदर्शनले स्थूल र सूक्ष्म शरीरको कल्पना गरेको छ । वेदान्तदर्शनले जीव सूक्ष्म शरीर लिएर जन्म लिन्छ भने सूक्ष्म शरीर लिएर अनेक लोक भोग गर्न जान्छ भनेको छ । शङ्कराचार्यले 'पुनरपि जननं पुनरपि मरणं' भन्दै जन्ममृत्युको अनन्त शृङ्खलाको वर्णन गरेका छन् । रामानुजाचार्य र पश्चवर्ती अन्य वैष्णवाचार्यहरूले जन्ममृत्युलाई समन्वय मानेर यसबाट छुट्ने मोक्ष मार्गरूप शरणागतिको मार्ग खोजेका छन् । जीवका कर्मवासना कहिल्यै नसकिने भए पनि ईश्वरको अहैतुकी कृपाबाट मानव जन्म, पुनर्जन्मबाट मुक्त हुनसक्छ भन्ने ती आचार्यहरूको धारणा हो । वेदान्तदर्शनमा आधारित भएर दयानन्द सरस्वती, रामकृष्ण परंहस, स्वामी विवेकानन्द, अरविन्द, जे कृष्णमूर्ति, राधाकृष्णन आदिले जन्म, पूर्वजन्म र पुनर्जन्मसम्बन्धी पुनर्व्याख्या गरेको पाइन्छ ।

यसरी जीव, जीवात्मा, ब्रह्म वा परमात्मामा विलिन हुनु सच्चिदानन्दको अवस्थामा पुग्नु हो । विदेहमुक्तिपश्चात् जीवले जन्ममृत्युको भवचक्रमा घुमिरहनु पर्दैन । त्यसैले जीवात्माको सत्य र नित्यता, जीवात्माको सर्वोच्चता र सर्वव्यापकता र जीवात्माको अद्वैततासम्बन्धी दार्शनिक चिन्तनको आधार बनाइएको छ ।

वेदान्तदर्शनले जीव र ब्रह्मको एकाकार हुनु नै मोक्ष हो भनेको छ । ब्रह्म आनन्दमय भएकाले मोक्ष पनि आनन्दमय हुन्छ । अविद्याबाट सांसारिक जीवन नै बन्धनमा पर्छ र त्यसरी सांसारिकतामा पर्नु बन्धन हो र सबै किसिमका बन्धनबाट मुक्ति पाउनु मोक्ष हो । मुक्तः प्रतिज्ञानात् (*ब्रह्मसूत्र,* ४/४/२) तसर्थ बन्धन मुक्तिको स्थिति र अविद्याको अभाव नै मोक्ष हो । वेदान्तदर्शनका अनुसार बन्धनमुक्ति र अविद्याको नाश नै मोक्ष हो र सच्चिदानन्दस्वरूपमा समाहित हुनु मोक्ष हो ।

मोक्षका बारेमा विभिन्न ग्रन्थमा विभिन्न किसिमले मोक्षलाई परिभाषित गरिएको छ । वेदमा अनेक प्रमाण छन् । आनन्दं ब्रह्मणो विद्वान् (*तैत्तिरियोपनिषद्,* २/४), सच्चिदानन्दं ब्रह्म (*तैत्तिरियोपनिषद्,* २/५), आनन्दो (*तैत्तिरियोपनिषद्,* २/६), विज्ञानमानन्दं ब्रह्म (*बृहदारण्यकोपनिषद्,* ३/९/२९) । ब्रह्म भनेर ब्रह्मलाई जान्न सकिन्छ (*मुण्डकोपनिषद्,* ३/२/९) । जसले ॐ कारलाई जान्दछ, बुझ्दछ त्यो नै मोक्ष हो (*कठोपनिषद्,* २/३/८) । वासनाको क्षय नै मोक्ष हो । अहं ब्रह्मास्मि (*बृहदारण्यकोपनिषद्,* १/४/१०) म नै ब्रह्म हुँ । ब्रह्मलाई जान्नु र शोकबाट पार हुनु नै मुक्तिको स्वरूप हो (*कठोपनिषद्,* १/२/१६) । *माण्डुक्योपनिषद्*मा आत्माको जागृत, स्वप्न, सुषुप्ति र तुरीय चार अवस्था मानिएको छ र तुरीय अवस्थालाई आत्मा र परमात्माको सहभाव नै मोक्षको अवस्था हो भनिएको छ (*माण्डुक्योपनिषद्,* ११) । मोक्ष भनेको सबै किसिमका बन्धनबाटरहित मुक्तावस्था हो (*ब्रह्मसूत्र,* ४/४/२) । जुन ज्ञान प्राप्त गरिसकेपछि बाँकी रहँदैन, त्यो आत्मज्ञान नै मोक्ष हो (*श्रीमद्भगवद्गीता,* ७/२) ।

> स यो ह वै तत्परमं ब्रह्मविद् ब्रह्मैव भवति (३/२/९) ।
> अर्थात् जसले ब्रह्मलाई जान्दछ, त्यो स्वयं ब्रह्म हो ।

उपनिषद्मा मोक्षका सन्दर्भमा निम्नलिखित कुरा व्यक्त गरिएको छ :

जसरी बगिरहेका नदीहरू समुद्रमा पुगेपछि आफ्नो नाम र पृथक् रूपलाई बिर्सन्छन्, त्यसरी नै ज्ञानी पनि आफ्नो नाम र रूपबाट मुक्त भएर परम शक्तिका साथ तादात्म्य ग्रहण गर्छ, त्यौ नै मोक्ष हो (*मुण्डकोपनिषद्,* ३/२/८) । जसरी माहुरीले भिन्नाभिन्नै वनस्पतिबाट रस निकालेर महमा परिणत गर्छ र त्यो मह कुन वृक्षको रस हो भनेर छुट्याउन सक्दैन । त्यसरी नै मानिसले मोक्ष प्राप्त गरेपछि ब्रह्ममय हुन्छ, त्यो नै मोक्ष हो । सत्त्वप्रअषयोः शुचिसाम्ये कैवल्यम्

(*योगदर्शन,* ३/५५) । योगदर्शनले चित्तवृत्तिको निरोध भइसकेपछि केवल बीजहरू समाधिस्थिति मात्र बाँकी रहन्छ, त्यो नै मोक्ष हो (*योगदर्शन,* १/५१) । न्यायदर्शनले मोक्षका स्थितिमा बाह्य विषयहरूबाट मुक्तात्मा टाढा रहन्छ, त्यो नै मोक्ष हो भनेको छ । अपवर्गेऽप्येवं प्रसङ्ग (*न्यायदर्शन,* ४/२/२३) । जड् चेतन अर्थात् प्रकृति र पुरुषलाई नबुझेपछि देह र आत्मालाई बुझ्न सकिँदैन र मोक्ष प्राप्त हुँदैन । त्रिविध दुःखको निवृत्ति मोक्ष हो । वेदान्तदर्शनले जीव र ब्रह्मको एकाकार हुनु नै मोक्ष मानेको छ । ब्रह्म आनन्दमय भएकाले मोक्ष पनि आनन्दमय हुन्छ । वेदान्तदर्शनमा मोक्ष प्राप्तिका लागि साधनचतुष्ट्य आवश्यक मानिएको छ । नित्य र अनित्य पदार्थको भेद गर्न सक्ने लौकिक वा पारलौकिक, भोग र कामना परित्याग हो । शम, दम, श्रद्धा, समाधान, उपरति, तितिक्षा आदि साधनाले युक्त हुनु र मोक्ष प्राप्तिका लागि दृढ इच्छाशक्ति र सङ्कल्प पैदा गर्नुलाई साधन चतुष्ट्य भनिएको छ (गौतम, २०७८, पृ. १०२) । यिनै उल्लिखित ग्रन्थ र दार्शनिकका सिद्धान्त र विचारका आधारमा कृतिमा मोक्ष चिन्तनको खोजी गरिएको छ ।

मोक्षका विषयमा जेजस्ता धारणा पाइए पनि मोक्षलाई दासता मुक्ति, बन्धनबाट मुक्ति, अविद्याको नास भएर सच्चिदानन्दस्वरूपमा समाहित हुनुलाई मोक्षसम्बन्धी दार्शनिक अवधारणा बनाइएको छ ।

## २.३ माधव घिमिरेका गीतिनाटकमा जीवात्मा चिन्तन

घिमिरेका गीतिनाटकमा जीवात्मा चिन्तन पाइन्छ । घिमिरेले जीव र आत्मालाई एकाकारिताका रूपमा स्वीकार गरेका छन् । घिमिरेले जीवमा रहेको आत्मालाई सत्यता र नित्यताका रूपमा सर्वव्यापकता र सर्वोच्चताका रूपमा र अद्वैतताका रूपमा स्वीकारेको देखिन्छ । यहाँ घिमिरेका गीतिनाटकमा व्याप्त जीव र आत्मासम्बन्धी धारणालाई विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### २.३.१ जीवात्माको सत्यता र नित्यता

माधव घिमिरेद्वारा लिखित *शकुन्तला* गीतिनाटकमा आत्माको सत्यता र नित्यताको चित्रण गरिएको छ । राजा दुष्यन्तसँगको रतिरागात्मक मिलन पीडाबोधमा परिणत भएको छ । त्यतिबेला दुष्यन्त शकुन्ताला भन्दा टाढा भए पनि

शकुन्तलाको मन दुष्यन्तसँग भएको कुरा शकुन्तलाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

यात्री त्यो वनको फूल छोएर मात्र जान्छ कि
जिन्दगी वनबालाको रोएर मात्र जान्छ कि । (३/२५)

शकुन्तलाको चिन्तनको विषय राजा दुष्यन्तसँगको रतिरागात्मक मिलन नै हो । गीतिनाटक आरम्भ हुनु अघि पूर्वरङ्गअन्तर्गत सिकारीको भेषमा आएका सूत्रधार र उसको सहचरद्वारा दुष्यन्तले बिर्से पनि शकुन्तलाले पर्खिरहने कुराको घिमिरेले उल्लेख गरेका छन् । प्रस्तुत गीतिनाटकमा मङ्गलाचरणअन्तर्गत विशाल धर्ती शकुन्तला र दुष्यन्तको महामिलनको थलो बनोस् भन्ने आशीर्वादात्मक वचन प्रयोग गरिएको छ । यसबाट प्रस्ट हुन्छ कि यात्री बनेर आएको दुष्यन्तले सृष्टिको फक्रदै गरेको फूललाई जीवनभरि रुवाउँछ कि भन्ने पीडाबोध देखाइए पनि अन्ततः संयोगमा जीवनको यात्रा अघि बढेको छ । वास्तवमा अविद्या नै दुःख हो, आत्मालाई अनिष्ट गर्ने तत्त्व नै दुःख हो । दुःखको अनुभूति केवल आत्माले गरेको हुन्छ । सांसारिक भौतिक विषय नै दुःखको कारण हो । अविद्याका कारणले नै मानिस माया वा सांसारिक प्रपञ्चमा फस्छ र संसार नै यही हो भन्ने ठान्दछ । जीवन सुखदुःखको चक्रमा घुमिरहन्छ । पूर्वजन्मको कर्मको फल नभोगेसम्म जीवात्मा चक्र यसैगरी घुमिरहन्छ । शकुन्तला र दुष्यन्तको जीवन चक्र पनि यसैगरी घुमिरहेको छ । त्यसैले जीवात्माको जुन तत्त्व भूत, वर्तमान र भविष्यत् कालमा घुमिरहन्छ, त्यो नै सत्य हो, त्यो नै नित्य हो । यही कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय दर्शनको जीवात्मा चिन्तनको चित्रण गरिएको छ । घिमिरेद्वारा लिखित मालती मङ्गले नाटकका केन्द्रीय पात्र हुन् । कमारा कमारीको रूपमा बसेका मालती र मङ्गलेको पवित्र र महान् प्रेमलाई वियोगमा धकेलिएको छ । त्यतिबेला दुई शरीर अलगअलग भएका छन् । त्यही बेला मालतीले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरालाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

आफैंले रक्षे गर है राजै ! यो आफ्नो सिन्दूर । (४/२१)

पति मङ्गले बेचिएपछि मालती पनि बेचिएर मङ्गलेसँगै जान चाहन्छे । सबैसँग अनुनयविनय गरेकी छ । चारैतिरबाट निराश भएकी छ र कारुणिक भावमा

उक्त नाट्यांशको कथन बोलेकी छ । मालती र मङ्गलेको रूप, गुण मिलेका दौँतरी हुन् । मालती र मङ्गलेको शरीर अलगअलग भए पनि उनीहरूको आत्मासँगै छ । बेचिएको कमारो मङ्गले पनि पलपलमा मालतीलाई सम्झेर मुरली बजाउँछ । यता मालती पनि मङ्गलेकै चित्र मनमा सजाएर बसेकी हुन्छे । आफ्नै मालिक गोसाईंमाथि उसलाई शङ्काउपशङ्का छ । त्यसैले मेरो सिन्दूरको रक्षा गर है भनेर मालतीले मङ्गलेलाई भनेकी छ । शरीर मरे पनि आत्मा, विचार मर्दैन । मर्नलाई सास जानु पनि पर्दैन । बिना अर्थको जीवन मरेतुल्य हुन्छ । त्यसैले काम, क्रोध, लोभ, मोह र भय जस्ता असत् वृत्तिलाई जितेर सत्कर्म र सत्य निष्ठाप्रति अटल आस्था राख्नुपर्छ भन्ने आशय मालतीमा रहेको छ । त्यसैले आत्मा अदाह्य, अच्छेद्य, अशेष्य र अव्यय हो । आत्मा अद्वैत हो द्वैत होइन भन्ने कुरा *मालती मङ्गले* गीतिनाटकमा पाइन्छ र *मालती मङ्गले* गीतिनाटकमा जीवात्माको सत्यता र नित्यतालाई घिमिरले प्रयोग गरेका छन् ।

घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा जीवको आत्माको सत्यता र नित्यतालाई प्रयोग गरेका छन् । आत्मा सर्वोच्च सत्ता हो । यो जीवात्माको हर्ता, कर्ता, धर्ता र नियन्ता नै आत्मा हो । आत्मा सर्वशक्तिमान, सर्वव्यापी, सर्वज्ञ चेतन सत्ता हो, जसको प्रयोग घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा गरेका छन् । ब्राह्मणपुत्र अश्वत्थामाले युद्ध अपराध गरेपछि शान्तिको खोजीमा हिँडेको छ । अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा आत्माको सत्यता र नित्यतालाई व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

> मारेँ दुश्मनका छोरा जो थिए मस्त नीदमै
> व्याधाले नीदका पन्छी मारे झैँ न्यानु नीदमै
> गर्भमा शत्रुनारीको त्यो राँको झोस्न निस्किएँ
> मान्छे भएर मान्छेकै भविष्य मास्न निस्किएँ । (७/७०)

अश्वत्थामाले निहत्था योद्धामाथि र गर्भवती नारीको गर्भमै पनि ब्रह्मास्त्र प्रयोग गरेर मानव इतिहासकै अन्त्य गर्ने प्रयास गरेको छ । अश्वत्थामाको विवेकको मणि अर्जुनले निकालिदिएपछि अश्वत्थामामा ज्ञानको बीजारोपण भएको छ । अश्वत्थामा शान्तिको खोजीमा हिँडेको छ । अश्वत्थामा युद्ध अपराधको पीडाबोधले ग्रस्त छ । अश्वत्थामा आत्मिक शान्तिका लागि भौतारिएर चारै दिशा हिँडेको छ किनकि शरीर र आत्मा भिन्नभिन्न रूप हुन् । जीव दृश्य रूप हो भने आत्मा अदृश्य

सर्वशक्तिमान रूप हो । जीवका इन्द्रियलाई यही आत्माले नियन्त्रण गरेको हुन्छ । सृष्टि प्रक्रियालाई नै चुनौति दिएको अश्वत्थामा अनन्त शान्तिको मार्गमा हिँडेको छ तर उसलाई असह्य पीडामा बाँचेको छ । आत्मा स्वतन्त्र हो, नित्य हो, सत्य हो । मन, बुद्धि र अहङ्कारभन्दा परको तत्त्व हो । आत्मा नित्य, सर्वव्यापी, चेतनको आधार हो । आत्माको ज्ञान मानसपटलबाट प्रत्यक्ष हुन्छ । ईश्वरको सगुण उपासना धर्म हो र यसैबाट निर्गुण उपासनामा पुगी ब्रह्मलाई जान्न सकिने हुँदा अश्वत्थामा ब्रह्मज्ञानका लागि चारैतिर भौतारिरहेको छ । यही कुरालाई घिमिरेले देखाएका छन् ।

घिमिरेको *देउकी* गीतिनाटकमा जीवात्मा चिन्तनको चित्रण गरिएको छ । आत्माको सत्यता र नित्यतालाई *देउकी* गीतिनाटकमा सफल रूपमा प्रयोग भएको छ । आत्मा जीवका लागि कर्ता, हर्ता, धर्ता र नियन्ता हो । मानिसले जीवनमा जे जस्ता सत्कर्म र असत् कर्म गर्छ, त्यो आत्माले सिकाएको पाठ हो । प्रस्तुत गीतिनाटकमा भएकी नायिका मल्लिका जन्मले मानव कुलमा जन्मिएकी अभागी नारी हो, भाग्यले ठगिएकी नारी हो । नचाहँदा नचाहँदै पनि पशुवलिजस्तै मानववलि दिइएकी नारी हो । उसले चाहेर पनि भौतिक सुखसयलमा आउन सक्दिनँ यसै परिवेशमा मल्लिकाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रकट गरेका छन् :

मर्न भनी हिँडेथेँ बाटो छेक्यो छायाले
हैन ज्यानको मायाले, फर्के तिम्रो मायाले
छोए पनि हातले मनले छुन बाँकी यो
तिमीलाई सुम्पिएँ जोवन आज राति यो । (५ ⁄ ३२)

जीवनबाट मुक्त हुनका लागि सदाका लागि समाधिमा लीन हुन हिँडेकी देउकीको मनमा अर्जुनको यादले मर्न सक्दिन । भौतिक जीवनलाई सुखको संसार परिकल्पना गर्दै अर्जुनलाई आफ्नो शरीर समर्पण गर्छे । आफ्नो कौमार्य अर्जुनलाई सुम्पिन्छे । यसबाट प्रस्ट हुन्छ कि आत्माले शरीरलाई जता निर्देश गऱ्यो, शरीर त्यही गर्न बाध्य हुन्छ । जीव र आत्मामा कार्य र कारणको सम्बन्ध रहेको छ । इन्द्रियका विषय उपभोग गर्ने भनेकै आत्मा हो । आत्माको ज्ञान मानसपटलबाट प्रत्यक्ष बोध हुन्छ । आत्माको स्वरूप शुद्ध चेतना हो र यसको बासस्थान शरीर हो । यसरी जीव र आत्मालाई सर्वव्यापी, अनादि, नित्य, ज्ञाता, मन, बुद्धि र इन्द्रियभन्दा परको चैतन्य स्वरूप हो, सर्वज्ञ हो, पारमार्थिक सत्ता हो । यसरी घिमिरेले *देउकी* गीतिनाटकमा जीवात्मालाई सत्यता र नित्यताका रूपमा सफल प्रयोग गरेका छन् ।

घिमिरेले *बालकुमारी* गीतिनाटकमा पूर्वीय दर्शनले व्यापक रूपमा स्वीकार गरेको, जीवात्माको प्रयोगको चित्रण गरिएको छ । आत्मालाई घिमिरेले सत्यता र नित्यताका रूपमा प्रयोग गरेका छन् । अविद्या नै दुःख हो र आत्मालाई अनिष्ट गर्ने तत्त्व नै दुःख हो । सांसारिक भौतिक विषय नै दुःख हो । अशुभ कर्मतिर प्रवृत्त हुनाले दुःख प्राप्त हुन्छ । अविद्याका कारण नै मानिस माया वा सांसारिक प्रपञ्चमा फस्छ र जीवनमरणको चक्रमा घुमिरहन्छ । प्रस्तुत *बालकुमारी* गीतिनाटककी नायिका सांसारिक प्रपञ्चमा फसेर जीवन र मरणको चक्रमा घुमिरहेकी छ । नायिका बालकुमारीको वास्तविक जीवन बुझेपछि उत्तरकुमारका माध्यमद्वारा व्यक्त भएको नाट्यांश घिमिरेले यसरी देखाएका छन् :

नारीभित्र नर कुनै अमर भै जागे झैँ
क्वै निस्कन लागे पनि त्यही निस्क लागे झैँ
पर्न हुन्न भ्रान्तिमा झिस्मिसेको वेला यो
एक्लै एक्लै हिँड्छ रे यात्री एक्ला यो । (४/२५)

नायिका बालकुमारी र उत्तरकुमारलाई एकै ठाउँमा देखेकी नन्दले भाउजूको क्रियाकलापमाथि शङ्काउपशङ्का गरेकी छ । साधुजस्ती विधवा बुहारीलाई सधवा भेषमा देख्दा परिवारका सबै सदस्य आश्चर्यमा परेका छन् । पति शिवशङ्करको मृत्युले विधवा भएर पीडादायी जीवन बिताउँदा सपनामा आकाशवाणी भएको सुन्नु र नारी सजावट वस्त्रमा उत्तरकुमारसँग देखिनु जीवात्माको सत्यता र नित्यता नै हो । आत्माले जीवलाई परिवर्तन हुने चोलाका रूपमा लिन्छ । आत्माले शरीरलाई एउटा बस्ने घरका रूपमा लिन्छ । जीवात्मामा रहेको सर्वव्यापी आत्माले जे निर्देश गर्दछ, मानिसले त्यही कर्म भोग्नुपर्दछ । यस गीतिनाटककी नायिका बालकुमारीले पनि आत्माले निदृष्ट गरेको कुरा भोगिरहेकी छ । त्यसैले आत्मालाई सत्यता र नित्यताका रूपमा घिमिरेले *बालकुमारी* गीतिनाटकमा प्रयोग गरेका छन् ।

घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनको जीवात्माको सत्यता र नित्यतासम्बन्धी गहिरो प्रभाव परेको देखिन्छ । जीवात्माको हर्ता, कर्ता, धर्ता र नियन्ता आत्मा रहेको कुरालाई घिमिरेले गीतिनाटकमा स्वीकार गरेका छन् । आत्मा सर्वशक्तिमान्, शाश्वत, सर्वव्यापी रहेको कुरा घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले देखाएका छन् ।

### २.३.२ जीवात्माको सर्वव्यापकता र सर्वोच्चता

घिमिरेद्वारा लिखित *शकुन्तला* गीतिनाटक दर्शनमा आधारित एक सफल गीतिनाटक हो । पूर्वीय दर्शनले अवलम्बन गरेको जीवात्माको सर्वव्यापकता र सर्वोच्चता *शकुन्तला* गीतिनाटकमा चित्रण गरिएको छ । प्रस्तुत *शकुन्तला* गीतिनाटकमा प्राचीन वन संस्कृति र वर्तमान सहरी सभ्यताको प्रतिनिधित्व गरेका शकुन्तला र राजा दुष्यन्तको मिलनबाट दुई जीवात्माको मिलन भएको घिमिरेले देखाइएका छन् । यसको पृष्ठभूमिमा शकुन्तलाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

> यो मेरो दिलमा के छ सकिन मुखले भनी
> एक जीवनले हैन लाख जीवनले पनि (६/४९)

पति दुष्यन्तबाट त्यागिएपछि शकुन्तला जमुना नदीको किनारमा रोएर बसेकी छन् । यतिबेला दुष्यन्तको देवदूतलाई उजागर गरिएको छ । दुष्यन्तले पश्चाताप गर्दै जमुना किनारमा रोइरहेकी शकुन्तलासामु आफ्नो गल्तीप्रति क्षमायाचना गर्छ । यी दुई जीवको आत्मा एकाकार हुन पुग्छ । दिलमा कसैले नदेख्ने गरी बसेको मायालाई मुखले व्यक्त गर्न सक्दैन । एक जीवनले मात्र होइन, लाखौँ जीवनले पनि बिर्सन सक्तैन भनेर शकुन्तलाले नाट्यांशद्वारा व्यक्त गरेकी छ । जीवन पञ्चतत्त्वमा मिल्दछ तर आत्मा कहिल्यै मर्दैन । आत्माको सत्यता, आत्माको नित्यता, आत्माका अद्वैतता, आत्माको सर्वव्यापकता, आत्माको सर्वोच्चता, आत्माको अमरताले विद्या प्राप्त हुन्छ र त्यो विद्या युगयुगसम्म रहिरहन्छ भन्दै घिमिरेले पूर्वीय षड्दर्शनले अध्ययन गरेर प्रतिपादन गरेको आत्माको सर्वव्यापकता र आत्माको सर्वोच्चतालई *शकुन्तला* गीतिनाटकमा प्रयोग गरेका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय दर्शनले स्थापना गरेको जीवात्मा चिन्तनको चित्रण गरिएको छ । घिमिरेले यस गीतिनाटकमा आत्माको सर्वोच्चता र आत्माको सर्वव्यापकतालाई सफल रूपमा प्रयोग गरेका छन् । आत्मा ब्रह्म हो र ब्रह्म नै आत्मा हो । आत्मा अविनाशी, अदृश्य तत्त्व हो । साह्रा ब्रह्माण्डका जीवको निर्देशक हो । आत्माले जलचर, थलचर, उभयचर सबै प्राणीलाई आफ्नो नियन्त्रणमा राखेको छ । यही आत्माको सर्वव्यापकता र सर्वोच्चतालाई घिमिरेले सफल रूपमा प्रयोग गरेका छन् । *मालती मङ्गले* गीतिनाटकमा बेचिएको कमारो मङ्गलेले

रानीले गरेको दया देखेर नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

आमा हो आमा हो ! रुन्छु पाउ समाती
के दया भयो नि ! दुखिया मैमाथि ।
के जादु गऱ्यौ नि ! करिया मैमाथि । (६/४०)

वास्तवमा दया पनि मायाकै विस्तारित रूप हो । दया भावनाबाटै न्यायदृष्टिको उदय हुन्छ । मङ्गलेले आफ्नो मुक्तिको सपना देखेको थिएन । अनायसै आमाजस्ती रानीको करुणा, माया तथा वात्सल्यभाव पाएर कमारो मङ्गले र कमारी मालती दासताबाट मुक्त हुने अवसर पाएको छ र रानीलाई श्रद्धाभाव व्यक्त गर्दै पाउ समातेर रोएको छ । अर्थात् दुई अलगअलग जीवको आत्माको पुनर्मिलन हुन पुगेको छ । यसबाट प्रमाणित हुन्छ कि हरेक जीवात्मामा ईश्वर बसेको छ । यही आत्मा नै हर्ता, कर्ता, धर्ता हो । जीवको नियन्त्रक हो । जीवलाई सुखबाट दुःखमा र दुःखबाट सुखमा मिलन गराउने सर्वशक्तिमान् तत्त्व आत्मा हो । आत्माको अर्थात् आत्मचिन्तनको सत्यता, नित्यता, सर्वव्यापकता, सर्वोच्चता, अजरता, अमरता, अद्वैततासम्बन्धी पूर्वीय दर्शनका मान्यतालाई घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा प्रयोग गरेका छन् ।

*अश्वत्थामा* गीतिनाटक पौराणिक विषयवस्तु भएको गीतिनाटक हो । उक्त गीतिनाटकमा घिमिरेले पूर्वीय षड्दर्शनले प्रतिपादन गरेको जीवात्मा चिन्तनको चित्रण गरेका छन् । आत्मालाई पूर्वीय दर्शनले सर्वव्यापकताका रूपमा सर्वोच्चताका रूपमा, सत्यताका रूपमा, नित्यताका रूपमा, अविनाशी तत्त्वका रूपमा, अदृश्य तत्त्वका रूपमा, हर्ता, कर्ता, धर्ता र नियन्ताका रूपमा विश्वास गरेको छ । त्यही सगुण आत्माको प्रयोग घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा गरेका छन् । महाभारतको पात्र अश्वत्थामालाई आधार बनाएर लेखिएको उक्त गीतिनाटकमा वर्तमान विश्वमा व्याप्त युद्ध, महायुद्धबाट कसैलाई लाभ हुँदैन र हानि मात्र हुन्छ भन्ने कुरा नाटककारले देखाएका छन् । अहिलेको विश्वमा देखिएका युद्धजन्य अपराधबाट सम्पूर्ण मानव समुदाय प्रताडित भएकाले युद्ध अपराध रोकिनुपर्छ र युद्ध अपराधीहरू अन्त्यमा पश्चातापमा पर्छन् र शान्तिको खोजीमा भौतारिन्छन् । यहाँ युद्ध अपराधी अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

यस पर्वतमा बस्ता बल्ल विश्राम पाउँछु
युद्धले ध्वस्त धर्तीमा शान्तिको धाम पाउँछु
विष प्युँथे यतिन्जल अब अमृत प्यूँदछु
मृत्यु ज्यूँथे यतिञ्जेल अब जीवन ज्यूँदछु । (२/१५)

युद्ध अपराधी अश्वत्थामा शान्तिको खोजीमा हिँडेको छ । पर्वतमाथि निर्मल बराह पोखरीको डिलमा बस्दा अपार आनन्द भएको महसुस गरेको छ । अश्वत्थामाले आफ्नै गल्तीका कारण पीडाको अनुभूति सँगालेको छ । अश्वत्थामाले युद्धका बेला आवेगमा आएर सुतेका बालकमाथि आग्नेयअस्त्र प्रयोग गरेको छ । हिजोसम्म विषय पिएर बाँचेको अश्वत्थामा आज अमृत पिएर बाँचिरहेको छ । यसबाट प्रमाणित हुन्छ कि जीवको नियन्ता भनेको आत्मा हो । आत्माको सत्यताले, नित्यताले, अमरताले सर्वव्यापकताले र आत्माको सर्वोच्चताले युद्ध अपराधी अश्वत्थामा दानवबाट मानव बनेको छ । मन र मस्तिष्कमा लाखौँ पीडाका भारी बोकेर हिँड्न विवश भएको छ । यही कुरालाई घिमिरेले देखाएका छन् ।

*देउकी* गीतिनाटक सामाजिक गीतिनाटक हो । *देउकी* गीतिनाटकमा पूर्वीयषड्दर्शनले प्रतिपादन गरेको जीवात्माको चित्रण गरिएको छ । आत्माको घर भनेको शरीर हो । यही शरीरमा आत्माले वास गरेको हुन्छ । इन्द्रिय नियन्त्रण गरेको हुन्छ । आत्मालाई सर्वव्यापकता र सर्वोच्चता मानिएको छ । आत्मा अजन्मा हो, हर्ता, कर्ता, धर्ता र नियन्ता हो । घिमिरेले यही आत्माको सर्वव्यापकता र सर्वोच्चतालाई *देउकी* गीतिनाटकमा प्रयोग गरेका छन् । *देउकी* गीतिनाटककी नायिका मल्लिकालाई छलले, बलले, करले देउकी बन्न बाध्य पारिएको छ । यौवनावस्थामा उसको मन अर्जुनसित गएको छ । तत्क्षण आफू देउकी भएको कुरा भुलेकी छ । मल्लिकाले गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रकट गरेका छन् :

वैंस छोई छाप लायौ आज रातिदेखि
मेरो यही छातीभित्र आफ्नो मूर्ति लेखी
चन्द्र तारा साक्षी राखी लगाएको पीर्ति । (५/३५)

मल्लिकाले जुन तारालाई साक्षी राखेर अर्जुनलाई सदा मुटुमा राख्ने निर्णय लिएकी छ । मल्लिकाको कुमारीपन नारीमा साटिएको छ । सिन्दूर, पोते र सारी लाएकी मल्लिका यतिमै सीमित हुन पुग्छे । यही आत्माको सर्वव्यापकतालाई यही आत्माको सर्वोच्चतालाई चित्रण गरिएको छ । त्यागी, आदर्शमयी र शाश्वत प्रेमले

भरिपूर्ण नायिका मल्लिकाको सपना सपनामै मात्र सीमित रहेको छ । जीवले बन्धन र दुःखको सामना गर्नुपर्छ । यहाँ मल्लिकाले जीवनभर नै दुःख भोगेकी छ । यो उसको पूर्वजन्मको कर्मको फलका रूपमा देखाइएको छ । जीवलाई सुखदुःखको संसारमा डोऱ्याउने भनेकै आत्मा तत्त्व हो । यही आत्मा तत्त्वको निर्देशन र नियन्त्रणमा जीवन चलायमान भइरहन्छ । शरीर र आत्माको एकीकृत रूप नै जीव हो र जीव झुठो हो र आत्मा सत्य र नित्य हो भन्दै आत्माको सर्वव्यापकता र सर्वोच्चताका आधारमा *देउकी* गीतिनाटकमा घिमिरेले देखाएका छन् ।

*बालकुमारी* गीतिनाटक सामाजिक गीतिनाटक हो । घिमिरेले यस गीतिनाटकमा पूर्वीय षड्दर्शन त्यसमा पनि वेदान्तदर्शनको सर्वस्वीकार्य सिद्धान्त जीवात्माको चित्रण गरेका छन् । वेदान्तदर्शनले आत्मालाई सर्वव्यापकता र सर्वोच्चता मानेको छ । यही आत्मासम्बन्धी धारणाको प्रयोग घिमिरेले बालकुमारी गीतिनाटकमा प्रयोग गरेका छन् । जीवात्मालाई सर्वव्यापकता र सर्वोच्चताका रूपमा प्रयोग गरेका छन् । प्रस्तुत गीतिनाटककी नायिका मल्लिका बालविधवा नारी हो । बालकुमारीका जीवनका आरोह र अवरोह नै यस गीतिनाटकको मुख्य विषय हो । पति शिवशङ्करको मृत्युपश्चात् उसको आत्मा छिनछिनमा परिवर्तन भएको छ र भइरहन्छ । शिवशङ्करको मृत्युले व्याकुल बनेकी बालकुमारी मर्नका लागि प्रयत्न गर्छे तर मनले चाहेर हुँदैन, आत्माले चाहनुपर्छ किनकि आत्मा हर्ता, कर्ता, धर्ता र नियन्ता हो । बालकुमारीले बिहानी पख बागेश्वरीको पाउको सिन्दूर लगाउँदै गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

> आमा बागीश्वरी हो
> सती जान्छे ज्यूँदासित तिम्री छोरी यो
> सती घाटको चितामाथि डढिगयो जवानी
> शील स्नेह नारीको कसरी भो खरानी
> त्यही विभूति भरिदेऊ मेरो मनभरि हो । (६/३९)

पति शिवशङ्करको मृत्युले बालकमै विधवा बनेकी बालकुमारी पतिको विरहका कारण विछोडजन्य पीडाको अभिव्यक्ति दिइरहेकी छ देवीसामु सती जान अनुमति मागे पनि बालकुमारी असफल भएकी छे । जीव त जड् हो तर जीवमा चेतना भरिएपछि जीवात्मा बनेको छ । जीवात्मा चलायमान भएको छ । जीवात्मा जीवनका आरोह अवरोहमा दुःख भोगिरहेको छ । जीवन खरानी भएको छ । विभूति

लगाई देऊ भनेर आत्माको सर्वव्यापकता र सर्वोच्चतालाई गीतिनाटककार घिमिरेले प्रयोग गरेर देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा जीवात्मासम्बन्धी पूर्वीय दर्शनको अवधारणाले गहिरो प्रभाव पारेको देखिन्छ । जीवनका सुखदुःखहरूको भोक्ताका रूपमा रहेको जीवात्मा सांसारिक सुख भोगको कर्ताका रूपमा देखिए पनि मूलतः यो सत्य, अविकारी, अपरिवर्तनशील, शाश्वत, ईश्वरीय अंश हो भन्ने कुरालाई घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले देखाएका छन् ।

### २.३.३ जीवात्माको अद्वैतता

घिमिरेले *शकुन्तला* गीतिनाटकमा जीवात्माको अद्वैततासम्बन्धी चित्रण गरेका छन् । श्रीमद्भागवत् गीतामा आत्मालाई अमर तत्त्वका रूपमा, अविनाशी तत्त्वका रूपमा, अपरिवर्तनीय तत्त्वका रूपमा, अजन्माका रूपमा, नित्य, सर्वव्यापी, शाश्वत र पुरातनका रूपमा अच्छेय (नटुट्ने), अदाह्य (नजल्ने), अशोष्य (नसुक्ने), अदृश्य, नदेखिने), अक्लेद्य (अघुलनशील), अव्यय (परिवर्तन नहुने), अचिन्त्य (अकल्पनीय) का रूपमा चिनाइएको छ । आत्मासम्बन्धी चिन्तनको प्रयोग माधव घिमिरेले *शकुन्तला* गीतिनाटकमा प्रयोग गरेका छन् । शकुन्तला र दुष्यन्तको प्रेम कथामा आधारित ग्रामीण जीवनपद्धति र सहरी जीवनपद्धतिमा जोड दिएका छन् । प्राचीन वन संस्कृति र वर्तमान सहरी सभ्यताको प्रतिनिधित्व गरेका शकुन्तला र दुष्यन्तको मिलनबाट आत्माको अद्वैतता प्रस्ट पारिएको छ । आफूले कहिल्यै नदेखेको, नचिनेको व्यक्तिसँग पहिलो भेटमै अन्तराकर्षित भएकी शकुन्तलाका बारेमा कण्व ऋषिले गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रकट गरेका छन् :

> महासमय रोकिन्न, विराट घुम्दछ वृत्तमा
> सौन्दर्य रच्न आँखामा विचार रच्न चित्तमा
> परेलीमनि आँखाकै प्राचीन र नवीन यो
> हेर ईश्वरको सृष्टि सधैं चिरनवीन यो । (४/३१)

तत्त्वज्ञानी कण्वका माथिका भनाइबाट प्रेम र पिरतीलाई क्षमा होइन आशीर्वाद दिनुपर्छ, नौलो आशयलाई समयको अभिप्राय भन्ने सोचेर स्वीकार गर्नुपर्दछ । हरेक जीवात्मा सृष्टिको उपहार, सौगात, वरदान र प्रसाद हो । अतः कण्व ऋषिको विचार, शकुन्तलाको विचार, दुष्यन्तको विचार र गौतमीको विचार

एउटै भएको छ । जीव र आत्मा एउटै शरीरभित्र निवास गर्ने दुई तत्त्वका रूपमा स्वीकार गरेर आत्माको अद्वैततालाई नाटककारले प्रमाणित गरेका छन् । आत्मालाई द्रष्टाका रूपमा र जीवलाई भोक्ताका रूपमा व्यक्त गरिएको छ । दुष्यन्त र शकुन्तला आफैँमा ईश्वरीय वरदान हुन् र कर्मको फल ईश्वरीय फल हो भन्दै आत्माको अद्वैततालाई घिमिरेले पुष्टि गरेका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय दर्शनले स्थापित गरेको आत्मासम्बन्धी धारणालाई *मालती मङ्गले* गीतिनाटकमा चित्रण गरिएको छ । आत्मा एउटै हुन्छ । नाशवान शरीर मरेर गए पनि आत्मा कहिल्यै मर्दैन । आत्मालाई जलाउन, सुकाउन, टुक्र्याउन केही गर्न पनि सकिँदैन । आत्माले जीवलाई घर मानेर आनन्दले तटस्थ बसेको हुन्छ । जीवमा रहेको आत्मा भनेको चेतन तत्त्व हो । यही चेतन तत्त्वले जीवलाई नियन्त्रण गरेको हुन्छ । प्रस्तुत गीतिनाटकमा मालतीले गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

कमारी पनि कमारोसितै बेचिद्यौ हजुर !
ढुकुर्नी पनि त्यो देश जान्छे जहाँ जान्छ ढुकुर
टुहुरीमाथि राखिद्यौ दया धर्मका पिता हे
अधर्म होला ढुकुरको जस्तो यो पिर्ती छुटाए । (४/२२)

मङ्गले खोप्राको पिँढीमा मालतीसँग बिदा माग्दै छ तर मालती छुट्टिन मान्दिन । गोसाईंका घरमा आफू असुरक्षित नभएको रहस्य व्यक्त गर्छे । मङ्गले पनि मालतीलाई एक्लै छोड्न चाहँदैन । टुहुरीलाई दया र धर्म राखिद्यौ भनेर लाख विन्ती गर्छे तर उसको आवाज निरर्थक हुन्छ । बेचिएको कमारोको वास्तविक घटना गोरखाकी रानीले थाहा पाउँछिन् र उनीहरूको ढुकुरको जस्तो जोडीमा मिलन भएको देख्न चाहन्छिन् । अर्थात् कमारो मङ्गले र कमारी मालतीको मिलन हुन्छ । यहाँ नाटककार घिमिरेले आत्माको मिलन भएको देखाएका छन् । जीव त जड् हो तर यसमा चेतन तत्त्व मिलेर जीवात्मा बनेको छ । आत्मा सत्य छ, नित्य छ, सर्वव्यापक छ, सर्वोच्च छ । आत्मा सम्पूर्ण जीवको नियन्ता, अभिभावक र नियन्त्रक हो । ब्रह्म दुई होइन, एक हो । आत्मा अजर र अमर छ भन्ने कुरालाई घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा देखाएका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको जीवात्मा चिन्तनको चित्रण गरिएको छ । जीवात्मालाई अद्वैतताका रूपमा प्रयोग गरिएको छ । जीव फरकफरक भए पनि आत्मा सबैको एउटै हो । जीव त आत्माको वासस्थान

मात्र हो । आत्मालाई आगोले जलाउन नसक्ने, हावाले सुकाउन नसक्ने, पानीले भिजाउन नसक्ने, हतियारले काट्न नसक्ने अविनाशी तत्त्व हो । घिमिरेले आत्मालाई अद्वैतताका रूपमा *अश्वत्थामा* गीतिनाटकमा प्रयोग गरेका छन् । *अश्वत्थामा* गीतिनाटकमा अतिअमानवीय पात्र अश्वत्थामा, मानवीय पात्र वृद्ध पिता, ग्रामवासी, आमा, बालक, सैनिक, सर्वेसर्वा र कविका साथै मानवेत्तर पात्र कुकुर्नीलाई प्रयोग गरिएको छ । मानवीय संस्कारलाई अभिव्यञ्जनात्मक रूपमा प्रस्तुत गरिएको छ । विश्वबाटै युद्धको अन्त्य गर्नका लागि युद्ध हुनुभन्दा अगाडि नै त्यसको पीडाको पूर्वानुभूति गराएर युद्धको सम्भावित महाविनाशबाट मुक्त गराउन अश्वत्थामा आफैँ अगाडि सरेको छ । अश्वत्थामाले गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरालाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> मर्नेको जीउको पीडा मार्नेको ज्यूभरी सऱ्यो
> लहरा जसले लाछ्यो काउसो त्यै भरी झऱ्यो
> मृत्युको छट्पटी बन्छ जित्नुको अब उत्सव
> संगीत बन्छ उत्पात, नृत्यु बन्छ उपद्रव । (५/४७)

वास्तवमा युद्धमा भएका प्राप्ति सुखदायी नभएर दुःखदायी हुन्छन् । युद्धमा शत्रुलाई मार्दाको क्षणमा महसुस गरिएको सुख तत्कालै पीडामा परिणत भएको छ । अरूलाई मारेर नाचगान र मनोरञ्जन पनि उपद्रव हुन्छ भन्दै गीतिनाटककार घिमिरेले आत्माको सत्यता, निन्यता, सर्वव्यापकता, सर्वोच्तता, अद्वैततालाई देखाएका छन् । ब्रह्म एकमात्र सत्य हो र पारमार्थिक सत्ता एक मात्र स्थायी सत्ता हो भन्ने कुरालाई देखाएका छन् । काम, क्रोध, लोभ, मोह, भय जस्ता असत् वृत्तिलाई जित्नु, सत्यज्ञान प्राप्त गर्नु आत्माको अद्वैतता हो अनि माथि जीवनमुक्ति सम्भव छ । भौतिक जगत्का असत्य र अनित्य हुन् भने आत्मा मात्र सत्य र नित्य हो भन्ने कुरा घिमिरेले देखाएका छन् ।

*देउकी* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको जीवात्माको अद्वैततालाई चित्रण गरिएको छ । आत्मा अजर छ, अमर छ, सर्वव्यापी छ, सर्वोच्च छ । यही आत्मा चिन्तनलाई घिमिरेले *देउकी* गीतिनाटकमा प्रयोग गरेका छन् । आत्मालाई अदाह्य, अच्छेद्य, अशोष्य, अव्यय आदिका आधारमा घिमिरेको *देउकी* नाटकमा अभिव्यञ्जित भएको छ । यहाँ देउकी बनाइएकी मल्लिकाले भोगेको सामाजिक दुःख र मानसिक पीडासहितको कारुणिक जीवनगाथालाई चित्रण गरिएको

छ । मल्लिका, अर्जुन, पिता, तान्त्रिक, नयाँ पुजारी, सासू, वृद्ध पुजारी आदिले समाजमा रहेको विकृति र विसङ्गतिलाई बढावा दिएको देखाइएको छ । देउकी बनाइएकी मल्लिकामा मानसिक आघातका कारण उत्पन्न शारीरिक प्रतिक्रियाको जीवन्त उदाहरण देखाइएको छ । नायिका मल्लिकाले गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

> भिक्षा दिऊँ पाप लाग्छ जोगी बाबा हो ।
> नदिऊँ त शराप लाग्ला जोगी बाबा हो ।
> यो नर्कमा किन आयौ जोगी बाबा हो । (७/४४)

निषिद्ध वस्तीबाट जगल्टा लुछ्दै निकालिएकी मल्लिकाले आफ्नै पिताजस्तै जगल्टा पालेको वृद्धलाई सन्ध्याकालमा देख्दा दया लागेर भिक्षा दिँदा पाप लाग्ने र भिक्षा नदिँदा श्राप लाग्ने कुरा व्यक्त गरेकी छ । यो जीवन दुखिया जीवन हो र यो धर्ती नै नर्क हो भन्ने विचार व्यक्त गरेकी छ । आखिर आत्मा एक छ । नमरुञ्जेल शरीरमा बास गर्ने र मरेपछि परमात्मा रहेको जीवात्मा सर्वव्यापी छ, सर्वोच्च छ । छोरीप्रतिको मायाले जोगीको भेषमा गएको वृद्ध बुबाले छोरीलाई चिन्दछ र छोरी मल्लिकाले पनि बुबालाई चिन्दछे । यस गीतिनाटकमा घिमिरेले जीवात्माको सत्यता, नित्यता, अजरता, अमरता, सर्वव्यापकता, सर्वोपरिता र अद्वैततालाई अनेकौँ तर्क र तथ्यहरूद्वारा सिद्ध गरेका छन् ।

*बालकुमारी* गीतिनाटक पूर्वीय दर्शनले प्रतिपादन गरेको जीवात्मा चिन्तनको प्रयोग गरेका छन् । जीवात्मालाई अद्वैतताका रूपमा प्रयुक्त गरेका छन् । जीवमा रहेको आत्मालाई न त आगोले जलाउन सकिन्छ न त हतियारले काट्न सकिन्छ । घिमिरेले बालविधवा बालकुमारीको वैधव्य जीवनले भोगेका र भोग्नुपरेका कुरालाई देखाएका छन् । पति शिवशङ्करको मृत्युले भावविह्वल बनेकी बालकुमारीलाई कहिले पतिले आकाशवाणी गरेको भान हुन्छ, कहिले पतिसँगै घुमिरहेको सपनामा देख्छे । आत्माको अद्वैतता भनेको यही हो । यहाँ नाटककार घिमिरेले आत्माको सत्यता, नित्यता, सर्वव्यापकता, सर्वोच्चता, अमरता र अद्वैततालाई सिद्ध गर्नका लागि मल्लिकाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> शिवशङ्कर- खोपीमा देख्छु जूनको सोतो सुतेझैँ शोकमा
> अँधेरी हो कि, कपाल कालो छिरली मुखमा

त्यो जून हैन, तिमी ह्वौ भने-परेली उघार
कपाल उल्टी उठ हे प्रिया उजेली मुहार ।
बालकुमारी- नीदमै लाग्यो भित्ताको चित्र चित्तमा चलेझैँ
म फर्की आएँ हेर, हे प्रिया तिमीले बोलेझैँ । (४/२३)

बालकुमारीले पतिको मृत्युपश्चात् पनि पतिको मायामा आफूलाई राखेकी छे । विधवा भए पनि सिन्दूरी संसारमा रम्न चाहेकी छ । निद्रामै शिवशङ्करसँग संवाद गरेकी छ । बालकुमारी विधवा भए पनि सधवा भेषमा सजिएकी छ । रातमा बास बस्न आएको उत्तरकुमार बिहान सबेरै निस्कन लाग्दा शिवशङ्कर जस्तो लागेर बालकुमारी उसकै छेउमा पुगेकी छ । यसरी घिमिरेले आत्माको अद्वैततालाई प्रयोग गरेका छन् । पतिको मृत्युपश्चात् पनि बालकुमारीको आत्मा पति शिवशङ्करसँग गएको छ । मल्लिकाको जीवन शून्य, निराशता र निर्वलतामा भौतारिएको छ । यही कुरालाई घिमिरेले देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा जीवात्माको अद्वैततासम्बन्धी गहिरो प्रभाव परेको देखिन्छ । जीवात्मालाई अपरिवर्तनीय तत्त्वका रूपमा अजन्माका रूपमा, नित्य, सर्वव्यापी, अविनाशी तत्त्वका रूपमा र अव्ययका रूपमा रहेको कुरा घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले देखाएका छन् ।

## २.४ माधव घिमिरेका गीतिनाटकमा मोक्षचिन्तन

माधव घिमिरेका गीतिनाटकमा मोक्षचिन्तन पाइन्छ । घिमिरेले मोक्षलाई विभिन्न दृष्टिबाट स्वीकार गरेका छन् । जीवन र जगत्का सुखदुःख, दासताबाट मुक्ति र बन्धनबाट मुक्तिलाई मोक्षका रूपमा स्वीकार गरेका छन् । यहाँ घिमिरेका गीतिनाटकमा व्याप्त मोक्षसम्बन्धी धारणालाई विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### २.४.१ दासताबाट मुक्ति

घिमिरेद्वारा रचित *शकुन्तला* गीतिनाटकमा दासताबाट मुक्तिको चित्रण गरिएको छ । प्रस्थानत्रयीमा आत्मालाई एकमात्र नित्यतत्त्व मानिएको छ । यही नित्यतत्त्वलाई जान्नुलाई नै मोक्ष भनिएको छ । जुन ज्ञान प्राप्त गरिसकेपछि अरू ज्ञान प्राप्त गर्न बाँकी रहँदैन त्यो आत्मज्ञान नै मोक्ष हो । दुःखको निवृत्ति र परमानन्दको प्राप्ति मोक्ष हो । *शकुन्तला* गीतिनाटक सुरुदेखि अन्त्यसम्म दासताबाट मुक्तिको

आभास पाइँदैन । तर दुर्वासा ऋषिले तपोवन संस्कृति एकमात्र संस्कृति हो भनेर दुष्यन्त र शकुन्तलाको प्रेमलाई धोकाको कालो छाया भनेका छन् । दुर्वासा ऋषिले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

कस्तो समय यो आयो कल्लाई प्यार गर्छ को ?
आज जो गर्छ स्वीकार भोलि इन्कार गर्छ त्यो । (४/३१)

दुष्यन्तले शकुन्तलालाई नचिनेर पत्नीका रूपमा अस्वीकार र अपमान गर्छ । दूरदर्शी एवं दृढनिश्चयी दुर्वासा सहरिया र ग्रामीण संस्कृतिमा समभाव देख्ने ऋषि हुन् । उदार भावना भएका कण्व ऋषिले वन संस्कृतिमा हुर्केकी शकुन्तला र सहरिया संस्कृतिमा हुर्किएको राजा दुष्यन्तमा पुनर्मिलन भएको देख्न चाहेका छन् । दुष्यन्तभित्रको सुन्दर रूप देवदूत र सुन्दर आत्मा देवदूतले चेतन ज्ञानको सङ्केत गरेको छ । पूर्वरङ्गभन्दा अघि मङ्गलाचरणमा पूर्व सङ्केत गरेका घिमिरेको गीतिनाटकको कथावस्तु मङ्गलाचरणमा गएर टुङ्गिएको छ । नायिका शकुन्तला एक किसिमको दासता जीवन जिउन बाध्य हुने अवस्थामा दुष्यन्तले आफैँभित्रको देवदूतलाई चिन्दछ र शकुन्तला र दुष्यन्तको कथा महामिलनको कथा बन्न पुग्छ । दुवैजना खुशी हुन्छन्, सुखी हुन्छन्, कण्व ऋषि, ऋषिपत्नी गौतमी, साथीसँगी सबै खुशी हुन्छन् । शकुन्तलालाई दुष्यन्तको पुनर्मिलनले ऋषिआश्रम पनि खुशी भएको छ । मोक्ष भनेको यही हो । मोक्ष भनेको दुःखको निवृत्ति हो, सुख, दुःख, आनन्द र सबैको समाप्ति हो । जीव र ब्रह्मको एकाकारिता हो । सत्, चित् र आनन्दमा परिणत हुनु हो । अविद्याको नाश हुनु हो । धर्म अधर्मको विलोप अवस्था नै मोक्ष हो । यही कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा मोक्ष चिन्तनको चित्रण गरिएको छ । मोक्ष भनेको दुःखको निवृत्ति हो । सुख, दुःख, आनन्द सबैको समाप्ति हो । धर्म अधर्मको विलोप अवस्था मोक्ष हो । प्रस्तुत *मालती मङ्गले* गीतिनाटकमा दासताबाट मुक्तिको चित्रण गरिएको छ । मालती मङ्गले दुई ज्यान एक प्राण भएका जीवात्मा हुन् । यहाँ मालती र मङ्गले दासदासीलाई किनेर राखिएको छ । मालतीको जवानीमा लालायित बनेर गोसाईंले मङ्गलेलाई बेचिदिएको छ । यही अमानवीयलाई मानवीय व्यवहार बनाउनका लागि अर्थात् कमारो मङ्गले र कमारी मालतीलाई मुक्त गराउनका लागि रानीको उपस्थिति गराइएको छ । दासताबाट मुक्त गराउनका

लागि गोरखाकी रानीको मानवतावादी विचार गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

पहाड ठूलो हिम्चुली गङ्गा ठूलो गण्डकी
मान्छे ठूलो दयामाया हो
कठै ! जुनीभरिलाई नसताऊ बरिलै
दु:खीमाथि गर नियाँ हो । (३६)

यहाँ प्रेमभन्दा शक्तिशाली केही हुँदैन भन्ने कुरा गोरखाकी रानीको कथनबाट थाहा हुन्छ । गोसाईंले मङ्गलेलाई बेचेको छ । साहूले साङ्लाले बाँधेर मालतीप्रतिको प्रेम टुटाउन चाहेको छ । तर चोखो, पवित्र, अजर, अमर प्रेमका अगाडि सबै नतमस्तक हुन्छन् । गोरखाकी दयालु स्वभावकी रानीले राम शाहजस्ता न्यायप्रेमी राजा भएको राज्यमा न्याय दिन तयार भएकी छन् । आफैंले लगाएको कर्णफूल दिएर दासताबाट मुक्त गरेकी छन् । मोक्ष, प्राप्ति, आनन्द, खुशी र सुख भनेको यही हो । धीरता, दृढता र सहनशीलता मोक्ष हो । यही कुरालाई माधव घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा देखाएका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा मोक्ष चिन्तनको चित्रण गरिएको छ । मोक्ष भनेको जीव र ब्रह्मको एकाकारिता हो, बन्धनबाट मुक्तिको अवस्था हो । सत्, चित् र आनन्द स्वरूप हो । नाम लोप भई ब्रह्ममा समाहित हुनु हो । माधव घिमिरेको *अश्वत्थामा* गीतिनाटकमा दासताबाट मुक्ति अध्ययन गर्दा दासता मुक्ति त पाइँदैन तर अश्वत्थामा महाभारतीय मिथकाश्रित नाटकमा जन्मदै विवेकको मणि लिएर जन्मिएको अश्वत्थामा दिवान्ध लाटकोसेरोको साहचार्यबाट युद्ध अपराधी भएको विषयलाई उठान गरिएको छ । मानिस आदिम समयदेखि पाशविकताबाट मुक्त हुँदै ज्ञान विज्ञानको उतुङ्ग हिमालमा पुग्दा पनि कलह, द्वेष, युद्धको पीडाबाट मुक्त हुन सकेको देखिँदैन । यही *अवस्थामा* गीतिनाट्यांशका माध्यमद्वारा अश्वत्थामाले व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

म युद्ध अपराधी हूँ युद्ध भोगेर दु:खित
तिमी विशुद्ध आत्मा हे, युद्ध देखेर दु:खित
कवि ! तिम्रो सारङ्गीमा सधैं रोइरहन्छु म
यहाँ युद्ध रहुञ्जेल सधैं आइरहन्छु म । (७/७३)

ब्राह्मण कुलमा जन्मिएर युद्ध अपराधी र आततायी बनेका अश्वत्थामा अर्जुनले शिरमा रहेको मणि निकालेर दण्डित गरेपश्चात् दु:खी आत्मा लिएर शान्तिको खोजीमा,

मुक्तिको मार्गमा हिँडेका छन् । शान्तिको खोजीमा, मोक्षको खोजीमा देवदारु वनको किनारको बाटो हुँदै गोसाईं कुण्डमा पुगेको छ । देवदारु हिमाली क्षेत्रमा हुने पवित्र वृक्ष हो । अश्वत्थामाले मृत आमाको दूध चुसेको देख्छ, विधवाहरूको विलाप गरेको देख्छ, पागलहरू एक आपसमा हानाहान गरेको देख्दा अविद्याले ढाकेको विवेकको मणि अर्जुनले निकालिदिएपछि विद्या मात्र देख्दछ र प्रायश्चित गर्दै भौतारिएर हिँड्छ । अश्वत्थामा अविद्याको पर्दाले आततायी बनेको र विद्या पाएपछि बन्धन मुक्त भएर मोक्षको मार्गमा हिँडेको घिमिरेले देखाएका छन् । अविद्या र दुःखबाट मुक्ति हुनु नै मोक्ष हो भन्ने कुरा घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा देखाएका छन् ।

*देउकी* नामक गीतिनाटकमा मोक्ष चिन्तनको चित्रण गरिएको छ । बाल्यकालमा नै मन्दिरमा चढाइन विवश बनाइएकी मल्लिका देवालयमा समेत सुरक्षित छैन । मन्दिरमा बस्ने पुजारीले समेत यौनदासीका दृष्टिले मल्लिकालाई हेरेको छ । मल्लिका यो दासताबाट मुक्त हुन चाहन्छे । देउकीमाथि आफ्नो अधिकारको दावी गर्ने धामी र तान्त्रिकको यौनपिपासु प्रवृत्ति देखाएका छन् । मन्दिरबाट तान्त्रिक र धामीसँग बँचेर बाहिरी संसारमा रमाउन चाहेकी मल्लिकाको अर्जुनसँग वासनात्मक प्रेममा रमाएकी छ । अर्जुनको वासनात्मक माया पाएर मल्लिकाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

के छ र ठूलो मानिस भई मान्छेलाई पाउनु झैँ
यो माया खेर नफाली त्यसै कसैलाई लाउनु झैँ
यौटामा दिल बस्यो कि आफैँ बस्तछ अरूमा
द्यौता र मान्छे पशु र पन्छी लता र तरुमा । (३७)

देउकी मल्लिकाले अर्जुनसँग बिहे गरेपछि दासताबाट मुक्त भएको आभास गरेकी छे । आफू पनि मान्छेको श्रेणीमा उक्लिएको सङ्केत गरेकी छे तर यो भ्रम हो भन्ने कुरा बुझेकी छैन । अर्जुनको पारिवारिक तनाव र दबाबले मल्लिकालाई दासताबाट मुक्त गर्न सकेको छैन । मल्लिका पुनः मन्दिरमै फर्किन्छे । देउकीलाई बलात्कार तथा सांस्कृतिक परिवेशका अगाडि देउकी मल्लिकाको केही लाग्दैन । ऊ दासताबाट मुक्त हुनका लागि भागेर निषिद्ध बस्तीमा पुग्छे तर त्यहाँ पनि ऊ दासताबाट मुक्त हुन सकेकी छैन । आफ्नी छोरी मल्लिकालाई दासताबाट मुक्त गराउनका लागि जन्मदिने बाबु भौतारिँदै निषिद्धबस्ती पुगेको छ । छोरीलाई मुक्त गराउन गएको बाबुलाई अर्की द्यौकीले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार देखाएका छन् :

मन्दिरको द्वारमा लगाइ पाशो मरेकी देउकी
सौताले लुछी छर्‌छरी रगत छरेकी देउकी
स्वर्गमा जाँदा नर्कमा उल्टै झरेकी देउकी
खोज्दै छौ यात्री ! कुन चाहिँ नाता परेकी देउकी । (४२)

देउकी मल्लिका जीवनमा स्वतन्त्र हुन सकेकी छैन । स्वर्गमा जाँदा नर्कमा झरेझैँ भएकी छ । जीवनमरणको चक्रमा घुमिरहेकी छ । मोक्ष नभएसम्म जीवात्मा जन्म मृत्युको चक्रमा घुमिरहन्छ । पूर्वजन्मको कर्मफल नसकिएसम्म जीवनले यस्ता समस्या भोगिरहन्छ । यहाँ मल्लिकाले चाहेर पनि दासताबाट मुक्त हुन सकेकी छैन । यही कुरालाई घिमिरेले *देउकी* गीतिनाटकमा देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा घिमिरेले पूर्वीय दर्शनको मोक्ष चिन्तनको चित्रण गरेका छन् । बालकुमारी बालविधवा नारी हो । घिमिरेले बालकुमारीका माध्यमबाट विधवाका पीडाहरूलाई कारुणिक रूपमा प्रस्तुत गरेका छन् । घिमिरेले बालकुमारी, शिवशङ्कर, उत्तरकुमारलाई मानवीय पात्रका रूपमा उभ्याइएका छन् भने शिव र पार्वतीलाई दैवी पात्रको रूपमा प्रयोग गरेका छन् । *बालकुमारी* गीतिनाटकमा माधव घिमिरेले कारुणिकता, दार्शनिकता र उपदेशमूलक जस्ता वैचारिक दृष्टिकोण राख्दै नायिका बालकुमारीलाई पारिवारिक दासताबाट मुक्त गर्न चाहेका छन् । सामाजिक विषयवस्तुमा आधारित *बालकुमारी* गीतिनाटकमा घिमिरेले दैवी पात्र प्रयोग गरेर विधवा विवाहका पक्षमा समर्थन जुटाएका छन् तर दासताबाट मुक्ति गर्न सकेका छैनन् । घिमिरेले सामाजिक कुरीतिका विरुद्ध रहेको वैधव्य जीवनका जटिलतालाई देखाइए पनि त्यसबाट छुटकारा हुन सकेको देखिँदैन । देवादिदेव महादेवले पार्वतीको प्रार्थना सुनेर अर्धनारीश्वर भएको भूगोलमा नारीले वैधव्यको जीवन बिताउन नपरोस् भनी तीनवटा वरदान गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले अभिव्यक्त गरेका छन् :

हिमालका छोरीहरू देख्थेँ सधैँ कुमारी
आज देख्छु फुस्रो रूप तेस्रो नेत्र उधारी
नहोस् यस्तो अपमान
दिन्छु तीन वरदान ।

अर्धनारीश्वरको विहार गर्ने देशमा
नारी हिँड्न नपरोस्- विधवाको भेषमा
दिन्छु मेरो काखमा थान
लेओ- पैलो वरदान

आधा अङ्ग नरको, आधा अङ्ग नारीको
छट्पटिन नपरोस्- दुई चिरा पारी यो
दिन्छु- मेरै अङ्गदान
लेओ दोस्रो वरदान ।
सात गंगा छातीमा बग्छ नारीजातिको
त्यसै सुक्न नपरोस्- माया कसैमाथिको
दिन्छु- मेरै मनप्राण
लेओ तेस्रो वरदान । (५/५१)

पार्वतीको अनुरोधमा शिवले सम्पूर्ण विदवा नारीलाई आशीर्वाद दिएर अन्तर्ध्यान हुन्छन् तर पनि बालकुमारीले दासताबाट मुक्ति हुन सकेकी छैन । जीवनमा उत्तरकुमारको प्रवेशले दासताबाट मुक्त गराउन खोजे पनि म विधवा नारी हुँ भन्ने भयले बालकुमारी दासताबाट मुक्त हुनसकेकी छैन । वेदान्तदर्शनले सत्, चित् र आनन्द स्वरूपमा समाहित हुनुलाई मोक्ष भनेको छ । बालकुमारीको जीवनमा मेल खाँदैन अर्थात् बालकुमारी दासताबाट मुक्त हुन सकेकी छैन ।

घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनको गहिरो प्रभाव रहेको छ । घिमिरेका गीतिनाटकमा जीव र ब्रह्म, आत्मा र परमात्मा आदिका बिच एकाकार हुनु, अविद्याको नाश हुनु, सच्चिदानन्दमा समाहित हुनु, जीव, जगत्, जन्म, मृत्यु, पुनर्जन्म, पूर्वजन्म, सुखदुःख आदिलाई मूल प्रतिपाद्य विषय बनाइएको छ ।

### २.४.२ बन्धनबाट मुक्ति

*शकुन्तला* गीतिनाटकमा घिमिरेले बन्धनबाट मोक्ष चिन्तनको चित्रण गरेका छन् । बन्धनबाट मुक्त हुनका लागि विभिन्न घटना, परिवेश र पात्र चयन गरिएको छ । मानिस स्वतन्त्र प्राणी हो । स्वतन्त्र जन्मन्छ, स्वतन्त्र हुर्किन्छ र स्वतन्त्र मर्छ तर पनि सामाजिक व्यवहारमा बन्धनमा बाँचिरहेको हुन्छ । प्रस्तुत गीतिनाटककी नायिका शकुन्तला विश्वामित्र र मेनकाकी छोरी भए पनि कण्व ऋषिको आश्रममा हुर्किरहेकी छ । उसको लालनपालन कण्व ऋषिले गरेका छन् । कण्व ऋषिका सन्तान छैनन् । त्यसैले कण्व ऋषि र गौतमीले शकुन्तलाको सन्तानका रूपमा संरक्षण गरेका छन् । दुष्यन्त राजासँगको प्रेम बन्धनमा बाँधिएकी शकुन्तलालाई दुष्यन्तले पूर्वजन्ममा बिर्सिएकी आफ्नै प्रिया हुन् भन्ने कुरा मनन गरेर शकुन्तलालाई अँगाल्दछन् । कण्व ऋषिले बन्धनबाट मुक्तिका सन्दर्भमा नाट्यांशका माध्यमद्वारा भनेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

यो माया पनि हो पूर्ण, त्यो माया पनि पूर्ण हो
छातीमा ज्यूँछ मान्छेको ईश्वर बनि पूर्ण जो । (४/३५)

कण्व ऋषिका दृष्टिमा प्रत्येक मान्छेका हृदयमा हुने प्रेम, स्नेह नै ईश्वर हो र ईश्वरीय कर्मले नै मोक्ष प्राप्त गर्दछ । कण्व ऋषिले वन संस्कृति र सहरी सभ्यतामा आकृष्ट हुँदै छ भनेर दुर्वासा ऋषिलाई सम्झाएका छन् । कण्व ऋषिले उनीहरूको प्रेमलाई आशीर्वाद र आशीर्वचन दिनुपर्छ, समयले नौलो आशय ग्रहण गर्छ, समयको अभिप्रायलाई स्वीकानुपर्छ, महासमय रोकिन्न, समयले रचेको सौन्दर्य सधैँ स्वीकार्नु पर्छ भनेका छन् । कण्व ऋषिले शकुन्तला आदर्श छोरी हुन् र आदर्श पत्नीका रूपमा राजा दुष्यन्तसित वैवाहिक जीवनमा रम्दै छन् भनेका छन् । आफैँभित्रको देवदुतको दर्शन पाएपछि दुष्यन्तले सारा कुराको क्षमायाचना गरेर शकुन्तलासित सम्बन्ध अघि बढाएको छ । शकुन्तला बन्धनबाट स्वतन्त्र भएकी छ, दुष्यन्त बन्धनबाट स्वतन्त्र भएको छ, कण्व ऋषि, बन्धनबाट स्वतन्त्र भएका छन् । अर्थात् नायिका शकुन्तला, नायक राजा दुष्यन्त र महानायक कण्व ऋषिले बन्धनबाट मुक्ति पाएको कुरा माधव घिमिरेले *शकुन्तला* गीति नाटकमा देखाएका छन् ।

*मालती मङ्गले* नामक गीतिनाटक एक सफल संयोगान्त गीतिनाटक हो । यस गीतिनाटकमा घिमिरेले पूर्वीदर्शनले प्रतिपादन गरेको बन्धनबाट मोक्ष चिन्तनको चित्रण गरिएको छ । मोक्ष चिन्तनलाई बन्धनबाट मुक्ति चिन्तनका आधारमा *मालती मङ्गले* गीतिनाटकमा प्रयोग गरेका छन् । *मालती मङ्गले* गीतिनाटक घिमिरेको लोकजीवनमा लोकजीवनका मर्मस्पर्शी घटनाहरूको सङ्ग्रह हो । दुई कमारा कमारीको प्रेम प्रसङ्ग मार्फत् हार्दिक प्रेमबाट मात्र मान्छेले सुख र सन्तुष्टि प्राप्त गर्न सक्छ, आत्मबन्धनबाट मुक्त भएपछि मात्र जीवनको सार्थकता पाउँछ भन्ने आशय रहेको छ । गोसाईंबाट बेचिएको मङ्गलेले नाट्यांशका माध्यमद्वारा भनेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

आमा हो आमा हो ! रुन्छु पाउ समाती
के दया भयो नि ! दुखिया मैमाथि
के जादु गऱ्यौ नि ! करिया मैमाथि । (६/४०)

कमारो मङ्गलेले आफ्नो मुक्तिको सपना, सपनामा पनि देखेको थिएन । अनायसै आमाजस्ती गोरखाकी रानीको करुणा पाएर दासताबाट मुक्त हुने अवसर पायो । मङ्गले र मालतीको प्रेमकथा सुनेपछि करुणाले भरिएकी रानीले दाहिने र

देब्रे कर्णफूल दिएर दुवैलाई मुक्त गराएकी छन् । गोरखाकी मायाकी खानी रानीले मानवतावादी चिन्तन र भाइचाराको सम्बन्ध स्थापित गरेकी छन् । मालिक गोसाईंको वक्रदृष्टिबाट बाँच्न मालतीले सङ्घर्ष गरेकी छे । मङ्गलेको साथी गोपी आफू मरेर भए पनि मालती भाउजूको इज्जत जोगाएको छ । मालती र मङ्गले रानीको कृपा र गोपीको त्यागले स्वतन्त्र भएका छन्, बन्धनबाट मुक्त भएका छन् । जुन बादलबाट बाहिर निस्कनुले प्रकृति पनि उनीहरूको मिलनमा खुशी भएको लेखकले देखाएका छन् । यही पूर्वीय दर्शनले प्रतिपादन गरेको मोक्ष चिन्तनलाई माधव घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा प्रयोग गरेका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा बन्धनबाट मोक्ष चिन्तनको चित्रण गरिएको छ । पूर्वीय दर्शनले सर्वस्वीकार गरेको मोक्ष चिन्तनलाई घिमिरेले अश्वत्थामा गीतिनाटकमा प्रयोग गरेका छन् । घिमिरेले अश्वत्थामालाई बचनबाट मुक्ति भएको देखाएका छन् । पिता द्रोर्णाचार्य र माता कृपीबाट ब्राह्मण कुलमा जन्मिएका द्रोणाचार्य कौरवका प्रधानसेनापति भए र युद्धको मैदानमा उत्रिएका छन् । अष्टचिरञ्जीवी अश्वत्थामा जन्मदै विवेकको मणि लिएर जन्मिएका योद्धा हुन् । उनको ग्रह नक्षत्रमै एकातिर अष्टचिरञ्जीवी अर्कातिर आठौँ मन्वन्तरमा सप्तर्षिहरूमध्ये एक ऋषि हुनेछन् भनिए तापनि लाटकोसेराले राति पंक्षीहरूलाई मारेझैँ दिवान्ध भएर हत्या, हिंसामा उत्रिएका छन् । युद्ध अपराधीको प्रेतात्मा भएर उदाएका छन् । लाटकोसेराले गरेको क्रूर कर्म उनका लागि प्रेरणा बनेको छ । उद्दण्ड, क्रूर र नृशंस, आततायी बनेको छ । आफ्ना मालिक दुर्योधनलाई प्रसन्न बनाउनका लागि द्रौपदीका सुतेका बालक छोराको हत्या गरेका छन् । अभिमन्युकी पत्नी उत्तराको गर्भमा रहेको परीक्षित्माथि ब्रह्मास्त्र प्रयोग गरेका छन् । ब्राह्मण कुलमा जन्मेर क्षत्रियोचित युद्धकर्ममा लागेका छन् । महाभारतका धनुर्योद्धा अर्जुनले अश्वत्थामाको शिरमा रहेको मणि निकालेर दण्डित गरेपछि अश्वत्थामा आत्मज्ञान पलाएको छ । अश्वत्थामा शान्तिको खोजीमा, मुक्तिको खोजीमा भौतारिएर हिँडेको छ । अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

यस पर्वतमा बस्ता बल्ल विश्राम पाउँछु
युद्धले ध्वस्त धर्तीमा शान्तिको धाम पाउँछु
विष प्यूँथे यतिन्जेल अब अमृत प्युँदछु
मृत्यु ज्यूँथे यतिन्जेल अब जीवन ज्यूँदछु । (२/१५)

अश्वत्थामा शान्तिको खोजीमा, बन्धनबाट मुक्तिको खोजीमा, सुखको खोजीमा र आनन्दको खोजीमा लागेको छ । पर्वतमाथि निर्मल बराह पोखरीको डिलमा बस्दा उसले अपार आनन्दको महसुस गरेको छ । हिजोसम्म विष पिएर बाँचेको अश्वत्थामा आजदेखि अमृत पिएर बाँचिरहेको छ, स्वर्गीय आनन्द प्राप्त गरिरहेको छ । अब साँच्चिकै मानव जुनीमा रम्न, खेल्न र जिउन चाहन्छ भन्दै अश्वत्थामा बन्धनबाट मुक्तिका लागि हिँडेको घिमिरेले देखाएका छन् ।

*देउकी* नामक गीतिनाटक सामाजिक यथार्थको धरातलमा रहेर विगतदेखि वर्तमानसम्म फैलिएको सामाजिक विषयमा आधारित गीतिनाटक हो । यस गीतिनाटकमा घिमिरेले पूर्वीय दर्शनले बन्धनबाट मोक्ष चिन्तनको चित्रण गरेका छन् । नौ वर्षकै उमेरमा देउकी बनेकी नायिका मल्लिका जीवनमा बन्धनबाट मुक्त हुन चाहन्छे । ऊ स्वतन्त्र हुन चाहन्छे । सामाजिक र सांस्कृतिक मान्यता विपरीत भुक्याएर देउकी बताइएको छ । औषधी गर्ने निहुँमा तान्त्रिकले मल्लिकालाई बलात्कारको प्रयास गरेको छ । मल्लिका जीवनलाई निरर्थक ठानेर आत्महत्या गर्न गङ्गातिर गएकी छ । मर्न भनी गएकी मल्लिका प्रेमीको यादले अर्जुनसँग भौतिक मिलनमा समाहित भएकी छ । अर्जुनसँग बिहे गरेपछि सासूले अलच्छिनी भन्दा परिवारबाट उपेक्षित र विच्छिप्त बनेकी मल्लिका बन्धनबाट मुक्त हुनका लागि निषिद्ध बस्तीमा पुगेकी छ । पुजारीले छल र बलमा पारेर बाचा हारेको पिता अन्ततः चिन्ता र ग्लानिले छट्पटिएको छ । मल्लिकाले बन्धनबाट मुक्तिका लागि नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

> कस्तो हुन्थ्यो बाल्यकालमा पाए फेरि फर्कन
> मूर्च्छाभित्र बाँचेजस्तो समय सारा बिर्सन
> कल्ले मेट्ला आँसुका धर्का धर्का यी
> लैजाऊ मेरा बाबा हो ।
> त्यै खेलेको आँगनीमा फर्काई । (७/४६)

मल्लिकाको कथनमा बन्धनबाट मुक्त हुनका लागि जन्मदिने पितालाई अनुनयविनय गरेकी छ । छोरीको दयनीय अवस्था देखेर बाबुले तपतपी आँसु खसालेको छ । आफ्नै अन्जुलीको फूल गङ्गामा बगाएजस्तै गरी मुटुको टुक्राजस्ती छोरीलाई देउकी हुनबाट रोक्न सकेन र स्वतन्त्र बनाउन चाहे पनि तत्कालीन सामाजिक र सांस्कृतिक परिवेशले बन्धनबाट मुक्त गराउन सकेको छैन । न त पति अर्जुनले बन्धनबाट मुक्त गराउन सक्यो न त मल्लिका बन्धनबाट मुक्त भई न त

बाबुले मल्लिकालाई बन्धनबाट मुक्त गराउन सकेको छ । यही कुरालाई गीतिनाटककार माधव घिमिरेले देखाएका छन् ।

*बालकुमारी* गीतिनाटक सामाजिक विषयवस्तुमा आधारित नाटक हो । नायिका बालकुमारीको जीवनमा भएका आरोह अवरोहहरू मूल विषय बनाएर लेखिएको उक्त गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको बन्धनबाट मोक्ष चिन्तनको चित्रण गरिएको छ । नायिका बालकुमारीले बन्धनबाट मुक्त हुनका लागि गरेको सङ्घर्ष देखाएका छन् । घिमिरेले वैंशमै विधवा भएर पीडादायी जीवन बिताउन बाध्य नारीहरूप्रति सहानुभूति प्रकट गरिएको छ । बालकुमारीको जीवन अधुरो अपुरो र शून्य भएको साथै शून्यभित्रै विलीन भएको देखेर उत्तरकुमारले विवाह गरेर बन्धनबाट मुक्त गर्न खोजेको छ तर बालकुमारी विधवा भएका कारण आफैंभित्रको कुण्ठाले बन्धनबाट मुक्त हुन सकेकी छैन । बालकुमारीले गीतिनाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> दुःखबाटै जाँदा जाँदा भगवान् भेटिन्छ
> भेटिन्छ रे भगवान् जसै आफू मेटिन्छ (४/४७)

नायिका बालकुमारीले जीवनमा बन्धनबाट मुक्त हुन धेरै सङ्घर्ष गरेकी छ । कहिले बागीश्वरी मन्दिरमा प्राण त्याग गर्न कोसिस गरेकी छ, कहिले उत्तरकुमारकी पत्नी हुन खोजेकी छ तर प्राणत्याग गर्न सकेकी छैन । अन्त्यमा किरातेश्वर शिवलिङ्गको समीपमा आफ्नो दुःख बिसाएर बन्धनबाट मुक्त हुन खोजेकी छ । देवादिदेव महादेवलाई जीवन सुम्पेर बन्धनबाट मुक्त हुन खोजेकी छ । आफू मेटिएपछि भगवान् भेटिन्छ भनेर भगवान्मै समर्पित हुन खोजेकी छ । विधवा नारीले पुनर्विवाह गर्नु पाप हो भन्ने मानसिकताले ग्रसित मल्लिका दुःखको सहारा भनेको भगवान्भन्दा अरू केही र कोही होइन भन्ने भावनाले भगवान्मै समर्पित भएकी छ । बालकुमारी दुःखपछि सुखको अनुभूति हुन्छ भन्नेमा विश्वस्त छे । यसरी बालकुमारीले बन्धनबाट मुक्त हुन चाहे पनि जीवनमा कहिल्यै मुक्त हुन सकेकी छैन । यही मोक्षसम्बन्धी चिन्तनलाई माधव घिमिरेले *बालकुमारी* गीतिनाटकमा प्रयोग गरेका छन् ।

घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनको प्रभाव रहेको पाइन्छ । घिमिरेका गीनिाटकमा जीव र ब्रह्मको एकाकार हुनुलाई मोक्षका रूपमा लिइएको छ । आत्मा र ब्रह्मको एकाकार हुनु, बन्धनबाट मुक्ति हुनु, अविद्याको नाश हुनु र

सच्चिदानन्दस्वरूपमा समाहित हुनु मोक्ष हो भन्ने कुरालाई घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले देखाएका छन् ।

## २.५ निष्कर्ष

घिमिरेले *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकमा जीवात्मालाई आत्माको सत्यता, नित्यता, सर्वव्यापकता र अद्वैततालाई सिद्ध गर्ने वेदान्तसम्मत् विचार सघन रूपमा अभिव्यञ्जित गरेका छन् । घिमिरेले *शकुन्तला* गीतिनाटकमा राजा दुष्यन्तभित्रको देवदुत उजागर भएपछि शकुन्तला र दुष्यन्तको पुनर्मिलन भएर आत्माको सत्यता र अद्वैततालाई पुष्टि गरेको देखाएका छन् । घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा आत्मा हर्ता, कर्ता, धर्ता र नियन्त्रक भएकाले जीवलाई सुखबाट दुःखमा र दुःखबाट सुखमा मिलन गराउने सर्वशक्तिमान् सत्ता भएकाले मालती र मङ्गलेको जीवनमा प्रयोग भएको देखाएका छन् । घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा शरीर जड् भएको र आत्मा चेतन तत्त्व भएको कुरालाई अश्वत्थामामा ज्ञानको बीजारोपण भएपश्चात् आत्म शान्तिको खोजीमा हिँडेको देखाएका छन् । जीवमा रहेको आत्म तत्त्व नै चेतना तत्त्व हो भन्ने कुरा घिमिरेले अश्वत्थामा पात्रका माध्यमद्वारा देखाएका छन् । घिमिरेले *देउकी* गीतिनाटकमा जीव र आत्मा एउटै शरीरभित्र निवास गर्ने दुई तत्त्वका रूपमा स्वीकार गरेका छन् । आत्मालाई द्रष्टाका रूपमा र जीवलाई भोक्ताका रूपमा मल्लिकाका माध्यमद्वारा घिमिरेले देखाएका छन् । घिमिरेले *बालकुमारी* गीतिनाटकमा पतिको मृत्युपश्चात् पनि आकाशवाणीको भान भएर आत्माको सत्यता, नित्यता र अद्वैतता पुष्टि भएको देखाएका छन् ।

घिमिरेद्वारा लिखित पाँचवटा गीतिनाटकमा मोक्षचिन्तनलाई सघन रूपमा अभिव्यञ्जित गरेका छन् । घिमिरेले *शकुन्तला* गीतिनाटकमा दुःखको निवृत्ति र परमानन्दको प्राप्तिलाई शकुन्तलाको दुष्यन्तसँग पुनर्मिलन भएको देखएका छन् । घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा धीरता, दृढता र सहनशीलता नै मोक्ष हो भन्ने कुरा दासताबाट मुक्त भएपछि आनन्द, खुसी र सुख प्राप्तिलाई मालती र मङ्गलेका माध्यमद्वारा स्वीकार गरेका छन् । घिमिरले *अश्वत्थामा* गीतिनाटकमा उद्दण्ड, क्रूर, नृशंस र आततायी बनेको अश्वत्थामा शिरमा रहेको मणि निकालेर दण्डित गरेपछि शान्तिको खोजीमा, मुक्तिको खोजीमा हिँडेको घिमिरेले देखाएका छन् ।

घिमिरेले दुःखको निवृत्ति र परमानन्दको प्राप्तिलाई अश्वत्थामाको चरित्रका आधारमा चित्रण गरेका छन् । घिमिरले *देउकी* गीतिनाटककी मल्लिकाले सांसारिक विषयभोगप्रतिको वैराग्यबाट मुक्ति, दासताबाट मुक्ति, प्रेम र स्वतन्त्रताबाट मुक्ति नभएको कुरा व्यक्त गरेका छन् । घिमिरेले सत्, चित् र आनन्द स्वरूपमा समाहित हुनुलाई मोक्षका रूपमा स्वीकार गरेका छन् तर *बालकुमारी* गीतिनाटककी बालकुमारी विधवा भएका कारण आफैँभित्रको कुण्ठाले बन्धनबाट मुक्त हुन नसकेको कुरालाई स्वीकार गरेका छन् । यसरी जीव र ब्रह्मको एकाकारिता, बन्धनबाट मुक्तिको स्थिति, सत्, चित् र आनन्द स्वरूपमा समाहित हुनु र नामलोप भई ब्रह्ममा समाहित हुनुलाई घिमिरेले गीतिनाटकमा मोक्षचिन्तन व्यक्त गरेका छन् ।

# तेस्रो परिच्छेद

# माधव घिमिरेका गीतिनाटकमा जगत्चिन्तन

## ३.१ विषयपरिचय

माधव घिमिरेद्वारा रचित गीतिनाटकमा साङ्ख्यदर्शनको प्रकृति र वेदान्तदर्शनका जगत्सम्बन्धी गहन दार्शनिक चिन्तनहरू अभिव्यञ्जित भएका छन् । माधव घिमिरेले आफ्ना गीतिनाटकमा जगतलाई सौन्दर्यमयी वस्तुका रूपमा चिनाएका छन् । माधव घिमिरेका विचारमा जगत् भनेको ज्ञानप्राप्तिको आधारस्तम्भ र कर्मथलो हो । घिमिरेले आफ्ना गीतिनाटकमा जगत्को स्वरूप, क्षणिकता, असत्यता र अनित्यताको प्रयोगसम्बन्धी खोजी गरेका छन् । भौतिक जगत् जड् हो, अचेतन हो र यसको गर्भमा अथाह र अनमोल ज्ञानको भण्डार छ । स्वर्ग, नर्क, इहलोक, परलोक, जन्ममृत्यु, सुखदुःख, पूर्वजन्म पुनर्जन्म, भौतिक जीवनमा विद्यमान् चिन्तनलाई प्रस्तुत गरिएको छ । वास्तवमा वैदिक वाङ्मय, सूत्रग्रन्थ र व्याख्यानशास्त्रहरूमा जगत्का सम्बन्धमा गरिएका अध्ययनअनुसन्धान, विचारविमर्श र चिन्तनमननलाई जगत् चिन्तन भनिएको छ । भौतिक जगत् सुख र दुःखको समन्वय हो । यो संसार काम, क्रोध, लोभ, मोह र अहङ्कारजस्ता सांसारिक वासनामा लिप्त छ । यो जगत् लोभी, पापी, स्वार्थी, रोग, शोकले ग्रस्त छ । मानिसले दुःखपछि मात्र सुख प्राप्त गर्दछ । अविद्याबाट ज्ञानबारे मनुष्यले विद्याको स्वरूप पहिचान गर्दछ । माधव घिमिरेका गीतिनाटकमा साङ्ख्यदर्शनको प्रकृति र वेदान्तदर्शनका जगत्सम्बन्धी गहन दार्शनिक चिन्तनहरू अभिव्यञ्जित भएका छन् । त्यसैले माधव घिमिरेका गीतिनाटकमा साङ्ख्यदर्शनको प्रकृति र वेदान्तदर्शनका जगत्सम्बन्धी चिन्तनका दृष्टिले विवेचना गरी विवेच्य गीतिनाटकमा अभिव्यञ्जित जगत्सम्बन्धी चिन्तनको निरुपण गरिएको छ ।

## ३.२ पूर्वीय दर्शनमा जगत्सम्बन्धी दार्शनिक अवधारणा

पूर्वीय दर्शनका आस्तिक षड्दर्शनले चेतनदेखि इतर सत्तालाई जगत्का रूपमा स्वीकारेको छ । चेतनसत्ता इतर तत्त्व महत्, अहङ्कार, अन्तस्करण, इन्द्रिय तथा पञ्चमहाभूत जस्ता तत्त्वहरू जगत् तत्त्व हुन् । प्रकृति र यसका यावत्

विकृतिहरू जगत् नै मानिन्छन् । जगत् दृश्यमान स्थूल सत्तादेखि पराप्रकृति रूप सूक्ष्म रूपसम्म व्याप्त रहेको छ । यहाँ पूर्वीय दर्शनमा पाइने जगत्सम्बन्धी मान्यतालाई प्रस्तुत गरिएको छ ।

साङ्ख्यदर्शनले प्रकृति तत्त्व र पुरुष तत्त्वको व्याख्या गरेको छ । साङ्ख्यदर्शनले प्रकृति र पुरुषको व्याख्या गर्ने क्रममा प्रकृति त्रिगुणमयी हुन्छ भनेको छ । यही सन्दर्भमा त्रिगुणको चर्चा निम्नानुसार गरिएको छ :

### ३.२.१ सत्त्वगुणयुक्त जगत्

सत्त्व गुणको अर्थ धेरै ज्ञान र बढी सुखको अनुभूति हो । सत्त्वगुणको वर्ण श्वेत हुन्छ ।

सत्त्वं लघु प्रकाशमिष्टमुपष्टम्भकं चलं च रजः ।
गुरुवरणकमेव तमः प्रदीपवच्चार्थतो वृत्तिः ॥ (*साङ्ख्यकारिका,* १३)

सत्त्व गुण भनेको हलुङ्गो, प्रकाशमान र चेतन हुन्छ । सत्त्वगुण शुद्धता, स्वच्छता र प्रकाशमयको प्रतीक हो । सत्त्वगुणले सुख, शान्त, भद्रता, स्नेह, श्रद्धा, सन्तोष, दया, दान, विवेक, सहयोग, प्राणीप्रतिको प्रेम जसले सुखद् भानको सरल सरस अनुभूतिले आनन्दको विस्तार गरेको हुन्छ (मिश्र, सन् २००१, पृ. ३२९) । सत्त्वगुणमा कुनै पनि अन्तरविरोध हुँदैन । सत्त्वगुणबाट कैवल्य, मोक्ष, मुक्ति र समाधि प्राप्त हुन्छ ।

### ३.२.२ रजोगुणयुक्त जगत्

सत्त्वगुणको विरोधी रजोगुण हो । रजोगुण रक्त हुन्छ । रजोगुण उत्तेजकता, चञ्चलता र दुःखदायीको प्रतीक हो । रजोगुण चञ्चल हुन्छ । रजोगुण मानवीय क्रियाव्यापार हो । यही रजोगुणका अवस्थामा इन्द्रियहरू विषयवासनाप्रति आकर्षण हुन्छन् (मिश्र, सन् २००१, पृ. ४३९) । यो दुःखको उत्पादन गर्ने कर्ता हो । दुःखअन्तर्गत यश, सम्मान, आदर ईर्ष्या, अहङ्कार, मोह, द्वेष, क्रोध, राग, मृगतृष्णा आदिजस्ता विषय भोगहरू पर्दछन् । यिनै रजोगुणी प्रवृत्तिले गर्दा मानिस दुःखको भवचक्रमा जेलिन पुग्छ ।

### ३.२.३ तमोगुणयुक्त जगत्

तमोगुणको स्वरूप कालो हुन्छ । अपवित्र, अस्वच्छ तथा कलङ्कितका प्रतीकका रूपमा तमोगुणलाई चिनिन्छ । त्यो गुण अत्यन्त गरुङ्गो र अवरोधक हुन्छ ।

तमोगुण सत्त्वगुणको विपरीत हुन्छ । तमोगुण उदासीनताको प्रतीक हो र अन्धताको अवस्था हो (मिश्र, सन् २००१, पृ. ४४९) । तमोगुण अज्ञानताको सूचक हो र मोहको जनक हो । त्यसै कारणले मानिसमा निद्रा, तन्द्रा, आलस्य, प्रमाद, मूर्च्छा, अज्ञान, अकर्मण्यता र उदासीनताको भाव उत्पन्न हुन्छ । यो दुःखको कारण हो ।

वेदान्तदर्शनका अनुसार सच्चिदानन्दस्वरूप ब्रह्मसँग मायाको सन्निकटताले जगत्को आभासमात्र हुन्छ । यही आभास हुनुलाई वेदान्तमा विवर्त भनिएको छ (सिन्हा, २०१८, पृ. ११५) । सृष्टिको व्याख्या गर्ने क्रममा वेदान्तदर्शनले विवर्तवादको स्थापना गरेको हो । वेदान्तदर्शनका अनुसार जगत् सत्य होइन, यो आभासमात्र हुने हो । त्यही ब्रह्म मायाका रूपमा बाहिर देखिने मात्र हो । जगत् ब्रह्मको शरीर रूप हो । शरीर नाशवान हुन्छ, त्यसैले मिथ्या छ, ब्रह्मसत्यं जगन्मिथ्या यसै आधारमा भनिएको हो (गौतम, २०७८, पृ. १०१) । पूर्वीय दर्शनले सृष्टिलाई सर्ग मानेको छ । सृष्टि निर्माणको आरम्भ ऋग्वेदबाट भएको देखिन्छ । ऋग्वेदको *नासदीयसूक्त* (१०/१२९), *पुरुषसूक्त* (१०/९०), *हिरण्यगर्भसूक्त* (१०/१२१) आदिमा सृष्टिका बारेमा अध्ययन गरिएको छ :

इयं सृष्टिर्यत आ बभूव यदि वा यदि वा न ।
यो अस्याध्यक्षः परमे व्योमन्त्सो अङ्ग वेद यदि वा न वेद ॥

(*ऋग्वेद,* १०/१२९/७)

ऋग्वेदमा सृष्टिसम्बन्धी आदिम शून्य अवस्थाको परिकल्पना गरिएको छ । सृष्टि सत् र असत्को अवस्थाभन्दा पर पुगेर सृष्टि कहाँबाट उत्पन्न भएको हो भनेर तर्कवितर्कलाई आधार मानेर *ऋग्वेद*को (१०/९०) को पुरुष सूक्तमा सृष्टिविषयक धारणा अघि सारिएको छ :

नाभ्या आसीदन्तरिक्षं शीर्ष्णो द्यौ समवर्तत ।
पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथालोकाँ अकल्पयन् ॥

(*ऋग्वेद,* १०/९०/१४)

यसैलाई आधार मानेर गड्तौलाले हजारौँ शिर भएको, हजारौँ आँखा भएको र हजारौँ पाउ भएको विराट् नै पृथ्वीलाई ढाकेर बसेको छ भनेका छन् (गड्तौला, २०७८, पृ. १६१) । गड्तौलाले ऋग्वेदलाई आधार मानेर त्यही विराट् पुरुषको मनबाट चन्द्रमा, आँखाबाट सूर्य, कानबाट वायु तथा मुखबाट अग्नि

उत्पन्न भएको हो, यसै विराट् पुरुषबाट विभिन्न लोकहरू उत्पत्ति भएको हो (गड्तौला, २०७८, पृ. १६१) भनेका छन् ।

वेदान्त दर्शनका अनुसार जगत्को आधार नै ब्रह्म हो । ब्रह्मको मायावी रूपबाट सिर्जिएको यो जगत् ब्रह्ममै लीन हुन पुग्छ । सम्पूर्ण जगत्को निमित्त र उपादान कारणका रूपमा रहेको ब्रह्म नै एक मात्र सत्य हो, जगत् ब्रह्मकै विवर्त हो, आभास मात्र हो । त्यसैले प्रकृतिका त्रिगुण र इहलोकमा कर्मफल, सुखदुःख अनि परलोकमा स्वर्ग र नरकप्रति चिन्तनको दार्शनिक आधार बनाइएको छ ।

## ३.३ माधव घिमिरेका गीतिनाटकमा त्रिगुणचिन्तन

घिमिरेका गीतिनाटकमा जगत्सम्बन्धी त्रिगुणचिन्तन पाइन्छ । घिमिरेले प्रकृतिका त्रिगुणलाई विभिन्न दृष्टिकोणबाट स्वीकार गरेका छन् । घिमिरेले जीवन र जगत्को सत्त्वगुण, तमोगुण र रजोगुणलाई स्वीकार गरेको देखिन्छ । यहाँ घिमिरेका गीतिनाटकमा व्याप्त जगत्सम्बन्धी धारणालाई विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ३.३.१ सत्त्वगुणसम्बन्धी चिन्तन

घिमिरेद्वारा लिखित *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकका चरित्रहरूमा साङ्ख्यदर्शनको त्रिगुणको चित्रण गरिएको छ । माधव घिमिरेका गीतिनाटकमा प्रयुक्त पात्रहरू त्रिगुणले युक्त देखिन्छन् । ती पात्रहरूको कार्यव्यापार चिन्तन व्यावहारबाट त्रिगुण व्यक्त भएको देखिन्छ । यहाँ क्रमशः घिमिरेका गीतिनाटकमा भएको त्रिगुणात्मक पक्षलाई विश्लेषण गरिएको छ । घिमिरेद्वारा रचित शकुन्तला गीतिनाटकको कथावस्तुको सुरुदेखि अन्त्यसम्मको कार्यव्यापारमा त्रिगुणात्मकता भेटिएको छ र प्रस्तुत गीतिनाटकमा त्रिगुणात्मकताको चित्रण गरिएको छ । *शकुन्तला* गीतिनाटककी नायिका शकुन्तला हुन् । कण्व ऋषिको आश्रममा हुर्किएकी धर्मपुत्री शकुन्तला शान्त र भद्र स्वभावकी नारी हुन् । प्रकृतिमा भएका सत्त्व, रजो र तमोगुणमध्ये सत्त्वगुणले युक्त नारी चरित्र हुन् । हस्तिनापुरका राजा दुष्यन्त नायक हुन् । उनमा श्रद्धा, स्नेह, दया विवेक, प्राणीप्रतिको प्रेम पाइन्छ । राजा दुष्यन्तमा सत्त्वगुण पाइन्छ । मुख्य पात्र नायक दुष्यन्त र नायिका शकुन्तलाबाहेक अन्य गौण पात्रहरू पनि सत्त्वगुणले युक्त छन् ।

विश्वामित्र ऋषि र मेनका अप्सराकी छोरी शकुन्तलालाई एकान्त वनमा भेटेका कण्व ऋषि र उनकी धर्मपत्नी तपस्विनी गौतमीले लालनपालन र भरणपोषण गरेर दुष्यन्त राजालाई कन्यादान दिएका छन् । यसर्थ कण्व ऋषि र गौतमी सत्त्वगुणले युक्त चरित्र हुन् । दया, माया, धर्म, कर्मबाट पञ्छिन चाहेनन् । कण्व ऋषिले धर्मपुत्री शकुन्तलाको खुशी र सुखी जीवन हेर्न चाहेका छन् । उनले खुशी हुँदै आशीर्वादको आकाशवाणी गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

शकुन्तला र दुष्यन्त, दुष्यन्त र शकुन्तला
विशाल धर्ती होओस्, महा मिलनको कथा (६/४२)

गीतिनाटककार घिमिरेले पनि नाटकको मङ्गलाचरणमा नै सत्त्वगुणले युक्त नाट्यांश यसरी व्यक्त गरेका छन् :

वायुपङ्खी चढी घोडा छाया पथ डुले पनि
तारा मण्डलका फूल पोल्टामा बटुले पनि
हिँड्दा हिँड्दै हराएझैँ आज मान्छे छ एकला
विशाल धरती होओस् महामिलनको थला (९) ।

गौण पात्रका रूपमा शकुन्तलाका सखी छन् । प्रियंवदा र अनसूयाले शकुन्तलालाई पत्रमार्फत् दुष्यन्तलाई सबै व्यथा पोख्ने सल्लाह दिएका छन् । शकुन्तला र दुष्यन्तको प्रेमलाई सुख, शान्त र प्रकाशमय बनेको हेर्न चाहन्छन् । प्रियंवदा र अनसूया सत्त्वगुणले युक्त चरित्र हुन् । त्यसैगरी गौण पात्रका रूपमा माधव्य, सेनापति, देवदूत रहेका छन् । देवदूतले आत्मज्ञानको दर्शन दिएर दुष्यन्तलाई विवेकी राजा बन्ने अवसर दिएका छन् भने माधव्य र सेनापतिले राजा दुष्यन्त र शकुन्तलाको भावी जीवन सुख र सन्तोष भएको हेर्न चाहेका छन् । त्यसैले गौण पात्र भए पनि प्रियंवदा, अनसूया, माधव्य, सेनापति, देवदूत, सत्त्वगुण भएका चरित्र हुन् । यही कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकको कथाका चरित्रहरूमा पूर्वीय दर्शनमा विद्यमान त्रिगुणको चित्रण गरिएको छ । *मालती मङ्गले* गीतिनाटकको कथाका चरित्रहरू कार्यव्यापारका दृष्टिले, स्वाभावका दृष्टिले र चिन्तनका दृष्टिले सत्त्वगुण, रजोगुण र तमोगुणको चित्रण गरिएको छ । गीतिनाटकको कथाको सुरुदेखि अन्त्यसम्ममा त्रिगुणात्मकता पाइन्छ । हुनत हरेक जीवात्मामा सत्त्वगुण, रजोगुण र तमोगुण हुन्छ । सत्त्वगुण सक्रिय भएका बेला रजोगुण र तमोगुण पराजित हुन्छन् । रजोगुण सक्रिय

भएका बेला सत्त्वगुण र तमोगुण पराजित हुन्छन् र तमोगुणको प्रभुत्व हुँदा सत्त्वगुण र रजोगुण पराजित हुन्छन् । यो प्रतिस्पर्धा मानव जीवनमा सधैँ चलिरहन्छ । प्रस्तुत *मालती मङ्गले* गीतिनाटकका नायकनायिका मङ्गले र मालती सत्त्वगुणले युक्त चरित्र हुन् । दुई कमारा कमारीको प्रेम प्रसङ्ग मार्फत् मान्छेले सुख र सन्तुष्टि प्राप्त गर्न सक्छ भन्ने सत्त्वगुण व्यक्त गरिएको छ । दया पनि मायाकै विस्तारित रूप हो र दयाको भावनाबाटै न्यायदृष्टिको उदय हुन्छ भन्ने धारणा सत्त्वगुणको धारणा हो । नायक मङ्गलेलाई बेचेर नायिका मालतीलाई कुदृष्टि राख्ने मालिक गोसाइँ कालो मन भएको तमोगुणी चरित्र हो । बेचिएको मङ्गलेको अवस्था बुझ्ने र बन्धनबाट मुक्ति गरिदिने गोरखाकी रानी सत्त्वगुण भएकी नारी चरित्र हुन् । मालती र मङ्गलेमा अन्तर्निहित प्रेमलाई चिरस्थायी रूपले मिलनमा पु¥याउनुका साथै उनीहरूलाई दासताबाट मुक्त गराउने घटनाचक्रको प्रस्तुति गोरखाकी सत्त्वगुण भएकी रानीले गरेकी छन् । उनले सत्त्वगुणले युक्त नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

कठै जुनीभरिलाई, किन बाँच्ने बरिलै
मानिसजस्तो हुनै नपाए - दुख्यो मेरो दिल (६/३६)

कमारी मालती र कमारो मङ्गलेको जीवन सुख, शान्त र प्रकाशमय बनोस् भन्ने कुरा गोरखाकी रानीले चाहेकी छन् । दुवैको मुक्तिका लागि कर्णफूल उपहार स्वरूप दिएकी छन् । अन्य गौण सत्त्वगुणले युक्त चरित्र गोसाईंकी कान्छी पत्नी हुन्, जसले पतिका विरुद्ध विरोध र प्रतिकार गर्न नसके पनि मङ्गले र मालतीको मायामा खुशी भएकी छन् । गौण चरित्रका रूपमा मङ्गलेको साथी गोपीको महत्त्वपूर्ण योगदान रहेको छ । सत्त्वगुणले युक्त मालतीको जवानी तमोगुणी गोसाईंले सतित्व लुट्न लाग्दा आफू मरेर र मारेरै भए पनि भाउजू मालतीको चरित्रलाई अक्षुण राखेको छ । अतः माधव घिमिरेद्वारा पूर्वीय दर्शनको सत्त्वगुणका आधारमा चरित्रको चित्रण गरिएको छ । मुक्तिको बाटोतर्फ अग्रसर भएको छ । यही कुरालाई गीतिनाटककार माधव घिमिरेले देखाएका छन् ।

*अश्वत्थामा* गीतिनाटकको कथामा पूर्वीय दर्शनमा विद्यमान त्रिगुणको चित्रण गरिएको छ । *अश्वत्थामा* गीतिनाटकको मुख्य चरित्र स्वयं अश्वत्थामा हो । चरित्रका माध्यमबाट गीतिनाटकको नामाकरण गरिएको छ । गीतिनाटकको कथाको सुरुदेखि

अन्त्यसम्म अश्वत्थामाको त्रिगुणता भेटिन्छ । सत्त्वगुण, रजोगुण र तमोगुण अश्वत्थामामा पाइन्छ तर यहाँ सत्त्वगुणको मात्र चित्रण गरिएको छ । हुनत अश्वत्थामा कथाको सुरुमा तमोगुणी चरित्रका रूपमा चित्रित छ । युद्ध अपराधी हुनु भनेको तमोगुणी सूचक हो । युद्ध अपराधबाट सम्पूर्ण मानव समुदाय प्रताडित हुन्छ र भएको छ तर अश्वत्थामा दुर्योधनलाई खुशी पार्नका लागि युद्ध अपराधी बनेको छ । अन्धो भएर हिँडेको छ । जब अश्वत्थामा पाण्डव वंशको गर्भको बीजलाई नष्ट गर्न तयार भयो, तब अर्जुनले अश्वत्थामाको जन्मदै लिएर आएको विवेकको मणि निकालिएपछि अन्धताबाट मुक्त भएर शान्त, भद्र, स्नेह, श्रद्धा, शुद्धता र स्वच्छन्दताका जस्ता सत्त्वगुणी गुण लिएर हिँडेको छ । सुख, शान्ति र आनन्दको खोजीमा अश्वत्थामा हिँडेको छ । यो उसको सत्त्वगुण चरित्र हो । शान्ति र मुक्तिको मार्गमा हिँडेको अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा सत्त्वगुणले युक्त नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

> यस पर्वतमा बस्ता बल्ल विश्राम पाउँछु
> युद्धले ध्वस्त धर्तीमा शान्तिको धाम पाउँछु
> विष प्यूँथे यतिन्जेल अब अमृत प्यूँदछु
> मृत्यु ज्यूँथे यतिन्जेल अब जीवन ज्यूँदछु । (२/१५)

विवेकको मणि निकालिदिएपछि अश्वत्थामामा सत्त्वगुणले युक्त चरित्र बनेको छ । अश्वत्थामा शान्तिको खोजीमा हिँडेको छ । पर्वतमाथि निर्मल बराह पोखरीको डिलमा बस्दा आनन्दको महसुस गरेको छ । युद्धका समयमा आवेशमा आएर सुतेका बालकमाथि आग्नेयअस्त्र प्रहार गरेकै कारण उसले असह्य पीडानुभूति सहनुपरेको छ । अमृत पिएर बाँच्नु पर्ने मानिस विष पिएर बाँचेको अनुभूति गरेको छ । आफैले बर्साएका वाणहरूबाट शत्रुलाई भएको छट्पटीको अनुभूति भएको छ । ती वाण झिक्दा पनि पीडा हुने र नझिक्दा पनि सर्वदा पीडाले पोलेको भान भएकाले अश्वत्थामा सद्गुणको मार्गमा हिँडेको छ । अश्वत्थामालाई सत्त्वगुण, रजोगुण र तमोगुण अर्थात् त्रिगुणले चरित्रचित्रण गर्न सकिन्छ । *अश्वत्थामा* गीतिनाटकमा पधेर्नी चरित्रलाई सत्त्वगुणको रूपमा चित्रण गरिएको छ । पधेर्नीहरू अत्यन्त दयालु र सहयोगी भएकाले आफ्नो थापिरहेको भाँडो निकालेर अश्वत्थामालाई पानी पिउन आग्रह गर्छन् । अश्वत्थामाको विवशता बुझेपछि उनीहरू आफ्नै हातले पानी खुवाउँछन् । यो सत्त्वगुणको परिचय हो, मोक्षको सूचक हो । यही कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*देउकी* गीतिनाटककी नायिका मल्लिका सत्त्वगुणले युक्त चरित्र हुन् । घिमिरेद्वारा रचित *देउकी* गीतिनाटकको कथावस्तुको सुरुदेखि अन्त्यसम्मको कार्यव्यापारमा त्रिगुणात्मकता भेटिएको छ । प्रस्तुत गीतिनाटकमा त्रिगुणात्मकतामा रहेको सत्त्वगुणको चित्रण गरिएको छ । *देउकी* गीतिनाटककी मल्लिका सत्त्वगुणले युक्त चरित्र हुन् । शुद्धता, स्वच्छन्दता, पवित्रता मल्लिकाका विशेषता हुन् । बालिकालाई देउकी बनाएर वा देउतालाई चढाएर उनीहरूमा सदा अविवाहित राख्ने नेपालको एक रुढिभूत परम्पराका रूपमा मल्लिकालाई उभ्याइएको छ । छलले, बलले, करले देउकी बन्न बाध्य नारीको जीवन्त कारुणिक अवस्थाको चित्रण गरिएको छ । हुनत मानव जीवन त्रिगुणात्मकताको उपज हो तर यहाँ मल्लिकाको चरित्रमा भएको सत्त्वगुणको चर्चा गरिएको छ । मल्लिका जतिसुकै दुःख र कष्ट भोगेर बाँचे पनि सत्त्वगुणले अभिप्रेरित चरित्र हो । मल्लिका शुद्धता, स्वच्छन्दता र प्रकाशमयको प्रतीक हो तर अन्धविश्वासका कारण देउकी मल्लिकाको जीवन दयनीय बनेको छ । समाजले उनीहरूको मानसम्मान गर्नुपर्ने, मानवीय दृष्टि राख्नुपर्ने, आध्यात्मिक आस्था रुढिग्रस्त बन्न नहुने, सामाजिक प्राणी मान्छेलाई समाजभन्दा बाहिर राख्ने जस्ता अमानवीय व्यवहार हटाउनु पर्ने, दया, माया र प्रेमभन्दा ठुलो केही हुन नसक्ने सत्त्वगुणी भाव हुनुपर्ने आशय व्यक्त भएको छ । यसै सन्दर्भमा देउकी मल्लिकाले सत्त्वगुणले युक्त नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

कस्तो हुन्थ्यो बाल्यकालमा पाए फेरि फर्कन
मूर्च्छाभित्र बाँचेजस्तो समय सारा बिर्सन
कल्ले भेट्ला आँसुका धर्का यी
लैजाऊ मेरा बाबा हो ।
त्यै खेलेको आँगनीमा फेरि फर्काई (७/४६)

अन्त्यमा पिता र पुत्रीका बिच प्रगाढ स्नेह, माया, प्रेम, सरल र सरस आनन्दको अनुभूतिको विस्तार भएर सत्त्वगुण प्रेरित भएको छ । सत्त्वगुणले युक्त चरित्र मल्लिकाको पिताले अन्धभक्त भएर बाध्यतामा परेर छोरी मल्लिकालाई भगवान्मा अर्पिए पनि छोरीप्रतिको प्रगाढ प्रेमले छट्पटिदै निषिद्ध बस्तीमा पुगेको छ । निषिद्ध बस्तीमा मन्दिरमा अर्की देउकी सत्त्वगुणले युक्त चरित्र हो, जसले देउकी मल्लिकालाई सहयोग गरेकी छे, माया गरेकी छे । अतः मल्लिका, पिता, अर्की देउकी सत्त्वगुणले युक्त चरित्र हुन् । यही कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा त्रिगुणात्मकताको चित्रण गरिएको छ । *बालकुमारी* गीतिनाटककी नायिकालाई सत्त्वगुणले युक्त नारी चरित्रका आधारमा चित्रण गरिएको छ । बालकुमारीको बैंसमा नै विधवा भएकी सत्त्वगुण भएकी नारी चरित्र हो । पति शिवशङ्करको मृत्युपश्चात् बालकुमारीको जीवन अधुरो, अपुरो, शून्य भए पनि शान्त, भद्र स्वभावकी नारी चरित्र हो । उनको प्रकाशमय जीवनमा पतिको मृत्युले सपना र विपनाको दोसाँधमा पुर्‍याएको छ । सरल, सरस र आनन्दको अनुभूति बालकुमारीमा पाइए पनि परिवेश उनको पक्षमा देखिँदैन । आश्रमकी गुरुआमाका उपदेशमा विधवाको पुनर्विवाह हुनुपर्ने वैचारिक सन्देश सत्त्वगुणका रूपमा अभिव्यञ्जित भएको छ । बालकुमारी प्रार्थना सकेर कसैलाई पर्खेझैँ गरी सिँढीमा उभिएका बेला मानवतावादी विचारले उत्तरकुमारबाट विधवाको सामाजिकीकरण गर्ने सत्त्वगुणी विचार लिएको छ । सत्त्वगुण भएका मानिसमा चेतनाशक्ति फराकिलो हुन्छ । त्यो चेतना उत्तरकुमारमा पाइन्छ । धार्मिक मान्यताअनुसार पार्वती सत्त्वगुणी चरित्र हुन् र शिव भगवान् रजोगुणी चरित्र हुन् । तर सत्त्वगुणले युक्त चरित्र पार्वतीले रजोगुणी भगवान्सँग सत्त्वगुणी नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

हेर, नारीजातिको आँसु बरबरी यो
टुक्रा मेरै छातीको काँप्छ थरथरी हो ।
लाख लाख नारीको आँसु आँखाभरि भो
थाम्न मैले सकिन आँसु पाखा भरि भो । (७/५०)

उल्लिखित सत्त्वगुणले युक्त पार्वतीको कथनमा विधवा नारीप्रति सहानुभूति प्रकट गर्नु देवादिदेव महादेवका कारुणिक कथनमा शिवजीले विधवा नारीहरूलाई आफ्नै काखमा स्थान दिँदै अब उप्रान्त नारीले विधवा हुनुपर्दैन भन्ने आशीर्वचन दिएर पार्वतीसँगै अन्तर्धान भएका छन् । विधवा नारीको पुनर्विवाह हुनुपर्ने उनीहरू पनि अर्धनारीश्वरका रूपमा रहनुपर्ने सत्त्वगुणले युक्त विचार घिमिरको *बालकुमारी* गीतिनाटकमा रहेको छ । नायिका बालकुमारीको सुखद दाम्पत्य जीवनदेखि वैधव्य जीवनको कारुणिक अवस्था देखाएर पुनर्विवाह गरेर सरल, सरस, आनन्दले बस्न उत्प्रेरणा गरिएको प्रसङ्ग सत्त्वगुणले युक्त प्रसङ्ग हो । यही कुरालाई गीतिनाटककार घिमिरले देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा सत्त्वगुणसम्बन्धी पूर्वीय दर्शनको अवधारणाले प्रभाव पारेको देखिन्छ । घिमिरेका गीतिनाटकमा पात्रमा त्रिगुणात्मकता भेटिएको छ ।

घिमिरेले जीवन र जगत्‌को सत्त्वगुण, रजोगुण र तमोगुणलाई स्वीकार गरेको देखिन्छ । गीतिनाटकमा दया, माया, श्रद्धा, स्नेह, विवेक, प्राणीप्रतिको प्रेम रहेको कुरालाई घिमिरेका व्यक्त वैचारिक पक्षले प्रस्ट पारेका छन् ।

### ३.३.२ रजोगुणसम्बन्धी चिन्तन

घिमिरेद्वारा लिखित *शकुन्तला* गीतिनाटकमा साङ्ख्यदर्शनको प्रकृतिका त्रिगुणात्मकताको चित्रण गरिएको छ । त्रिगुणमध्ये *शकुन्तला* गीतिनाटकमा रजोगुणको चित्रण गरिएको छ । रजोगुण भनेको दुःखको प्रतीक हो । *शकुन्तला* गीतिनाटकको कथालाई अघि बढाउनका लागि पात्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पात्रहरूद्वारा गरिने विभिन्न कार्यव्यापारका आधारमा घट्नाहरू घटित हुन्छन् । यस अध्ययनमा *शकुन्तला* नाटकको कथामा प्रयोग भएका राजा दुष्यन्त र शकुन्तला, विश्वामित्र, ऋषि र अप्सरा मेनका पात्रहरूलाई मात्र विश्लेषणका क्रममा उपयोग गरिएको छ । यी पात्रहरूलाई रजोगुणले युक्त चरित्रका रूपमा चित्रण गर्न सकिन्छ । आफूले जन्माएकी पुत्रीलाई धर्तीमा आई जङ्गलको एक कुनामा छाड्नु रजोगुणी चरित्र हो । बाबुआमाले गर्नुपर्ने धर्म, कर्म र कर्तव्यपरायणताबाट भाग्नु हो । पुत्री शकुन्तलालाई जङ्गलमा एक्लै छाडेर आफ्नो कर्तव्य भुलेर विश्वामित्र ऋषि र अप्सरा मेनकाले रजोगुणी चरित्र देखाएका छन् । सत्त्वगुणले युक्त चरित्र कण्व ऋषिले लालन पालन गरेर कर्तव्यपरायणताबाट पछि हटेका छैनन् । राजा दुष्यन्त र शकुन्तला पनि सत्त्वगुणले युक्त चरित्र हुन् । प्रेममा नजिकिँदै जाँदा उनीहरूमा तमोगुणी विशेषता झाँगिँदै गएको छ । रजोगुण सक्रिय हुँदा सत्त्वगुण निष्क्रिय भएको छ र तमोगुण पनि निष्क्रिय भएको छ । राजा दुष्यन्तमा आफूभित्र भएको देवदूतले छल गर्दा शकुन्तलालाई बिर्सिएको छ । यो दुःखको कारण हो । रजोगुणले दुःख मात्र दिन सक्रिय हुन्छ । रजोगुणले युक्त शकुन्तलाले रजोगुणी नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> यात्री त्यो वनको फूल छोएर मात्र जान्छ कि
> जिन्दगी वनबालाको रोएर मात्र जान्छ कि (३/२५)

नायिका शकुन्तलामा विरहवेदना भक्कानिएको देखिन्छ । रजोगुणको विशेषता भनेकै दुःख हो । शकुन्तलाले आफ्ना मनका भावनाहरू दुष्यन्त सामु खुलस्त पार्न सकेकी छैन । आफ्नो जिन्दगी रोएर मात्रै बित्ने पो हो कि भन्ने चिन्ताले व्याप्त देखिन्छे । शकुन्तलाको चिन्ताको विषय भनेको दुष्यन्तसँगको रतिरागात्मक मिलन

हो । अन्ततः दुष्यन्तले आफैं भित्रको देवदूतको दर्शन पाएपछि प्रेमिका शकुन्तलालाई पत्नीको रूपमा अँगाल्दछ । यो दुष्यन्त र शकुन्तलाको रजोगुणी चरित्र हो । राजा दुष्यन्तको मान, सम्मान बढेको छ । शकुन्तलाको क्रोध र ईर्ष्या समाप्त भएको छ । दुवैको मनमा यौनको मृगतृष्णा भएर तड्पिएर बाँच्नु परेको बाध्यता र विवशता रक्त वर्णमा परिणत भएको छ । सम्पूर्ण मानवीय क्रियाव्यापार यही रजोगुणको प्रभावमा परेर विषय वासनाप्रति आकर्षण भएका छन् । यही रजोगुणी चरित्र घिमिरेले *शकुन्तला* गीतिनाटकमा प्रयोग गरेका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा रजोगुणको चित्रण गरिएको छ । साङ्ख्यदर्शनको त्रिगुणमध्ये रजोगुण पनि प्रमुख गुण हो । पात्रका चरित्रका आधारमा *मालती मङ्गले* गीतिनाटकमा रजोगुणको चित्रण गरिएको छ । रजोगुणले युक्त प्रमुख पात्रका रूपमा मालती र मङ्गले रहेका छन् भने गौण पात्रका रूपमा गोसाईं, कान्छी, गोसाईं, मङ्गलेको दोस्रो खसम रहेका छन् । हँसिलो अनुहारको छब्बीस वर्षको मङ्गले मालतीलाई असाध्य माया गर्छ । आफ्नी पत्नीमाथि आइपर्ने हर चिन्ता, दुःख, कष्टमा चिन्तित भएको छ । दासले भोग्नुपर्ने पशुवत् यातना सहेर पनि मालतीको हेर विचार गर्छ तर यौन तृप्तिका लागि कान्छी गोसाईं भित्र्याएको मालिक गोसाईंले मालती र मङ्गलेलाई दुःख र कष्टभन्दा अरू केही दिएको छैन । गोसाईं रजोगुणी चरित्रले युक्त गौण पात्र हो । मालती र मङ्गलेलाई दुःखको भवचक्रमा पारिरहन्छ । नायक र नायिकाको प्रेमालापपछि इन्द्रियहरू विषयवासनाले आकर्षण हुन्छन् । यो स्वाभाविक हो तर पवित्र, अजर, अमर प्रेमलाई छुटाएर गोसाईं रजोगुणी चरित्र बनेको छ । मङ्गलेलाई दोस्रो खसमलाई बेचेपछि गाउँले सामु मङ्गलेले रजोगुणी नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

> शिरको टोपी भुइँमा राखी म गर्छु विनती
> गाउँको भाइ हो, शरणमा छोडें एकली मालती (४/२३)

मङ्गलेले आफूलाई पशुझैं बेच्दा नबेच्न दयाको भिख मागेको छ । कमारो हुन विवशताका कारण गोसाईंले साहुकहाँ बेच्दा पनि मङ्गलेले विरोध गर्न सकेको छैन । दोस्रो खसम साहु रजोगुणले युक्त चरित्र हो । उसले मङ्गलेलाई साङ्लाले बाँधेर भारी बोकाउँदा र साङ्लाले बाँधेर पशुलाई डोऱ्याएर जता लग्यो त्यतै डोरिँदै

लगेभैँ लगेको छ। यो नयाँ साहुको रजोगुणी चरित्र हो। कान्छी गोसाईंले मालती र मङ्गलेको जोडीलाई मन पराएको कुरा गोसाईंलाई मन परेको छैन । कान्छी गोसाईंले मालती र मङ्गलेको जोडीलाई मन पराएको देखेर गोसाईंको मनमा ईर्ष्या, घृणा, शङ्काको बीजारोपण भएको छ। त्यसैले गोसाईं रजोगुणले युक्त गौण चरित्र हो। अन्तमा गोरखाकी सत्त्वगुणले युक्त चरित्र भएकी रानीको सहायताबाट छुट्कारा पाएपछि मालती र मङ्गलेको पुनर्मिलन भएको छ। विषयवासनाप्रतिको आकर्षणले मालती र मङ्गले पुनः एक भएका छन् । यही कुरालाई नाटककार घिमिरेले देखाएका छन्।

*अश्वत्थामा* गीतिनाटकमा पात्र र चरित्रका आधारमा रजोगुणको चित्रण गरिएको छ । *अश्वत्थामा* गीतिनाटकको नायक अश्वत्थामा रजोगुणले युक्त चरित्र हो । *अश्वत्थामा* गीतिनाटकको कथाको सुरुदेखि अन्त्यसम्म अश्वत्थामाको कार्यव्यापारमा त्रिगुणात्मकता भेटिएको छ । अश्वत्थामा आफूभित्रको सत्त्वगुणलाई भुलेर, आफ्नो कर्तव्य भुलेर रजोगुण प्रवृत्तिको पछिपछि दगुरेको छ । अश्वत्थामा आफैँले रजोगुणले युक्त नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

> म युद्ध अपराधी हूँ आफैँले कसरी कहूँ
> कैल्यै नसकिने पीडा सहूँ हे, कसरी सहूँ
> मैले आवेगमा आई छोडेँ आग्नेय अस्त्र जो
> एउटै अस्त्रले ओहो प्राण हर्न सहस्रको
> त्यै अग्निवाण फर्केर आगो लागि रहेछु म
> अहे हैन अरूदेखि, मैदेखि भागिरै छु म (१/७)

अश्वत्थामाले छल र बलको युद्ध गरेको छ। यो रजोगुणले युक्त चरित्र हो। अर्जुनले शिरको मणि झिकिदिएपछि कहिल्यै निको नहुने दुःख र पीडाको घाउ बोकेर हिँडेको छ। अश्वत्थामाले युद्ध आपराधिक कार्य गरेको हुनाले युद्ध अपराधी भएको तत्त्वज्ञान खुलेको छ । यो सत्त्वगुणले युक्त चरित्र हो तर पूर्वज्ञानको सम्झनाले कहिल्यै नसकिने पीडा भोग्न बाध्य भएको महसुस गरेको छ । यो दुःखको भवचक्र हो । आफूले हजारौँको ज्यान लिन प्रहार गरेको आग्नेय अस्त्र आफैँमाथि फर्केर आगो लागिरहेको जस्तो अनुभूत गरेको छ । रगतको खोलो बगाएर बसेको अश्वत्थामा अशान्त र तिरस्कृत जीवन व्यतित गर्न बाध्य भएको छ। युद्धमा आफूमा उर्लेको आवेशका कारण धेरै निर्दोषहरूको हत्या भएको कुरा

सम्झेर ग्लानिले छटपटाएको छ । नारीको सर्वस्वका रूपमा लिइने सिन्दूर पुछ्ने अश्वत्थामाको टाउकामा पधेर्नीहरूले घाउमा औषधी लगाइदिएर नारी गुणले युक्त चरित्रका रूपमा देखा परेका छन् । रजोगुणले युक्त अश्वत्थामाले नारीहरूमाथि क्रुरतापूर्ण अपराध गरेका छन् । निर्दोष बालकमाथि युद्ध अपराध गरेका छन् । अश्वत्थामाले कवि सामु पुनः रजोगुणले युक्त नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

गर्भमा शत्रु नारीको त्यो राँको सोस्न निस्किएँ
मान्छे भएर मान्छेकै भविष्य मास्न निस्किएँ
एकै बार झपारेर फर्कियो बज्रको ध्वनि
बारम्बार पिरोलिन्छु यो मैले के गरेँ भनी (७/७०)

अश्वत्थामाले कवि सामु आफूले गरेका मोह, ईर्ष्या, द्वेष, क्रोध, रागलाई व्यक्त गरेका छन् । आफूभित्रको रजोगुणी तत्त्वले सारा विश्व मानव समुदाय दुःखको भवचक्रमा रहेको कुरा व्यक्त गरेका छन् । अन्ततः घिमिरेको *अश्वत्थामा* गीतिनाटकमा अश्वत्थामालाई रजोगुणी चरित्रका रूपमा घिमिरेले देखाएका छन् ।

*देउकी* गीतिनाटकमा साङ्ख्यदर्शनको त्रिगुणात्मकताको चित्रण गरिएको छ । गीतिनाटकभित्रको कथानकलाई अगाडि बढाउनका लागि पात्रको महत्त्वपूर्ण भूमिका हुन्छ । पात्रद्वारा गरिने विभिन्न कार्यव्यापारका आधारमा घटनाहरू घटित हुन्छन् । *देउकी* गीतिनाटकमा पात्रहरूका रूपमा नायिका मल्लिकालाई विवाह गर्न चाहने युवक अर्जुनलाई विश्लेषणका क्रममा उपयोग गरिएको छ । यिनै पात्रहरूले प्रस्तुत गीतिनाटकको कथाको कथानकलाई अघि बढाएका छन् । यसरी उनीहरूको चरित्रको क्रियाकलापमा रजोगुणको के कस्तो प्रभाव छ भनी रजोगुणले युक्त चरित्रको चित्रण गरिएको छ । गीतिनाटकमा आरतीको ताप लिने बेलामा नायक अर्जुन र मल्लिकाका आँखा नजानिँदो तबरले जुधेपछि रजोगुणले युक्त चरित्र गतिशील हुन्छ । एकातिर मल्लिकामा भक्तिभाव देखिन्छ भने अर्कातिर रजोगुणले युक्त चरित्र देखा परेको छ । मल्लिका भक्तिनी हो भन्ने जान्दाजान्दै पनि अर्जुनमा पलाएको रजोगुणी चरित्रले मन्दिरबाट निस्केको अर्जुन बाटुलो जुन देखेर टक्क अडिएको छ । अर्जुन मल्लिकालाई प्रभावित पार्न मुरली बजाउँदछ । मुरलीको भाकाले बोलाएझैँ जस्तो लागेर मल्लिकाले मन्दिरको ढोकामा लुकेर अर्जुनले गाएको गीत सुनेकी छ । यहाँ भक्तिनीको चरित्र तमोगुणी चरित्रका रूपमा अघि बढेको

पाइन्छ । मल्लिकालाई आकर्षित पार्न अर्जुनले रजोगुणले नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी व्यक्त गरेका छन् :

मन्दिरमा आरतीको ताप लिँदाखेरि
देवदासी मल्लिकालाई देखेँ आफूनेरि
नारी हो कि सौन्दर्य हो, सोच्न अझै बाँकी
गुनिरहूँ कि सुनिरहूँ मुरलीमा राखी (२/१७)

मल्लिकाले पनि रजोगुणले युक्त नाट्यांश यसरी प्रस्तुत गरेकी छ :

गोधूलिको साँझमा आरतीको बेलामा
मन्दिरमा देखा पर्‍यो भक्तजनको भेलामा
मुसुमुसु हाँसोले मुखै झलमल्ल हो
आज फुस्रो हाँस्तछौ - परैँ अलमल्ल हो (३/२२)

नायक अर्जुन र नायिका मल्लिकाले चन्द्र र तारा साक्षी राखेर लगाएको पिरती रजोगुणी पिरती हो । वसन्त ऋतु, जुनेली रात र एकान्त वन कुञ्जमा पसेर शारीरिक रतिक्रीडाको अवस्थामा पुगेका छन् । नायक अर्जुन र नायिका मल्लिका रजोगुणी चरित्र छताछुल्ल भएको छ । रजोगुण आफैँमा दुःख उत्पादन गर्ने कर्ता हो । मल्लिकाले अर्जुनसँग विवाह गरेपश्चात् अर्जुनबाट, सासूबाट माया पाउन सकेकी छैन । मल्लिका दुःखको भवचक्रमा फँसेकी छे । अर्जुनसँग घरजम हुन नसकेपछि पुनः मन्दिरमा नै फर्किएकी छ । पतिका घरबाट भएको उपेक्षा र मन्दिरमा भएका अपमानपूर्ण व्यवहारबाट भागेकी मल्लिका निषिद्ध बस्तीमा पुगेकी छ । निषिद्ध बस्तीबाट पनि लखेटिएकी मल्लिकाको जीवन नरक तुल्य बनेको छ । यसरी घिमिरेले साङ्ख्यदर्शनको रजोगुणले युक्त चरित्रका रूपमा नायक अर्जुन र नायिका मल्लिकालाई प्रयोग गरेका छन् ।

*बालकुमारी* गीतिनाटकमा पूर्वीय दर्शनको त्रिगुणात्मकताको चित्रण गरिएको छ । साङ्ख्यदर्शनको प्रकृतिका तीन विशेषतामध्ये *बालकुमारी* गीतिनाटकमा रजोगुणको चित्रण गरिएको छ । *बालकुमारी* गीतिनाटकमा प्रमुख पात्र शिवशङ्कर, बालकुमारी, उत्तरकुमार, दैवी चरित्र शिव भगवान्लाई लिइएको छ । पात्रद्वारा गरिने विभिन्न कार्यव्यापारका आधारमा घट्नाहरू घटित हुन्छन् । यसैका आधारमा रजोगुणी चरित्रको चत्रिण गरिएको छ । नायक शिवशङ्कर र नायिका बालकुमारी मृगस्थलीको प्राकृतिक दृश्य हेर्दै हिँडेका हुन्छन् । बालकुमारी कुमारीहरूका साथ किरातेश्वरको मूर्ति सामु नृत्य गरिरहँदा शिवशङ्कर एकान्तमा बसेर चित्र

उतारिरहेको हुन्छ । नृत्य सकिएपछि बालकुमारी चित्र बनाइरहेको शिवशङ्करको छेउमा पुगेर आफ्नो चित्र देख्दा आश्चर्यमा पर्छे । जन्म, मृत्यु, प्रेम, विवाह, दुर्घटना मानिसको नियन्त्रमा छैन । यो सबै दुःख उत्पादन कर्ता हो । शिवशङ्करको मृत्युपश्चात् बालकुमारीको जीवन शून्य बनेको छ । बालकुमारीको जीवन अधुरो, अपुरो र शून्य भएको छ । रजोगुणले यही कुराको सङ्केत गर्दछ । निद्रामै उठेर हिँड्ने रोग भएकी बालकुमारी सौभाग्यपूर्ण वस्त्र, सिन्दूर लगाएर सपना र विपनाको दोसाँधमा बाहिर पुरुष आकृति देखेर उत्तरकुमारको छेउमा उभिएकी छ । बालकुमारीको यो अवस्था देखेर उसका सासू, ससुरा, नन्दले ईर्ष्या, क्रोध र द्वेष चरित्र देखाएका छन् । बालकुमारीको दुःख र दर्दलाई सहन नसकेर सत्त्वगुणले युक्त पार्वतीले आफ्ना पति शिवसमक्ष रजोगुणी नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

> हिमालयका छोरीको
> पानी हैन - आँसु बग्छ - सात गंगाभरि यो
> कठैबरी, कठैबरी, कठैबरी हो (७/५०)

यहाँ घिमिरेले बालकुमारीलगायत बैंसमा नै विधवा बनेका नारीहरूको अन्तर्पीडा मथिएर आँसुका रूपमा बरबरी झरेको देख्दा पार्वतीले रजोगुणले युक्त र ध्यानमा मस्त रहेका देवादिदेव महादेवसमक्ष विन्ती जाहेर गरेकी छन् । जतातत्तै विधवाका पीडा, दुःख र क्रन्दन सुनेर विधवालाई सबै पक्षबाट सहयोग र समर्थन हुनुपर्ने आग्रह शिवजीसमक्ष राखेकी छन् । अर्धनारीश्वरका रूपमा परिचित महादेवले दिएको आशीर्वाद पनि रजोगुणी आशीर्वादमात्र बनेको कुरा घिमिरेले बालकुमारी गीतिनाटकमा देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा रजोगुणसम्बन्धी पूर्वीय दर्शनको अवधारणाले प्रभाव पारेको देखिन्छ । घिमिरेका गीतिनाटकमा चरित्रका आधारमा रजोगुणले युक्त चरित्र चित्रण पाइन्छ । पात्रका चरित्रमा अहङ्कार, ईर्ष्या, क्रोध, मृगतृष्णाले दुःखको भवचक्रमा जेलिएको घिमिरेले गीतिनाटकमा देखाएका छन् ।

### ३.३.३ तमोगुणसम्बन्धी चिन्तन

घिमिरेद्वारा रचित शकुन्तला गीतिनाटकको कथावस्तुको आरम्भदेखि अन्त्यसम्मको कार्यव्यापारमा त्रिगुणात्मकताको चित्रण गरिएको छ । नाटकमा

त्रिगुणात्मकताको प्रयोग भए तापनि यहाँ तमोगुणको मात्र चर्चा गरिएको छ । नाटकको नायक दुष्यन्त, नायिका शकुन्तला र विश्वामित्र तमोगुणले युक्त चरित्र हुन् । दुष्यन्त र शकुन्तलाको पहिलो भेटबाट नै पलाएको प्रेमलाई चिरस्थायी रूपले मिलनमा पुऱ्याउँदासम्म तमोगुणले युक्त भएको छ । वन संस्कृति र सहरी सभ्यताका यान्त्रिक जीवनका कटुता, अशान्ति, आत्मविद्रोह र विसङ्गति, छलकपट, धोका, कृतिमता तमोगुणका सूचक हुन् । दुष्यन्त र शकुन्तलाको मिलनदेखि विछोड अनि पुनर्मिलनजस्ता आरोह अवरोह प्रेममय जीवनमा आउनु दुई संस्कृतिका बिचको परस्पर विरोधी गुणका कारक हुन् । पवित्र प्रेम गर्ने प्रेमिका शकुन्तलालाई उपेक्षा गर्नु दुष्यन्तको तमोगुणले युक्त मानवतावादी व्यवहार हो । तमोगुणी चरित्र भएको दुष्यन्तले पहिलो भेटमै शकुन्तलालाई प्रेम प्रणयले युक्त मधुर भावका साथ कामोदीपक बनाएको छ । दुष्यन्तका माध्यमद्वारा तमोगुणी नाट्यांशलाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> दिलमा बस्न खोजझैँ पहेंली पातली कुनै ।
> सूर्यलाई चढाएझैँ कूल हे चिर सुन्दरी ।
> पलापला पसीरैछौ रूपको अमरापुरी । (१/१५)

दुष्यन्त वनस्थलीको गोरेटोको किनारमा असारेको बोटमुनि प्रेमभावमा एकोरिएका छन् । शकुन्तलालाई नभेटी हस्तिनापुर नजाने अठोटमा छन् । आफ्ना कुनै पनि कार्यप्रति प्रवाह नगरी शकुन्तलाप्रति एकोहोरिनुले दुष्यन्तमा तमोगुण उत्कर्षमा पुगेको छ । मालिनी नदीको तीकारे लताकुञ्जमा शकुन्तला र साथीहरू निर्धककले कुरा गरिरहेको दुष्यन्तले थाहा पाउँदछ । शकुन्तलामा प्रेमविह्वल तथा चिन्ताग्रस्त स्थितिलाई देखेर सखीहरू कमलको पात लिन जाँदा एकान्तको मौका छोपी लताकुञ्जमा लुकेर कुरा सुनिरहेको दुष्यन्तले शकुन्तलालाई प्रेममा विश्वस्त तुल्याएर शारीरिक रूपमै रतिरागात्मक मिलनमा गर्भवती बनाएको छ । यो दुष्यन्त र शकुन्तलाको तमोगुणी चरित्र हो । तमोगुण आफैंमा चञ्चलता र दुःखदायीको प्रतीक हो । रजोगुण सक्रिय भएका बेला सत्त्वगुण र तमोगुण मौन रहन्छन् । शकुन्तलामा आफूले दुष्यन्तसँग गरेको दुष्कर्मले विरहवेदनामा परेकी छ । प्रेममा धोका भएको थाहा पाएपछि शकुन्तला मन्दिरतुल्य कुटी, देवतातुल्य पिता (कण्व ऋषि) र माता (गौतमी) मायाका साथ हुर्केको आँगन, दिदीबहिनीतुल्य सखी सबैबाट बिदा हुनुपर्ने बाध्यता सिर्जित भएको छ । तमोगुण दुःखको प्रतीक हो । त्यसैले दुर्वासा ऋषिले समेत श्रापतुल्य वचन दिएका छन्, भविष्यमा आउने

विपत्तिको सङ्केत गरेका छन् । दुर्वासा ऋषि तमोगुणी चरित्र हुन् । अन्तमा नवजात शिशु अवस्थादेखि नै पालिएकी आफ्नै पुत्रीतुल्य शकुन्तलालाई राम्ररी बुझ्दै नबुझेको र पहिले कहिल्यै नदेखेको केटाकहाँ पठाउँदा तपस्वी भए पनि ऋषि र ऋषि पत्नी दुःखी भएका छन् । उनीहरूमा तमोगुण उत्पन्न भएको छ । यही कुरालाई घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको त्रिगुणात्मको चित्रण गरिएको छ । यसमा घिमिरेले प्रयोग गरेको रजोगुणको खोजी गरिएको छ । *मालती मङ्गले* गीतिनाटकको नायक र नायिका मालती र मङ्गले हुन् । मालती मङ्गले गीतिनाटकको सुरुमै वनकिनारको पाखाबारीमा मालती र मङ्गले प्रेममय वातावरणबाट सुरु हुन्छ । घैया छरिरहेको बेला ख्यालठट्टा गर्दै प्रेमप्रणयपूर्ण प्रसङ्गले उनीहरूमा तमोगुण व्याप्त भएको छ । आफू कमारो कमारी भएको यथार्थ बिर्सेर प्रेममा डुबिरहेका छन् । भोक, प्यास र थकाइको पनि तमोगुणले गर्दा पत्ता पाएका छैनन् । गौण पात्रका रूपमा रहेको तमोगुणले युक्त चरित्र गोसाईं देखा पर्छ । घरमा दुईदुईवटी पत्नी भएर पनि पानी खाने निहुँले कुनियतका साथ सत्त्वगुणले युक्त मालतीको प्रसंशा गर्छ । आफ्नी प्यारी बनाउनका लागि गोसाईं मालतीलाई कमारीको रूपमा किनेको बताउँछ । यो गोसाईंको तमोगुणले युक्त कामुक चरित्र हो । तर सत्त्वगुणले युक्त मालतीले आफूले गरेको सेवा सुसार दासले मालिकप्रति गर्ने कर्तव्य बताउँदै सिन्दूरको सराप लाग्ने कुरा व्यक्त गर्छे । घिमिरेले गोसाईंका माध्यमद्वारा तमोगुणले युक्त नाट्यांश यसरी प्रस्तुत गरेका छन् :

कमारीलाई जसले किन्यो, उसैको अधिकार
दिल पनि किनूँ दिलैले भनी माग्दै छु माया प्यार (२/१२)

प्रतिउत्तरमा नायिका मालतीले नाट्यांशमै तमोगुणले युक्त उद्गार व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

छायाँ भन्दै हेर्दै थिएँ राक्षस पो रै'छ
राक्षसले छुन खोज्यो सुन्केस्राको वैंस (५/१२)

कमारा कमारी ठानेर हेयका दृष्टिले हेर्ने र उनीहरूलाई जे जति अन्याय अत्याचार गरे पनि हुन्छ भने सोचाइ तमोगुणले युक्त गोसाईंमा रहेको छ । गोसाईंका इन्द्रियहरू विषयवासनाप्रति आकर्षण भएका छन् । त्यसैले त गोसाईंले कमारो मङ्गलेलाई बेचिदिएको छ । मालती र मङ्गलेलाई दुःखको भवचक्रमा

जेलिन बाध्य बनाएको छ । गोसाईंको मालतीमाथि रहेको कुदृष्टि, विकृतिजन्य मनोविकारले गर्दा मङ्गले बेचिदा अपराधी गोसाईंको मन रमाएको छ । मङ्गले खोप्राको पिँढीमा मालतीसँग बिदा माग्दा दुवैको मन पीडा, त्रास, चिन्ताले अशान्त भएको छ । बेचिनबाट जोगिनका लागि गोसाईंसँग लाखपटक अनुनय विनय गरे पनि तमोगुणले युक्त निर्दयी गोसाईं आत्मरति बनेको छ । मङ्गले पशुतुल्य पराधीन भएर बाँच्न विवश भएको छ । मालती खोप्रामा कालिकाको मूर्ति अघि बत्ती बालेर बसिरहेका बेला दुष्ट गोसाईं खोपाभित्र पस्छ र ढोका लगाई बलात्कार गर्न खोज्छ । मालती चिच्याउँदा गोसाईंले उसकै कपालको बुजोले मुख थुनिदिन्छ । केही उपाय नलागेपछि अस्तव्यस्त बनेकी मालती सिरानमुनिबाट खुकुरी झिकेर गोसाईंलाई ताक्छे र गोसाईंको खुकुरी आफ्नो हातमा पार्छे । यहाँ गौण पात्रको रूपमा रहेको गोसाईं तमोगुणले युक्त चरित्र भएको, नायिका मालतीले खुकुरी लिनु पनि तमोगुणले युक्त चरित्र भएको कुरा घिमिरेले देखाएका छन् ।

घिमिरेद्वारा लिखित *अश्वत्थामा* गीतिनाटकमा त्रिगुणात्मकको चित्रण गरिएको छ । *अश्वत्थामा* गीतिनाटकको अश्वत्थामामा तमोगुण पाइन्छ । अश्वत्थामा ब्राह्मण पुत्र हुन् । स्वभावैले उनी सत्त्वगुणले युक्त हुनुपर्ने देखिन्छ तर उनले हतियार समाएर तमोगुणले युक्त चरित्र देखाएका छन् । तमोगुणले युक्त मानिस अरूलाई दुःख दिन चाहन्छ । अहङ्कारी हुन्छ, क्रोधी हुन्छ, द्वेष, क्रोध राग हुन्छ । त्यो गुण अश्वत्थामामा पाइन्छ । युद्ध अपराधको आत्मग्लानि बोकेर हिँडिरहेको अश्वत्थामाले मानव नरसंहार गरेको छ । अश्वत्थामा नाम नै तमोगुण नाम हो । अश्वत्थामा जन्मदै घोडाको जस्तै उच्च स्वरमा कराएको किंवन्ती रहेको छ । अश्वत्थामा नृशंस, क्रूर, आततायी, उदण्ड र पापी योद्धाका रूपमा चिनिएका छन् । अष्टचिरञ्जीवीको वरदान पाएर अहङ्कारी बनेका अश्वत्थामाले आफ्नो तमोगुणी मालिक दुर्योधनलाई खुशी पार्न द्रौपदीका सुतेका बालक छोराहरूको हत्या गरेको, युद्ध नियम विपरीत क्रूर एवं नृशंस कर्म गरेको, क्रोधी, दुष्ट र क्रूर बनेर, ब्रह्मास्त्र हानेको, उत्तराको गर्भमा रहेको परीक्षित्माथि ब्रह्मास्त्र प्रयोग गरेको छ । ब्राह्मण कुलमा जन्मिएर पनि क्षत्रियोचित युद्धकर्ममा लागेको तमोगुणले युक्त चरित्र हो । अश्वत्थामा आफैँले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको तमोगुणी भनाइलाई घिमिरेले यसरी देखाएका छन् :

मारेँ दुश्मनका छोरा जो थिए मस्त नींदमै
व्याधाले नीदंका पन्छी मारे झैँ न्यानु नींदमै
गर्भमा शत्रु नारीको त्यो राँको झोस्न निस्किएँ
मान्छे भएर मान्छेकै भविष्य मास्न निस्किएँ (७/७०)

नायक अश्वत्थामाले निदाएको अवस्थामा रहेका निहत्थामाथि र गर्भवती नारीको गर्भमै पनि ब्रह्मास्त्र प्रयोग गरेर मानव इतिहासको अन्त्य गर्नु भनेको तमोगुणी चरित्र हो । सत्त्वगुणले युक्त अर्जुनले तमोगुणी अश्वत्थामाको शिरमा रहेको मणि निकालेर दण्डित गरेपछि सत्त्वगुणले युक्त बनेका छन् । अश्वत्थामाले कठोर एवं नृशंस कर्मको प्रेरणा लाटकोसेरोबाट पाएको देखिन्छ । कौरव सेनाको सेनापति नियुक्त भएपछि अश्वत्थामा नृशंसताको उचाइ बढेको छ । युद्ध अपराधी अश्वत्थामा कलह, द्वेष, पीडा र दुःखको कारक हो । अश्वत्थामा तमोगुणले युक्त चरित्र हो । दुःख उत्पादन गर्ने कर्ता हो, मृगतृष्णा बोकेर हिँडेको, क्रोध र द्वेष बोकेर हिँडेको तमोगुणी चरित्र हो । यही कुरालाई माधव घिमिरेले *शकुन्तला* गीतिनाटकमा व्यक्त गरेका छन् ।

*देउकी* गीतिनाटकमा पूर्वीय दर्शनको त्रिगुणात्मकताको चित्रण गरिएको छ । पात्रको चरित्रलाई आधार बनाएर तमोगुणको चित्रण गरिएको छ । *देउकी* गीतिनाटककी मल्लिकालाई तमोगुणले युक्त चरित्रका रूपमा चित्रण गर्न सकिन्छ । मल्लिका मन्दिरमा बलि चढाइएकी अन्धविश्वासको प्रतीक नारी चरित्र हुन् । मल्लिका २१ वर्षकी पुग्दा उसमा बैँसका लहरहरू लहरिएका देखिन्छन् । दर्शनार्थीहरूलाई आरतीको ताप दिँदै अगाडि बढ्दा उनका आँखा नजानिदो किसिमले नायक अर्जुनसित जुद्धछ । यो मल्लिकाको तमोगुणले युक्त चरित्र हो । यसै सन्दर्भमा नायिका मल्लिकाले तमोगुणले युक्त नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

त्यसै त्यसै मोहित भएँ, आज के भयो
एक आँसु भक्तिको त एक आँसु प्यारको
पाप भो कि पुण्य भो कुन्नि के भयो (२/१६)

बैँसको अवस्थामा मल्लिका अर्जुनसित अन्तराकर्षित भएकी छ । पाप र पुण्य छुट्याउन सकेकी छैन । अर्जुनमा पनि तमोगुण उत्पन्न भएको छ । उसले पनि तमोगुणले युक्त नाट्यांश व्यक्त गरेको घिमिरेले यसरी देखाएका छन् :

मन्दिरमा आरतीको ताप लिँदाखेरि
देवदासी मल्लिकालाई देखेँ आफूनेरि
नारी हो कि सौन्दर्य हो, सोच्न अभै बाँकी
गुनीरहूँ कि सुनिरहूँ मुरलीमा राखी (२/१७)

नाटकमा गौण चरित्रमा रहेको तान्त्रिकले मन्दिरमा हातपात गर्ने कुनियत राखेपछि मल्लिका आफ्नो अस्तित्व रक्षाका लागि पवित्र देवस्थल छाडेर हिँड्छे । त्यसैले तान्त्रिक तमोगुणले युक्त चरित्र हो । मल्लिकाले बुबाको घरमा आश्रय नपाएपछि गङ्गामा हाम फालेर मर्ने निर्णयमा पुग्छे तर अर्जुनको यादले फर्किन्छे र अर्जुनलाई पति मानेर आफ्नो सर्वस्व सुम्पिछे । यो मल्लिकाको तमोगुणले युक्त चरित्र हो । अर्जुनको घरको कोठामा सामानहरू मिलाउँदै बसेकी मल्लिकाको कुरा काट्दै अर्जुनकी आमा आएकी छन् । सासूले लगाएको वचनवाण मल्लिकाले सुनेर पचाउन र दबाउन सकिनँ । अर्जुनकी आमा तमोगुणी गौण चरित्र हुन् । तत्पश्चात् मल्लिका घरबाट भएको उपेक्षा र मन्दिरमा भएका अपमानपूर्ण व्यवहारबाट दिक्क भएकीले हातमा खड्ग लिएर मन्दिरको तान्त्रिकलाई प्रहार गर्न हिँडेकी छ । मल्लिकाले जीवनमा कतै पनि सुखको सास फेर्न पाएकी छैन । दुःख नै मल्लिकाको साथी बनेको छ । मान, सम्मान, आदर कहीँ पाएकी छैन । मोह, क्रोध, द्वेष, राग, विषय भोगहरू अतृप्त बनेका छन् । यही कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा साङ्ख्यदर्शनको त्रिगुणात्मकताको चित्रण गरिएको छ । प्रकृतिका तीनवटा गुणमध्ये तमोगुण एक हो । *बालकुमारी* गीतिनाटकको शीर्षक नायिका बालकुमारीकै नामबाट राखिएको छ । बालकुमारीको जीवन आरम्भमा सत्त्वगुणले प्रेरित भए पनि अन्ततः दुःखद् रहेको छ । पछि शिवशङ्करको मृत्युपश्चात् पनि सपनामा समेत तमोगुणले युक्त चरित्र देखा परेको छ । बालकुमारीका सुखद् दाम्पत्य जीवनदेखि विधवा बनेर भोग्नुपरेका कारुणिक अवस्थाजस्ता आरोहअवरोह युक्त घट्ना र परिवेश तमोगुणले युक्त छन् । बैंसमै विधवा बनेर कठोर वैधव्य जीवन बिताउन बाध्य भएकी तमोगुणले युक्त चरित्र बालकुमारीमा देखिन्छ । पतिको मृत्युपश्चात् उत्तरकुमार बालकुमारीको जीवनमा प्रवेश गर्न खोजेको छ तर आफ्नो बरालिन लागेको मनलाई उसले नियन्त्रण गरेकी छ । यो सत्त्वगुणी चरित्र हो । निद्रावस्थामा भएका वार्तामा बालकुमारी सजिएर

हिँड्न थालेकी छ, उत्तरकुमारलाई आफ्नै पति ठानेर बोलाएकी छ । गौण पात्रका रूपमा रहेकी नन्दले भाउजू परपुरुषसँग सधवा भेषमा कुरा गरेको देख्दा आमा र बाबुलाई भनी विभिन्न लाल्छना लगाएर लछारपछार पार्दै घरबाट निकाल्दछन् । बालकुमारीका सासू, ससुरा र नन्द तमोगुणले युक्त चरित्र हुन् । दया, माया गर्नुपर्ने बेला रिस, राग, क्रोध देखाएका छन् । बालकुमारीले भोगेका दुःख र पीडा सहन नसकेका बेला एकथरी तमोगुणले युक्त दर्शनार्थीले समेत तमोगुणी नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार देखाएका छन् :

> विधवाको सिउँदोमा सुहागको सिन्दूर (६/४१)
> अलच्छिनी विधवालाई तिरस्कार गर
> सबै मिली समाजबाट बहिष्कार गर (६/४७)

सत्त्वगुणले युक्त उत्तरकुमारले तमोगुणले युक्त बालकुमारीलाई अपनत्व गर्न सक्दैन । बालकुमारीभित्र विधवा नारी हुँ भन्ने मानसिकताबाट माथि उठ्न सकेकी छैन । विधवा नारीका पक्षमा बोलिदिने हिम्मत र साहस तत्कालीन समाजमा कसैसँग छैन । अन्तमा बालकुमारी किरातेश्वर शिवलिङ्गको समीपमा आफ्नो दुःख बिसाउँदै विलाप गर्छे । तमोगुणका अवस्थामा मानवीय क्रियाव्यापार विषय वासनाप्रति आकर्षित भए तापनि अगाडि बढ्न सक्दैन । *बालकुमारी* गीतिनाटकमा साङ्ख्यदर्शनको तमोगुणका आधारमा नायिका बालकुमारी र अन्य गौण पात्रका चरित्रलाई चित्रण गरिएको छ । यही कुरालाई घिमिरेले देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनको तमोगुणसम्बन्धी अवधारणाले प्रभाव पारेको देखिन्छ । घिमिरेका गीतिनाटकमा पात्र चरित्रका आधारमा तमोगुणी चरित्र पाइन्छ । रजोगुणी चरित्र अज्ञानताको सूचक, उदासीनताको प्रतीक र अकर्मण्यता र दुःख उत्पादनका रूपमा रहेको कुरा घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले देखाएको छन् ।

## ३.४ माधव घिमिरेका गीतिनाटकमा इहलौकिकचिन्तन

माधव घिमिरेका गीतिनाटकमा इहलौकिक जगत्चिन्तन पाइन्छ । घिमिरेले जीवन र जगत्को कर्मफलचिन्तन र सुखदुःखचिन्तनलाई आत्मसात गरेको देखिन्छ । यहाँ घिमिरेका गीतिनाटकमा व्याप्त जगत्सम्बन्धी धारणालाई विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ३.४.१ इहलोकमा कर्मफलचिन्तन

घिमिरेद्वारा रचित *शकुन्तला* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको इहलोकमा कर्मफल चिन्तनको चित्रण गरिएको छ । *शकुन्तला* गीतिनाटकको परिवेश र घटनाक्रमका आधारमा इहलोक र परलोकको चित्रण गरिएको छ । महाभारतको शकुन्तलोपाख्यानबाट कथानक लिई महाकवि कालिदासले अभिज्ञानशाकुन्तलम् नाटकको रचना गरेका हुन् भने गीतिनाटककार माधव घिमिरेले कालिदासको उक्त अभिज्ञानशाकुन्तलम्बाट कथावस्तु ग्रहण गरेका हुनाले *शकुन्तला* गीतिनाटकको परिवेश र घटनाक्रममा मेल खाएको छैन तर शकुन्तलाको जन्मलाई कर्मफलका रूपमा प्रस्तुत गरिएको छ । यो विशाल धर्ती दुष्यन्त र शकुन्तलाको महामिलनको स्थान बनोस् भन्ने आशीर्वादात्मक वाक्य मङ्गलाचरणबाट सुरु गरिएको छ । इहलोकले जहिले पनि पूर्वजन्मको कर्मको फललाई स्वीकारेको पाइन्छ । विश्वामित्र ऋषि र अप्सरा मेनकाकी पुत्री शकुन्तला कण्व ऋषिको धर्मपुत्री भएर चिनिएकी छ । ऋषि आश्रममा हुर्किएकी र ऋषि सभ्यताको ज्ञान भएकी शकुन्तलाको राजा दुष्यन्तसँग प्रेममा परेकी छ । प्रेममा धोका खाँदा पनि शकुन्तलाले शिष्टता र सभ्यपनको परिचय दिएकी छ । नगर सभ्यताका प्रतीकका रूपमा परिचित राजा दुष्यन्तसँगको मिलनलाई कर्मफलका रूपमा लिइएको छ । विश्वलाई मानवीय ईश्वरको सृष्टि मान्ने श्रद्धा, आस्था, विश्वास र उपासना गरिने ईश्वर कुनै अलौकिक शक्ति नभएर प्रत्येक व्यक्तिका हृदयमा रहने प्रेम र माया हो, जसले मानव तथा समग्र विश्वलाई नै परिपूर्ण पार्दछ भन्ने विचारलाई कर्मफलका रूपमा लिइएको छ । वनसंस्कृति र सहरी सभ्यतातिर आकर्षित हुन थालेकोमा रिसाउने दुर्वासा ऋषिलाई कण्व ऋषिले नयाँ समयले नयाँ आश्रय वरण गर्ने हुनाले मायालाई क्षमा होइन, आशीर्वाद दिनुपर्छ । मानिसले पूर्वजन्ममा जस्तो कर्म गरेको छ त्यस्तै फल पाउने हुनाले कर्मफलको आलोचना गर्नु राम्रो नहुने कुरा व्यक्त गरेका छन् । कण्व ऋषिले कर्मफलका बारेमा गरेको बौद्धिक तथा दार्शनिक विचारलाई नाट्यांशका माध्यमद्वारा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> महासमय रोकिन्न, विराट् घुम्दछ वृत्तमा
> सौन्दर्य रच्न आँखामा विचार रच्न चित्तमा
> परेलीमनि आँखाझैं प्राचीन र नवीन यो
> हेर, ईश्वरको सृष्टि सधैं चिरनवीन यो (२८) ।

कण्व ऋषिले मानिसको पूर्वजन्मको कर्मले यस जुनीमा फल भोगिरहेको हुन्छ भनेका छन् । यो ईश्वरीय नियम नै हो । दुष्यन्त र शकुन्तलाको मिलन महामिलन हो । प्राचीन युग र नवीन युगको मिलन हो । नगरसभ्यता र ऋषि सभ्ताको मिलन हो । कण्व ऋषिले शकुन्तला र राजा दुष्यन्तको संयोगान्त मिलनलाई पूर्वजन्मको कर्मको रूपमा लिएका छन् । यही कुरालाई माधव घिमिरेले *शकुन्तला* गीतिनाटकमा देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको इहलोकमा कर्मफल चिन्तनको चित्रण गरिएको छ । *मालती मङ्गले* गीतिनाटकको घटनाक्रम तथा परिवेशका आधारमा कर्मफलको चित्रण गरिएको छ । इहलोकमा कर्मफलप्रति विश्वास गरिन्छ । मालती मङ्गलेको कथानक लोककाव्य र इतिहासमा आधारित छ । कमारो भएर जन्मिनु, कमारी भएर जन्मिनु, राजा हुनु, धनी हुनु, मालिक हुनु आदि सबै कार्य पूर्वजन्मका कर्मका फल हुन् । कमारो मङ्गले र कमारी मालतीलाई नोकरको रूपमा देखिनु, दुवैको प्रेम सम्बन्ध हुनु, मालिक गोसाईंले उनीहरूको पवित्र प्रेम सम्बन्ध छुटाउन र टुटाउन खोज्नु, मङ्गले बेचिनु आदि सबै कार्य पूर्वजन्मको कर्मको खेल हो भन्ने गरिन्छ । मानिसले जीवनमा जे जति सुख, दुःखभोग गर्छ, त्यो पनि पूर्वजन्मको कर्मका फलका रूपमा लिइन्छ । मालती र मङ्गलेले जीवनमा सुखभोगभन्दा पनि दुःख भोग गरेका छन् । बेचिएको कमारो मङ्गलेले पूर्वजन्मको कर्मको फल भोगिरहेको महसुस गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

दासको कुलमा के जनम दियो निर्दयी भावीले
जन्मदेखि बाँधिई आएँ म आफ्नै नाभिले
पातालमा पसूँ फाट्दैन धर्ती म कहाँ जान्छु र
जम्लाहात जोडी बिनती गर्छु नबाँध हजुर (३२) ।

अन्तर्मुखी स्वभावको मङ्गलेले मालतीसँगको विछोड पछि भावीलाई नै धिक्कारेको छ । जन्मले दास भएको कुरालाई सङ्केतका रूपमा पूर्वजन्मको कर्मको फल र सुख दुःख इहलोकको परिणाम भएको स्वीकारेको छ । इहलोकमा राक्षस चरित्र भएका मानव मात्र छैनन्, ईश्वरीय रूप भएका मानव पनि छन् भन्दै गोरखाकी रानीलाई ईश्वरीय रूपमा प्रस्तुत गरिएको छ । इहलोकमा ईश्वरीय रूप भएका मानव छन् । कमारो मङ्गले र कमारी मालतीलाई मुक्त गराउन सक्षम गोरखाकी रानीले मालती र मङ्गलेले जस्तो दुःख र विपत् भोग्नु नपरोस् भन्ने

महान् विचार देखाएकी छन् । प्रेम सबैभन्दा महान् र शक्तिशाली हुन्छ, पवित्र र अमर हुन्छ । गोसाईंले मङ्गलेलाई बेच्नु, साहुले साङ्लाले बाँध्नु, मालती र मङ्गलेको पवित्र प्रेमलाई हटाउन नसक्नु र चोखो र महान् प्रेमका अगाडि रानी भावीका रूपमा कर्मफलदाताका रूपमा आएर दुवैको पुनर्मिलन गराउँछिन् । यो इहलोकमा हुने जनविश्वास हो । यही कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा इहलोक कर्मफलको चित्रण गरिएको छ । पूर्वीय दर्शनले मानिसले जस्तो कर्म गरेको छ, त्यस्तै फल प्राप्त गर्दछ भन्ने मान्यता अघि सारेको छ । त्यो चिन्तनको प्रयोग *अश्वत्थामा* गीतिनाटकमा प्रयोग भएको छ । *अश्वत्थामा* गीतिनाटकको घटना र परिवेशलाई अध्ययन गर्दा उसले इहलोकमा नै कर्मफल पाएको देखिएको छ । *अश्वत्थामा* गीतिनाटक बाल्यकालीन सम्झना, लोककथा, लोकविश्वास र विश्वव्यापी विध्वंसको यथार्थ हो । महाभारतको त्यस्तो मिथक अहिले पनि लोकमा दन्त्यकथा बनेको छ । अश्वत्थामा देवदारु वनको किनारको बाटो हुँदै गोसाईंकुण्डमा प्रवेश गरेको छ । देवदारु हिमाली क्षेत्रमा हुने पवित्र वृक्ष हो । युद्ध पीडित अश्वत्थामा नेपालको हिमाली क्षेत्रमा आइपुगेपछि आफ्नो पीडा केही शान्त भएको अनुभव गर्दछ । आफैंले गरेको कर्मको फलले अश्वत्थामा पधेँरा, जङ्गल, पहाडमा प्रकट र लोप हुने गरेको छ । पैराणिक कथाको नायक अश्वत्थामा महाभारत युद्धको वीर योद्धा तथा अष्टचिरञ्जीवी (मार्कण्डेय, बलि, व्यास, हनुमान, विभीषण, कृपाचार्य, पर्शुराम र अश्वत्थामा) मध्येको एक हो । कुरुक्षेत्रको युद्धमा गरेको युद्ध अपराधका कारण अर्जुनद्वारा शिरको मणि झिकिएको अश्वत्थामाले दुःख र दर्दबाहेक केही पाउन सकेको छैन । आफ्नो शिरको घाउ सहन नसकेर अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा आफ्नो पीडा व्यक्त गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

शिरको फूल यो दुख्दा दुख्नेछन् भगवान् पनि
अपराधी रहिरन्न अनन्तसम्म क्वै पनि (३६)

विवेकको मणि अर्जुनले निकालिदिएपछि अश्वत्थामाको घाउबाट रगत बगिरहेको छ । बगिरहेको रगत देखेर पधेर्नीहरूले सिउँदाको सिन्दूर घाउमा लगाइदिएका छन् । कुनै पनि व्यक्ति एकपटक अपराध गरेपछि अनन्तसम्म अपराधी

रहिरहन्न भने तापनि अश्वत्थामा आफैंले गरेको कर्मको फल भोगिरहेको छ । सुखपछि दुःख र दुःखपछि सुख प्रकृतिको देन हो, भाग्यको खेल हो भन्ने कुरा अश्वत्थामाका माध्यमद्वारा व्यक्त गरिएको छ । गीतिनाटककार घिमिरेले प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन, चेतनाजस्ता पक्षको विश्लेषण गर्दै आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन इहलोकमा गरेका छन् । अश्वत्थामाले मानव आत्मालाई ज्योतिसँग तुलना गरेर धर्तीलाई यिनै योद्धाका आत्माले उज्यालो बनाउनुपर्छ र दीप्तिमय मानवको विनाश हुनुहुँदैन भन्ने सद्गुणी र सुद्बुद्धि विचार लिए पनि अश्वत्थामाले कर्मको फल इहलोकमा भोग्नुपर्छ र भोगिरहेको छ भन्ने कुरालाई घिमिरेले देखाएका छन् ।

*देउकी* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको इहलोकमा कर्मफल चिन्तनको चित्रण गरिएको छ । *देउकी* गीतिनाटक नेपालको सुदूरपश्चिमका केही जिल्लामा प्रचलित देउकी प्रथामा आधारित विषयवस्तु हो । *देउकी* गीतिनाटकको घट्ना र परिवेशका आधारमा पूर्वजन्मको फल भोगेको कुरा घिमिरेले देखाएका छन् । आफ्नो मनोकाङ्क्षा वा कार्यसिद्धि पूर्ण गर्नका लागि देवीका नाममा भाकल गरेर पशुवलि दिएजस्तै आफ्नै छोरी वा अर्काकी छोरीलाई किनेर आजीवन अविवाहित हुने गरी मन्दिरमा चढाइएकी कन्या मल्लिका हो । आमाको मृत्युपश्चात् देउकी बनाइएकी मल्लिकाले भोगेका सामाजिक दुःख र मानसिक पीडालाई पूर्वजन्मको कर्मफलका आधारमा इहलोकमा भोगेका देखाएका छन् । सुख र दुःख कर्मको फल हो भन्ने विश्वास र मान्यता पूर्वीय दर्शनको चिन्तन हो । यही चिन्तन मल्लिकामा प्रयोग गरिएको छ । घटना र परिवेशले अर्जुनसँग मल्लिकाको प्रेमी र पतिका रूपमा देखापरेको छ । देउकी बनेकी मल्लिकालाई प्रेम गर्ने अर्जुन मल्लिकासँगको रतिरागात्मक मिलनपछि परिवर्तन भएको छ । अर्जुनको भूमिका मल्लिकाको निरूपाया जीवनयात्रामा गम्भीर र त्रासद मोडको सिर्जना भएको छ । जीवनमा हार र प्रहार खाएर पवित्र मन्दिरलाई र पवित्र जन्मघरलाई त्यागेर जाँदा मल्लिकाले पूर्वजन्मको कर्मको फल नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

> भन्नेको मुख, सुन्नेको काम थुन्यो कि हुरीले
> यै जाती बरु सुनेनन् बाउले भनिन छोरीले

के गरूँ शोक, यस्तै छ लोक, यस्तै छ चलन
नखोजे बाबा ! म गए अब गङ्गाको शरण (२९)

मल्लिकाले व्यक्त गरेको उल्लिखित नाट्यांशले कर्मफलको परिणामको आभास गरेको छ । टुहुरी मल्लिका सानैमा छलकपटमा परेर बेचिनु, अर्जुनसँग प्रेम हुनु, तान्त्रिकले बलात्कार गर्ने प्रयास गर्नु, मल्लिका आत्महत्या गर्न हिँड्नु, आत्महत्या नगरेर अर्जुनलाई तनमनले पतिवरण गर्नु, भागेर निबिद्ध बस्तीमा पुगेकी मल्लिकालाई गलहत्याएर निकाल्नुलाई पूर्वजन्मको कर्मफलसँग चिन्तन गरिएको छ । पूर्वजन्मका सारा कर्मका फल इहलोकमा भोग्नुपर्छ र त्यो कर्म पूर्ण नहुञ्जेल यो कर्म पनि भोगिरहनुपर्छ भन्ने मान्यतालाई घिमिरेले प्रयोग गरेका छन् । इहलोक भनेको पूर्वजन्मको कर्मको फल भोग्ने भूमि हो भन्ने कुरालाई घिमिरेले *देउकी* गीतिनाटकमा देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा घिमिरेले प्रयोग गरेको पूर्वीय दर्शनमा आधारित कर्मफलको चित्रण गरिएको छ । *बालकुमारी* गीतिनाटकको घट्ना र परिवेशलाई आधार बनाएर नाटकको कथावस्तु अध्ययन गर्दा इहलोकमा कर्मफलका आधारमा व्यक्तिले भोगेका सम्पूर्ण कर्मफल केलाइएको छ । *बालकुमारी* गीतिनाटकमा आदिदेखि अन्त्यसम्मका घटना, परिस्थिति र परिवेशहरू आश्चर्यजनक बनेका छन् । इहलोकका कर्मफल सबै आश्चर्यजनक छन् र हुन्छन् । *बालकुमारी* गीतिनाटकका सम्पूर्ण घट्नाहरू पशुपति क्षेत्रभित्र घटेका छन् । बालकुमारी र शिवशङ्करको मिलन हुनु, तत्कालै सदाका लागि बिछोड हुनुलाई पुनर्जन्मको कर्मको फलका रूपमा लिन सकिन्छ । हिन्दू संस्कारले तीजको व्रतलाई शिव र पार्वतीको प्रेम कथासँग जोडेको छ । बालकुमारीको निराहार व्रतले पतिको दीर्घायुको कामना गरिएको छ तर यहाँ बालकुमारी तीजमा नै विधवा भएको र अर्को वर्षको तीज पर्व आउँदासम्म उसले भोगेका त्रासदीपूर्ण र वर्तमान सङ्क्रमणकालीन परिवेश देखाइएको छ । नायिका बालकुमारीले इहलोकमा प्राप्त कर्मफललाई व्यक्त गरेको कुरा नाट्यांशका माध्यमद्वारा घिमिरेले यसरी प्रकट गरेका छन् :

कर्म फुट्यो फ्याँकिएँ खगटा झैँ माटीमा
काँपिरैछु हावाझैँ झाँक्रो उल्टी छातीमा
भुइँ किन फाट्दैन धाँजाधाँजा परी हो
सुन धर्ती माता हो । तिम्री छोरी मरी हो (४/१७)

बालकुमारीको क्रन्दन र चित्कारलाई इहलोकमा सुनिदिने कोही छैन । सम्पूर्ण भरपर्दा सहयोगी र आफन्तहरू दुःख परेको बेला गुनको वैगुन गर्छन् । छि छि दुर् दुर् गर्छन् । यही कुरालाई घिमिरले पूर्वजन्मको कर्मको फलका रूपमा व्यक्त गरेका छन् ।

घिमिरेका गीतिनाटकमा इहलोकमा कर्मफलसम्बन्धी पूर्वीय दर्शनको अवधारणाले गहिरो प्रभाव पारेको देखिन्छ । घिमिरेका गीतिनाटकमा कर्मफलका बारेमा बौद्धिक तथा दार्शनिक विचारलाई स्वीकार गरेको देखिन्छ । घिमिरेका गीतिनाटकमा पूर्वजन्मको कर्मफल पुनर्जन्ममा भोग्नुपर्ने र मोक्ष प्राप्त नभएसम्म जन्म, पूर्वजन्म र पुनर्जन्म भइरहने कुरालाई व्यक्त वैचारिक पक्षले स्पष्ट पारेका छन् ।

### ३.४.२ इहलोकमा सुखदुःख चिन्तन

घिमिरेद्वारा लिखित *शकुन्तला* गीतिनाटकमा घट्ना, परिवेश, परिस्थितिलाई आधार बनाएर पूर्वीय दर्शनले स्वीकार गरेको सुखदुःखको चित्रण गरिएको छ । पूर्वीय दर्शनले प्रतिपादन गरेको सुखसम्बन्धी चिन्तन र दुःखसम्बन्धी चिन्तनको विश्लेषण गरिएको छ । सुख भनेको शान्ति, कान्ति र आनन्द हो भने दुःख भनेको भोक, रोग, शोक र चोट हो । यही कुरा इहलोकमा पूर्वजन्मको कर्मको फलले निर्धारण गर्छ भन्ने मान्यता रहेको छ । ऋषि पुत्री भएर जन्मिएकी र ऋषि आश्रममा छोरीको रूपमा हुर्किएकी शकुन्तलाको बाल्यकाल सुख, शान्त र आनन्दले बितेको छ । यो जीवनको इहलोकमा प्राप्त सुखद् पक्ष हो । दुष्यन्तसँगको पहिलो भेटबाट पलाएको प्रेम मिलनमा अन्त्य भएको छ । यो सुखद् पक्ष हो तर सांसारिक मोहमा फस्नुलाई दुःखद् पक्षका रूपमा पनि लिइएको छ । प्रेम अन्धो, लाटो र बहिरो हुन्छ । मानिस दुःखको भवसागरमा आफैँ पस्छ र फँस्छ भन्ने कुरा शकुन्तला र दुष्यन्तको घटना, परिवेश र परिस्थितिका आधारमा थाहा पाउन सकिन्छ । शकुन्तला आफैँले इहलोकमा भएको सुखलाई नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरालाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> यो मेरो दिलमा के छ सकिन्न मुखले भनी
> एक जीवनले हैन, लाख जीवनले पनि (६/४९)

शकुन्तला र दुष्यन्तका मिलनका माध्यमले यो विशाल धर्ती नै महामिलनको थला बनोस्, सम्पूर्ण नारी तथा पुरुषको मानवताको केन्द्र बनोस् । कण्व ऋषिले

आशीर्वचन दिएपश्चात् दुष्यन्त र शकुन्तलामा सुखद् परिस्थिति र सौन्दर्यमय वातावरण बनेको छ । इहलोकमा प्राप्त सुख भनेको आनन्द र शान्ति हो । यही आनन्द र सुखको अनुभूति शकुन्तला र दुष्यन्तले गरेका छन् भने छोरीलाई कन्यादान दिएर सुखको सास कण्व ऋषि र ऋषि पत्नी गौतमीले गरेकी छन् ।

इहलोक रहस्यमय छ । सुखका साथमा दुःख पनि साथमा सहयात्री बनेर हिँडेको हुन्छ । संयोगान्तमा शकुन्तला र दुष्यन्तको मिलन भए तापनि समय, घट्नाक्रम, परिवेश र परिस्थितिले उनीहरूको दुःखको भवरूपी सागरमा पसेका छन् र फँसेका छन् । दुष्यन्तको प्रेमको पहिलो प्रस्तावलाई स्वीकार गरेर शकुन्तलाले सबैभन्दा ठुलो भूल गरेकी छन् । स्त्री इज्जत सुम्पेकी छन् । विवाह अघि नै शकुन्तलाले गरेको सबैभन्दा ठुलो भूल यही हो । यो दुःख पैदा गर्ने प्रमुख कारण बनेको छ । शकुन्तलाकै कारणले गर्दा दुर्बासा ऋषि तपोवन संस्कृति नगर सभ्यतातिर ढल्किन खोजेको देखेर दुःखी भएका छन् । कण्व ऋषि शकुन्तला माइती घर छोडी पतिको घर जान लागेकोमा दुःखी भएका छन् । संस्कृति, रीतिरिवाज र परम्पराअनुसार छोरीको जन्मघर कर्मघर बन्न सक्दैन । यसै सन्दर्भमा शकुन्तलाले नाट्यांशमा दुःखको अनुभूति गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> बुबा हे, कसरी जाऊँ छोडी काख विशाल यो
> जुन आँगनमा खेलेँ त्यसैबाट म अन्मिएँ
> कटाई मुटु बाबाको छोरी भै किन जन्मिएँ (४/३३)

यसरी *शकुन्तला* गीतिनाटकमा भएको आधोपान्त कथावस्तुमा दुःख, कष्ट, पिर, व्यथा, भोक, शोक, चोट पाइन्छ । सँगै रम्ने सखीहरूलाई छोड्नुपर्ने, बाबाको घरको आँगन त्याग्नुपर्ने बाध्यता र विवशतालाई इहलोकमा भोगिने कर्मसँग दाँजिएको छ । पूर्वजन्ममा गरेको कर्मफल नै इहलोकको परिणाम हो । दुष्यन्तले शकुन्तलालाई बिर्सनु, माधव्यले शकुन्तला तपाईंकै पत्नी भएको तथ्यसहित सम्झाउँदा पनि नसम्झिनु, शकुन्तला आफ्नो अपमान सहन नसकी नदी किनारमा पुग्नु र मूर्च्छावस्थामै आफैँसित अनुहार मिल्ने देवदूतको दर्शन पाएपछि दुष्यन्तको चेतन बोध भएको छ । यसरी माधव घिमिरेले इहलोकमा हुने सुख र दुःखका कारण पूर्वजन्मको कर्मको फलको परिणाम हो भन्ने कुरा देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको सुखदुःख चिन्तनको चित्रण गरिएको छ । *देउकी* गीतिनाटकको घट्ना, परिवेश, परिस्थिति

आधार बनाएर कथावस्तुमा रहेको सुखसम्बन्धी चिन्तन र दुःखसम्बन्धी चिन्तनलाई स्पष्ट पारिएको छ । सुख भनेको खुशी, आनन्द हो र दुःख भनेको पीडा, कष्ट, पिर र व्यथा हो । यही कुरालाई नायक मङ्गले र नायिका मालतीलाई केन्द्रबिन्दु बनाएर सुख दुःखको विश्लेषण गरिएको छ । मङ्गलेले जीवनमा भोगको सुखद् पक्ष र दुःखद् पक्षलाई पनि पूर्वजन्मको कर्मको फलसँग दाँजिएको छ र मालतीले जीवनमा भोगेका सुखद् पक्ष र दुःखद् पक्षलाई पूर्वजन्मको कर्मको फलसँग दाँजिएको छ । जीवनमा जेजस्तो उतार चढाव आउँछन्, ती सबै पूर्वजन्मको कर्मको फल हो भन्ने मान्यता दार्शनिक मान्यता हो । मानिसको जीवनचक्र बडो अनौठो र रहस्यमय छ । मालती र मङ्गलेको वनकिनारको पाखाबारीबाट सुरु भएको प्रेम रमणीय वातावरणमा रहेको छ । उनीहरू एकआपसमा ख्यालठट्टा गर्दै प्रेम प्रणयमा रमाएका छन् । यो सुखद् पक्षको अनुभूति हो र आभास हो । वसन्त ऋतु, वन छेउको वातावरण, फूलैफूलको वास्ना, उनीहरूको दुईजनाको मात्र उपस्थिति अनि आफू कमारो र कमारी हुँ भन्ने भाव बिर्सेर आनन्दमय अवस्थामा प्रेममा डुबिरहेका छन् । यो सुखको प्रतीक हो । यही सुखद् अनुभूति भएका बेला मालतीले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

माया लागे, मेरो आँखा भन कस्तो हुन्छ ?
यस्तो पनि भनिन्छ र ! कुन्नि कस्तो हुन्छ ?
माया लागे तिम्रो आँखा पिइदिऊँ जस्तो
यही आँखा हेरी हेरी जिइरहूँ जस्तो (१/५)

रमणीय वातावरणको प्रेम भनेको यही हो । संसारमा आफूले मन पराएको मान्छेभन्दा सुन्दर अर्को केही हुँदैन । उनीहरूको जीवनमा कान्छी गोसाईं त वरपीपलको चौतारीको रूपमा छहारीको रूपमा देखा परेकी छन् । प्रेम भनेको सुखद् र आनन्द हो भने प्रेम भनेको दुःख, पिर, कष्ट र व्यथा पनि हो । यो सुन्दर र रमाइलो संसारमा गोसाईं कुनियतका साथ प्रवेश गर्छ । गोसाईंले कुनियतका साथ प्रस्तुत गरेको दुःखद् नाट्यांश घिमिरेले यसरी देखाएका छन् :

कमारीलाई जसले किन्यो, त्यसैको अधिकार
दिल पनि किनूँ दिलैले भनी माग्दै छु माया प्यार (२/१२)

गोसाईंको मनमा रहेको कलुषित भावना यसरी छताछुल्ल भएको छ । मालती आफ्नै मालिक रक्षक भएर पनि भक्षक भएको देख्दा अचम्ममा परेकी छ ।

कमाराकमारीलाई हेयका दृष्टिले हेर्ने र जे जति अन्याय र अत्याचार गरे पनि हुन्छ भन्ने मान्यता बोकेको गोसाईंले अन्ततः कमारो मङ्गलेलाई बेचेको छ । मालतीको जीवनमा दुःख नै दुःखको आभास भएको छ । मङ्गलेलाई मालतीको व्याकुलता देख्दा मङ्गले साथमा लान पनि सक्दैन र छोड्न पनि सक्दैन । उनीहरूको जीवनमा पिर, व्यथा, दुःख, कष्ट थोपरिएको छ । सायद यो पनि उनीहरूले पूर्वजन्ममा गरेको कर्मको फल इहलोकमा भोगिरहेको जस्तो आभास भएको छ । आफ्नी प्राणप्यारी पत्नीबाट विछोडिनुपर्दाको विरहलाई देखाइएको छ । नव दुलाहा र नवदुलहीलाई उसको सौन्दर्यमा लालायित भएर मालिक गोसाईंले जे जस्तो दुष्कर्म गऱ्यो, त्यो क्षमायोग्य देखिँदैन । उता हृदयशून्य भएको साहूले विरहका बेला मुरलीको धुनमा गाइरहेको बेला पशुलाई झैँ साङ्लाले बाँधेर डोऱ्याएको घट्ना दुःखद् र अकल्पनीय घट्ना हो भने खोप्रामा बसिरहेकी मालतीलाई कपालको बुजो मुखमा लगाएर जुन घृणित र दुष्कर्ममा गोसाईंले कदम बाल्यो त्यो दुःखको सीमापारको अवस्था हो । यी सारा सुखदुःखलाई माधव घिमिरेले पूर्वजन्मको कर्मको फलको परिणामका रूपमा व्यक्त गरेका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा पूर्वीय दर्शनमा आधारित सुखदुःखलाई नाटकको घटनाक्रम, परिवेश, परिस्थितिलाई आधार बनाएर इहलोकमा प्राप्त सुखदुःख चिन्तनलाई चित्रण गरिएको छ । इहलोकमा प्राप्त मानिसका कर्मफल आश्चर्यजनक छन्, रहस्य बोध छन् । यसको खोजी *अश्वत्थामा* गीतिनाटकमा गरिएको छ । पौराणिक कालदेखि वर्तमान समयसम्म भएका र भइरहेका युद्धजन्य विकृतिलाई दुःखका रूपमा लिइएको छ । युद्धबाट आहात विश्वका सबै मानवले इहलोकमा दुःख र कष्ट भोग्नुपरेको छ । *अश्वत्थामा* गीतिनाटकको मूलपात्र अश्वत्थामा अष्टचिरञ्जीवीका रूपमा पूजित ब्राह्मण पुत्र भए पनि कौरव पक्षका प्रधान सेनापति बनेर नरसंहार गरेको छ । युद्ध र योद्धाको कर्तव्य भुलेको छ । पाण्डवका पाँचै पुत्रलाई अश्वत्थामाले निमर्म हत्या गरेको छ । युद्धमा यो सबैभन्दा ठुलो अपराध, दुःख र पीडा हो । पाण्डवको एक मात्र बाँकी वंशका रूपमा रहेको उत्तराको गर्भमा रहेको बालकमाथि पनि ब्रह्मास्त्र प्रयोग गरेको छ । यो घटना झन् मानवताका लागि कायर हो । प्राणीको रक्षाका लागि प्रदान गरिएको हतियारको दुरुपयोग गरेर युद्ध र योद्धालाई कलङ्कित र अपमानित बनाएको छ । अर्जुनले जन्मजात प्राप्त

मणिलाई सजायस्वरूप उतारिदिएको छ । मणि झिकिएपछि अश्वत्थामाको शिरमा कहिल्यै निको नहुने घाउ बनेको छ । त्यो घाउ अश्वत्थामाको जीवनमा दु:ख बनेको छ, पीडा बनेको छ । यसै सन्दर्भमा अश्वत्थामाले दु:ख र पीडाको नाट्यांश प्रस्तुत गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

मर्नेको जीउको पीडा मार्नेको ज्यूभरी सऱ्यो
लहरा जसले लाछ्यो काउसो त्यैमरी झऱ्यो
मृत्युको छटपटी बन्छ जित्नुको अब उत्सव
संगीत बन्छ उत्पात, नृत्य बन्छ उपद्रव (५/४७)

वास्तवमा युद्धबाट भएका प्राप्ति सुखदायी नभएर दु:खप्रद हुन्छन् । युद्धमा शत्रुलाई मार्दाका क्षणमा महसुस गरिएको सुख तत्कालै दु:खमा परिणत हुन्छ । विजयको उत्सव मनाइरहँदा पनि मनमा मृत्युको छट्पटी बनेको हुन्छ । अरूलाई मारेर मनोरञ्जन गर्दा पनि उपद्रव भइरहेको महसुस हुन्छ । युद्धमा शत्रुपक्षमाथि विजय पाउँदा पनि अन्ततः पीडाको अग्निमा होमिएको महसुस हुन्छ भनेर इहलोकमा हुने दु:ख, कष्ट, पिर, व्यथालाई देखाइएको छ । त्यसैगरी युद्धमा आफूले केही गल्ती गरेको हुनाले जीवनभर पश्चातापजन्य पीडा र दु:खबाट मुक्त हुनका लागि, सुख र शान्ति प्राप्तिका लागि अश्वस्थामा नेपालको हिमाली भेग, उत्तराखण्ड, नीलकण्ठ, गोसाइँकुण्ठ आएको छ । अश्वत्थामा धीरोद्धत प्रकृतिको भए पनि, जे जस्तो अनुचित कार्य गरे पनि, धीरप्रशान्तका रूपमा प्रायश्चित गरेर सुखको खोजीमा हिँडेको छ । सुख र शान्तिका लागि अश्वत्थामाले कवि सामु यसरी नाट्यांश प्रस्तुत गरेको कुरा घिमिरेले निम्नानुसार देखाएका छन् :

म युद्ध अपराधी हुँ युद्ध भोगेर दु:खित
तिमी विशुद्ध आत्मा हे, युद्ध देखेर दु:खित
कवि ! तिम्रो सारङ्गी सधैँ रोइरहन्छु म
यहाँ युद्ध रहुञ्जेल सधैँ आइरहन्छु म (७/७३)

अश्वत्थामाले आफैँलाई युद्ध अपराधीका रूपमा स्वीकार गरेको छ । युद्ध अपराधी भएकाले पीडा र व्यथाको, दु:ख र कष्टको प्रत्यक्ष द्रष्टा र भोक्ता भनेर स्वीकार गरेको छ । आफूले जीवनमा गर्नै नहुने कार्य गरेकाले पछुताएर हिँड्नु परेको स्वीकार गरेको छ । युद्धमा कुनै पनि भूमिका नरहेका कविजस्ता निर्दोष आत्माहरू युद्धको विभीषिकाले दु:खित र मर्माहत भएका छन् । अश्वत्थामा आफ्ना अपराधजन्य कार्यको प्रायश्चित गरेर सुख र शान्ति पाउनका लागि सधैँ कविको

सारङ्गीमा रुने र युद्ध राम्रो होइन, युद्ध विनाश हो भन्ने सन्देश दिन अश्वत्थामा कविसँग आएर दुःखेसो पोखेर शान्ति र सुख कायम गर्न आइरहने कुरा व्यक्त गर्दछ । गीतिनाटककार घिमिरेले पूर्वजन्मको कर्मको फलले इहलोकमा यस्ता गतिविधि हुने गरेको कुरा व्यक्त गरेका छन् ।

*देउकी* गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको सुखदुःख चिन्तनको चित्रण गरिएको छ । *देउकी* गीतिनाटकको सुरुदेखि अन्त्यसम्म भएको घट्नाक्रम, कथावस्तु र परिवेशका आधारमा सुखदुःखलाई अभिव्यक्त गरिएको छ । जीवनयात्रामा रहेका सुखदुःख रहस्यमय छन् । जीवनमा कहिले सुख हुन्छ त कहिले दुःख हुन्छ । सधैं एउटै अवस्था रहँदैन । *देउकी* गीतिनाटककी मल्लिकाको सुरुदेखि अन्त्यसम्मको घट्नाक्रम, परिवेश र परिस्थिति बुझ्दा उनको जीवनमा सुखभन्दा बढी दुःख मात्र पाइन्छ । बाल्यकालमा नै परिवारबाट बिछोडिँदाका पीडा र कसैलाई पीरमा नपारी एक्लै रुँदा अरूलाई कष्ट नभएको सम्झेर सुख भएको कुरा मल्लिकाले व्यक्त गरेकी छ । जीवनका सुखदुःखलाई देवीमा अर्पण गरेर सांसारिक सुखदुःखको बोध भएको कुरा व्यक्त गरेकी छ । इहलोकमा जे जति सुख र दुःख हुन्छ । ती सबै पूर्वजन्मका कर्मका फल हुन् र कर्म पूर्ण नहुञ्जेल मानिस दुःखको भवसागरमा घुमिरहन्छ । मल्लिकाको जीवन पनि इहलोकको यस्तै रहस्यमयी कथा हो । बैंसालु मल्लिकाले अर्जुनलाई देख्नासाथ सुखको अनुभूति गर्छे । मन्दिरमा तान्त्रिकले दिएको दुःखबाट मर्ने निर्णयमा पुगेकी मल्लिका अर्जुनको मायाले तानिएकी छ । आकाशको जूनको जुनेली रातमा मल्लिका मुस्कुराउँदै अर्जुनसित प्रेम प्रणयमा लीन भएकी छ । यो सुखको आनन्दानुभूति, इन्द्रिय तृप्ति र सुखद् क्षण हो । यति बेला मल्लिकाले सुखको भाव नाट्यांशका माध्यमद्वारा यसरी व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रकट गरेका छन् :

बैंस छोई छाप लायौ आज रातिदेखि
मेरो यही छातिभित्र आफ्नो मूर्ति लेखी
चन्द्र तारा साक्षी राखी लगाएको प्रीति (५/३५)

एक्काईस वर्षकी मल्लिकाले जुन र तारालाई साक्षी राखेर लगाएको प्रीति मुटुमा कहिल्यै नमेटिने र अर्जुनलाई सदा मुटुमा राखेर सुखानुभूतिमा रम्ने चाहना राखेकी छ । यो सुखद् पक्ष हो । मल्लिकाको आजको रातमा आफ्नो कुमारीपन अर्जुनसँग साटिएको प्रेम प्रणयलाई सुखद् रूपमा लिएकी छ तर इहलोकमा हरेक

वस्तु परिस्थिति अनुसार बदलिन्छ । यो पनि रहस्यकै विषय बनेको छ । मल्लिकाको यो सुखद् सुन्दर सपना विपना हुन सकेन । सपनामै सीमित रहेको छ । उसको सुख कर्कलाको पानी बन्न पुगेको छ । क्षणभरमै खतम भएको छ । नौ वर्षकै उमेरमा देउकी बनेकी मल्लिकाले जीवनभर दुःखैदुःख मात्र भोग्नु परेको छ । उसले भोगेका व्यथा, छट्पटी र दयनीय अवस्था नै प्रमुख विषय बनेको देखिन्छ । बाल्यकालमै टुहुरी बन्दाको पीडा, कलिलै उमेरमा बेचिँदाको पीडा, तान्त्रिकले लिएको पिछा, अर्जुनको मौनताको पीडा, परिवारको मानसिक पीडा, निषिद्ध वस्तीमा पाएको पीडा मल्लिकाको जीवनका अद्भुत दुःख र पीडा हुन् । मल्लिकाले आफ्नो जीवनको पीडालाई नाट्यांशका माध्यमद्वारा यसरी व्यक्त गरेकी छ :

> यो नर्कमा किन आयौ जोगी बाबा हो
> भिक्षा दिऊँ पाप लाग्छ जोगी बाबा हो
> नदिऊँ त शराप लाग्ला जोगी बाबा हो (७/४४)

साँझमा आइपुगेको जोगीलाई नरकतुल्य वस्तीमा किन आएका तिमी भनेर आफ्नै बुबालाई नचिनेर मल्लिकाले भनेकी छ । अर्थात् दुःख व्यक्त गरेकी छ । निषिद्ध वस्तीबाट लखेटिएकी मल्लिकालाई रोइरहेको अवस्थामा जोगीको भेषमा आएको उसको बुबाले प्रत्यक्ष छोरीको दुःख सुनेको छ । आफूसँग भिक्षा दिने केही कुरा पनि नभएको र भिक्षा नदिए पनि पाप लाग्ने कुराले मल्लिका दुःखी छ । *देउकी* गीतिनाटकको घट्ना, परिवेश र परिस्थिति अध्ययन गर्दा मल्लिकाको जीवनमा सुख न्यून रहेको छ भने दुःख भवरूपी सागरमा रहेको छ । मानवले इहलोकमा भोग्ने यही सुख र दुःखको चिन्तन गीतिनाटकमा घिमिरेले प्रयोग गरेका छन् । पूर्वजन्मको कर्मको फल नै इहलोकको सुख चिन्तन र दुःख चिन्तन हो, जुन कुरा मानिसले इहलोकको जीवनमा भोग्नुपर्छ यही नै पूर्वीय दर्शनको चिन्तन हो । गीतिनाटककार घिमिरेले यही कुरालाई देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको सुख दुःख चिन्तनको चित्रण गरिएको छ । *बालकुमारी* गीतिनाटकको घट्ना, परिवेश र परिस्थितिलाई आधार बनाएर इहलोकमा प्राप्त सुख दुःख चिन्तनलाई व्यक्त गरिएको छ । *बालकुमारी* गीतिनाटककी नायिका बालकुमारीमा सुख खासै छैन भने दुःख नै दुःखले जीवन चलेको छ । बालकुमारीको सुखद् दाम्पत्य जीवन क्षणिक छ । तीजको दिन नायक शिवशङ्कर र नायिका बालकुमारी किरातेश्वरको दर्शन गरी

मृगस्थलीबाट प्राकृतिक सौन्दर्य र भव्य प्राकृतिक वैभव हेर्दै खुशी र सुखको आनन्दानुभूतिमा रमेका छन् । कुमारीहरूलाई देख्दा बालकुमारी आफ्नो बालापनको आनन्दानुभूतिमा रमेकी छ । नायक शिवशङ्कर र नायिका बालकुमारी आफूलाई शिव र पार्वती तथा मृग र मृगिणीका रूपमा तुलना गर्दै प्रेम प्रणयमा लहरिएका छन् । बालकुमारी र शिवशङ्कर खुशी र सुखी छन् । यही खुशी र सुखी भएका बेला बालकुमारीले सुखको नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी व्यक्त गरेका छन् :

हरिनीका जस्तै तरल नयन थिए कस्ता
जति हेऱ्यो उति मीठो अमृत पिए जस्ता
पैला भेटमै दुई थोपा अमृत पियौँ कस्तो
सधैँ रहिरहौँ जस्तो, सधैँ थियौँ जस्तो (१/५)

तर यो सुख र आनन्द शिवशङ्करको मृत्युपश्चात् दुःखमा परिणत भएको छ । मृत्यु कसैको इच्छा र रहरको विषय होइन । यो त इहलोकको बाध्यात्मक नियम हो । जन्म, मृत्यु, प्रेम, विवाह र दुर्घटनालाई पूर्वजन्मको कर्मका फलका रूपमा लिइएको छ । ईश्वरको मृत्युको नियम कठोर र कहालीलाग्दो छ । मृत्यु त एउटा दुःखद् घटना हो, जसले बाँचेकालाई पनि जीवनभरि पिरोलिरहन्छ । बालकुमारीको खुशी क्षणभरमै खोसिएको छ । पति शिवशङ्करको मृत्युले व्याकुल बनेकी बालकुमारीले सुहागको प्रतीक सिन्दूर धुन नदिई मर्ने निश्चय गरेर समाधिमा बसे पनि मर्न सकेकी छैन । बालकुमारीले हेर्दाहेर्दै कहालीलाग्दो जीवन व्यतित गर्न पुग्छे । बालकुमारीले नाट्यांशका माध्यमद्वारा इहलोकमा प्राप्त दुःखलाई व्यक्त गरेको कुरालाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

आँसुलाई मै कसरी भनूँ सुन्दर चित्र
शून्य बन्यो जिन्दगानी लैजाऊ शून्यमित्र (३/१८)

बालकुमारीको जीवन अधुरो, अपूरो, शून्य भएको छ । सपना र विपनाको दोसाँधमा उत्तर कुमार आए पनि उत्तर कुमार अधुरो, अपुरो अनि अपूर्ण रूपमा आएको छ । बालकुमारी आफैँ पागलजस्तो बनेर कहिले सधवा भेषमा त कहिले विधवा भेषमा हिँडेकी छ । कहिले जयबागेश्वरीको मन्दिरभित्र बिहानीको समयमा देवीको पाउको सिन्दूर लगाएकी छ । सासू, ससुरा र नन्दले गरेको अपमानित र दुःखदायी घट्नाले बेचैन छ । विधवाका अन्तर्पिडा सुनिदिने र बुझिदिने कोही छैन । अन्तमा किरातेश्वर शिवलिङ्गको समीपमा आफ्नो दुःख बिसाउँदै विलाप

गरेकी छ । यी साह्रा इहलोकमा प्राप्त कुरालाई पूर्वजन्मको कर्मको फलका रूपमा स्वीकार गरिएको छ । पूर्वजन्मको कर्मको फल समाप्त नहुञ्जेल मानिसको पुनर्जन्म भइरहन्छ । त्यो कर्मफल इहलोकमा प्राप्त जीवनले भोग्नुपर्छ भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ । यही भूमिमा देवादिदेव महादेव अर्धनारीश्वरका रूपमा विराजमान छन् तर यही भूगोलका नारीले वैधव्यको जीवन आँसुका धारा बगाएर हिँडेका छन् । नारीको दुःख देखेर देवादिदेव महादेवले नारी जाति विधवा बन्नु नपरोस् भनेर आशीर्वचन दिए तापनि नारीका कथा र व्यथा उस्तै छन् । यही कुरालाई घिमिरेले *बालकुमारी* गीतिनाटकमा सुखदुःख चिन्तनको प्रयोग गरेका छन् ।

घिमिरेका गीतिनाटकमा इहलोकमा सुखदुःखसम्बन्धी पूर्वीय दर्शनको अवधारणाले प्रभाव पारेको देखिन्छ । घिमिरेका गीतिनाटकमा इहलोकमा प्राप्त सुखदुःखलाई पूर्वजन्मको कर्मको फलले निर्धारण गरेको देखिन्छ । पूर्वजन्ममा गरेको कर्मफल नै इहलोकको पुनर्जन्मको कर्मफल भएको कुरालाई घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले देखाएका छन् ।

## ३.५ माधव घिमिरेका गीतिनाटकमा पारलौकिकचिन्तन

माधव घिमिरेका गीतिनाटकमा पारलौकिक जगत्चिन्तन पाइन्छ । घिमिरेले जीवन र जगत्को स्वर्गचिन्तन र नरकचिन्तनलाई स्वीकार गरेको देखिन्छ । यहाँ घिमिरेका गीतिनाटकमा व्याप्त जगत्सम्बन्धी विचारलाई विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ३.५.१ परलोकसम्बन्धी स्वर्गचिन्तन

घिमिरेद्वारा लिखित *शकुन्तला* गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको परलोकमा स्वर्गचिन्तनको चित्रण गरिएको छ । यहाँ घट्ना, परिवेश र चरित्रका आधारमा स्वर्गचिन्तनलाई व्यक्त गरिएको छ । अखिल ब्रह्माण्डको संरचना बडो अनौठो र रहस्यमय छ । धर्तीलोकको संरचना पनि कम उदेक लाग्दो छैन । धरती हराभरा भएको छ, आकाश निलो देखिएको छ । धर्ती प्रकाशमय र अन्धकार भएको छ । रहस्य नै रहस्यका बिच *शकुन्तला* गीतिनाटकमा नायिका शकुन्तलाको जन्म पनि रहस्यमय छ । भोग, विलास, सुख, उच्च मनोकाङ्क्षा, शान्ति, स्वर्गीय

आनन्दका विषय हुन् । जीवनजगत्का अनेक वास्तविकताभित्र स्वर्गीय कल्पना गरिएको छ । दुष्यन्त र शकुन्तलाको पहिलो भेटबाट पलाएको प्रेमलाई चिरस्थायी रूपले मिलनमा पुऱ्याउँदासम्मका घट्ना र परिवेश अनि चरित्रको अध्ययन गर्दा स्वर्गीय अनुभूतिको आभास हुन्छ । शकुन्तलाले नाट्यांशका माध्यमद्वारा परलोकमा स्वर्गीय सुखको अनुभूति गरेको कुरा घिमिरेले यसरी व्यक्त गरेका छन् :

> आफ्नो नासो स्वयं हेर, शरद्को घामझैं खुला
> महर्षि कण्वकी पुत्री, तिम्री पत्नी शकुन्तला । (५/४१)

विश्वामित्र ऋषि र अप्सरा मेनकाकी पुत्री भए पनि तपोवन विद्याश्रमका कुलपतिकी धर्मपुत्रीका रूपमा हुर्कन पाउनु शकुन्तलाका लागि आफैंमा स्वर्गीय सुख हो । नायिका शकुन्तलाका धर्मपिताका रूपमा चित्रित कण्व ऋषिले शकुन्तलालाई आफ्नो धर्म र संस्कृतिअनुसार, आर्य संस्कृतिअनुसार कन्यादान दिएका छन् । यो सृष्टिलाई ईश्वरीय रचना मान्ने आध्यात्मिक सचेतताका साथ भौतिक जीवनलाई पनि उच्च महत्त्वका साथ हेरेका छन् । इहलोक र परलोक ईश्वरीय इच्छाकै उपज मान्ने कण्व ऋषिले तपोव्रतीहरूको जीवन तथा आश्रयी संस्कृति र दुष्यन्तजस्ता सांसारिक जीवन तथा नगर संस्कृतिलाई समान रूपले स्वीकार गरेर वातावरणलाई र घटनाक्रमलाई सुखको आभास दिएका छन् । कण्व ऋषिले हृदयमा हुने प्रेम, स्नेहलाई ईश्वरका रूपमा लिएका छन् । प्राचीन हस्तिनापुर दरबार, ऋषि आश्रममा रहेको वनस्थली, मालिनी नदीको किनार, जमुना किनारको चौतारी, लताकुञ्ज कुटी, यज्ञशाला, यमुना नदी आदिलाई स्वर्गीय भूमि र पवित्र भूमिका रूपमा लिइएको छ । अतः घिमिरेले परलोकको स्वर्गीय आनन्दको प्रयोग इहलोकमा शकुन्तला, दुष्यन्त र कण्व ऋषिको प्रयोग गरेर देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको परलोकमा स्वर्गचिन्तनको चित्रण गरिएको छ । जीवन र जगत्का अनेक वास्तविकता र रहस्यभित्र स्वर्गचिन्तनलाई अभिव्यक्त गरिएको छ । जीवनजगत्देखि अखिल ब्रह्माण्डसम्मको सृष्टि, स्थिति, प्रलय, कर्मफल रहस्यमय छ । कर्मफलको आधिकारिक हरेक मानवीय कर्मको कर्ता मान्छे नभएर अर्कै छ । जुन रहस्यमय छ । मानिसका पूर्वजन्मका कर्मले पुनर्जन्ममा सुख, शान्ति, ऐस, आराम, मान, सम्मान, पद, प्रतिष्ठा पाउँछ भन्ने मान्यता रहेको छ । *मालती मङ्गले* गीतिनाटकको नायक

मङ्गले र नायिका मालती घट्ना, परिवेश, चरित्रका आधारमा जीवन कथाको अन्त्य सुखान्त र संयोग रहेको छ । यो नै स्वर्गीय आनन्द, सुख र शान्ति हो । यसै सन्दर्भमा मालतीले नाट्यांशका माध्यमद्वारा स्वर्गचिन्तन गरेको कुरालाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

जिन्दगीमा भेटियो बल्ल जिन्दगी
मर्न हुन्न वैंसमा धोको नपुगी । (७/४९)

मालती र मङ्गलेको दासता, मालतीमाथि लोभिएको गोसाईंको वक्रदृष्टि, मङ्गलेको विक्री, प्रिय जोडीको विछोड, मुरली खोसिएर साङ्गलामा बाँधिदाको पीडा, गोरखाकी रानीको करुणा, गोसाईंको कर्मफलले पाएको सजाय र मालती र मङ्गलेको पुनर्मिलनले अन्ततः स्वर्गीय अनुभूतिको आभास दिएको छ । दुई आत्माको मिलनबाट आरम्भ भएको इहलोकको जीवनकहानी मिलनमा नै टुङ्गिएको छ । दुवै हर्षविभोर छन् । घट्ना र परिवेश हेर्दा वन किनारको पाखाबारी, गोरखाको फुजेल गाउँ, बारी छेउको धारो, मङ्गलेको खोप्रो, लुइँटेल भन्ज्याङको चौतारी स्वर्गीय अनुभूतिको वातावरणीय स्थान हो । परलोकमा प्राप्त आनन्द, सुख भनेको यही हो र यस्तै हो । योभन्दा बढीको सुख र आनन्द कल्पना मात्र हो, यथार्थ होइन । प्रेम पवित्र, महान्, अजर, अमर हुन्छ भन्दै परलोकमा पाइने आनन्द र सुख इहलोकमा मानिसले प्राप्त गर्न सक्छ । यही भाव र विचारलाई घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा प्रयोग गरेका छन् । सुख, शान्ति, आनन्द र ऐश्वर्य मृत्युपछि परलोकमा होइन, इहलोकमा हुन्छ भन्ने विचारको प्रयोग घिमिरेले गरेका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा षड्दर्शनले प्रतिपादन गरेको परलोक चिन्तन र परलोकमा स्वर्गचिन्तनको चित्रण गरिएको छ । रहस्यमय परलोकमा सुखको, आनन्दको, शान्तिको, मोक्षको *अश्वत्थामा* गीतिनाटकको घट्ना, परिवेश र पात्र चरित्रका आधारमा खोजी गरिएको छ । मानिसले गरेको पूर्वजन्मको कर्मको फल नै इहलोकमा भोग गरेको जीवन हो । मोक्ष प्राप्त नगरेसम्म जीवनमा मानिसले सुकर्मको फल सुख भोग्दछ भने दुष्कर्मको फल दुःख भोग्दछ । ब्राह्मण पुत्र अश्वत्थामा अष्टचिरञ्जीवी वरदान पाएका युद्धका नायक हो । युद्ध र योद्धाको ज्ञान भएको योद्धा हो । त्यसैले त युद्धको मर्म र युद्धको धर्मअनुसार युद्धलाई तिलाञ्जली दिएर सुखको खोजीमा तथा मोक्षको खोजीमा हिँडेको छ । युद्धजन्य नरसंहार,

विध्वंसात्मक पीडाबाट मुक्ति पाउनका लागि भौतारिएर हिँडेको छ । सच्चिदानन्द प्राप्त गर्नका लागि मरेर परलोक जान पर्दैन । सत्कर्मद्वारा सच्चिदानन्द इहलोकमा नै प्राप्त गर्न सकिन्छ । यसै सन्दर्भमा अश्वत्थामाले स्वर्गचिन्तनको नाट्यांशलाई व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

> गर्भमा शत्रु नारीको त्यो राँको झोस्न निस्किएँ
> मान्छे भएर मान्छेकै भविष्य मास्न निस्किएँ
> एकै बार झपारेर फर्कियो वज्रको ध्वनि
> बारम्बार पिरोलिन्छु यो मैले के गरेँ भनी (७/२०)

अश्वत्थामाले कुकर्मको फल भोगिरहेको छ, आफ्नै गल्तीले बारम्बार पिरोलिएको कुरा कविसँग अश्वत्थामाले व्यक्त गरेको छ । युद्धको पीडाबाट मर्माहत बनेर शान्तिको बाटो रोजेको अश्वत्थामाले बताएको छ । यही नारकीय जीवन र पीडाबाट मुक्त हुनका लागि सिर्जनाको भण्डार नेपालभूमिमा आएको छ । दुःखको कहानी कविलाई सुनाउँदै सुखको अनुभूत गर्न खोजेको छ । कविले पनि मानिसले यस सृष्टिमा आनन्दको दुर्लभ चेतना पाएको तर त्यस्तो चेतनालाई थाती राखेर मानिसले मानिसलाई मार्न खोज्नु र मार्दै हिँड्नु उचित नभएको कुरा व्यक्त गरेका छन् । परलोकको स्वर्गीय सुख नै इहलोकको स्वर्गीय सुख हो भन्ने कुरा घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा देखाएका छन् ।

*देउकी* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको परलोकमा स्वर्गचिन्तनको चित्रण गरिएको छ । *देउकी* गीतिनाटकको घटना, परिवेश र चरित्रका आधारमा स्वर्गचिन्तनको खोजी गरिएको छ । सुख नै स्वर्ग, आनन्द र स्वर्ग हो । घट्ना, परिवेश र चरित्रका आधारमा नायिका मल्लिकाको जीवनको बाल्यकालको केही क्षणमात्र सुख देखापरेको छ । आमाको मृत्युबाट दुःखी बने पनि बुबाको छत्रछायामा हुर्किएकी मल्लिकाको सुखद् क्षण पलभरका लागि रह्यो । पुजारीले मल्लिकाको पितालाई फूल माग्न आएको दिने कि नदिने भनी नौ वर्षकी मल्लिकालाई मन्दिरमा चढाउन लैजान सफल भएको छ । मल्लिकाको जीवनको दुःखको भवसागर यहीँबाट आरम्भ भएको छ । सुखको चाहना कसलाई हुँदैन, सबैलाई सुख, शान्ति, ऐस, आरामको चाहना हुन्छ । एक्काईस वर्षको बैंसालु उमेरमा साँझमा आरती बाल्दा देखापरेको अर्जुनसित स्वर्गीय जीवनको परिकल्पना गरेकी छ । जीवनका पीडा सहन नसकेर मर्न हिँडेकी मल्लिका अर्जुनको मायाले

फर्किन्छे र वनकुञ्जमा शारीरिक मिलनका क्रममा आफ्नो तन, मन सबै सुम्पिएर स्वर्गीय संसारमा रम्छे । यही स्वर्गीय आनन्दमा रमाएका बेला मल्लिकाले अर्जुनसँगको स्वर्गीय आनन्दलाई नाट्यांशमा व्यक्त गरेको कुरालाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> छोए पनि हातले, मनले छुन बाँकी यो
> तिमीलाई सुम्पिएँ, जोवन आज राति यो (५/३२)

मल्लिकाको यो खुशी, सुख र आनन्द क्षणिक हुन पुगेको छ । बिहान भएपछि मल्लिकालाई अर्जुनले पुनः मन्दिरमै फर्कन सल्लाह दिएको छ । कुमारीबाट नारीमा परिणत भइसकेकी मल्लिका अर्जुनको पाउमा ढोग्दै र दीर्घायुको कामना गर्दै हातमा खड्ग लिएर मन्दिर प्रस्थान गरेकी छ । मन्दिरमा पुजारी र तान्त्रिकबाट सतित्वमाथि हमला भएको र अर्जुनको घरबाट उपेक्षित भएकी मल्लिका निषिद्ध बस्तीमा पुगेकी छ । छोरी खोज्दै हिँडेको बुबासँग भेट भएपछि घरको आँगन र बाबाको काख नै स्वर्ग रहेछ, बाल्यकाल नै स्वर्ग रहेछ भनेर नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरालाई घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

> कस्तो हुन्थ्यो बाल्यकालमा पाए फेरि फर्कन
> मूर्च्छाभित्र बाँचेजस्तो समय सारा बिर्सन
> कल्ले भेट्ता आँसुका धर्का धर्का यी
> लैजाऊ मेरा बाबा हो
> त्यै खेलेको आँगनीमा फेरि फर्काई (७/४६)

वास्तवमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' को भाव यही हो । यही कुरालाई माधव घिमिरले *देउकी* गीतिनाटकमा देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा पूर्वीय षड्दर्शनले स्वीकार गरेको स्वर्गचिन्तनको चित्रण गरिएको छ । घट्ना, परिवेश र पात्र चरित्रका आधारमा स्वर्गचिन्तनको खोजी गर्नु यस गीतिनाटकको शोध्य विषय रहेको छ । सृष्टि सौन्दर्य अद्भुत छ । आनन्दै आनन्दले भरिपूर्ण पनि छ, दुःखैदुःखले बाँच्नु पनि परेको छ । यो इहलोक र परलोक मानसिका लागि चिन्तनको विषय बनेको छ । मानिस पूर्वजन्मको कर्मको फलले यस संसारमा पुनर्जन्म लिएर आएको छ । मानिसको पूर्वजन्मको कर्मको फल यो भौतिक जीवन हो । मानिसका जीवनमा सुख र दुःख घामछाया बनेर आएका छन् । *बालकुमारी* गीतिनाटकको घट्ना, परिवेश र पात्रको चरित्र चित्रणका आधारमा बालकुमारीको सुखद् दाम्पत्य जीवन नै स्वर्गीय जीवन हो । नायक

शिवशङ्कर र नायिका बालकुमारी तीजको दिनमा हाँसीखुसी किरातेश्वरको मन्दिर दर्शन गर्न भनेर गएका छन् । झ्याउँकिरी सङ्गीत मृगस्थलीको रमाइलो वातावरणमा रमाएका छन् । नायक र नायिका एकान्तमा बसेर प्राकृतिक सौन्दर्यको अवलोकन गर्दै नायिकाको नजर लट्ठै पार्ने गरी नायकले हेरेको छ । यो आनन्दानुभूति हो, सुखानुभूति हो । नायिका बालकुमारीले कुमारीहरूका साथमा किरातेश्वरको मूर्ति सामु नृत्य गरेर सुख र आनन्दको मज्जा लिएकी छ । अचानक शिवशङ्करको मृत्यु हुन्छ । मृत्यु मानिसको नियन्त्रणभन्दा बाहिरको कुरा हो । मृत्यु कसैका लागि पनि सुखद् हुँदैन । घामजस्तो उज्यालो जीवन छिनभरमै छाया बन्यो, अन्धकार बन्यो । बालकुमारीको जीवन नीरस बनेको छ । बालकुमारीले शोकाकुल अवस्थामा पनि करेसाबारीमा उभिएर आकाशतिर हेर्दै स्वर्गीय सुख र आनन्दलाई नाट्यांशका माध्यमद्वारा व्यक्त भएको कुरालाई घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

मीठो लाग्थ्यो मैलाई हेरी लोलाउने आँखा
चित्र रच्दा आकाश हेरी टोलाउने आँखा
अब मेरो चित्रकार ! नजर मात्र रह्यौ
सुन्दरतालाई रच्दा रच्दा सुन्दर मात्र रह्यौ (३/१७)

बालकुमारीले आकाशको सेतो वादलमा रङ चढेर सुखको र आनन्दको आभाष गरेकी छ । शिवशङ्करले एकान्तमा बसेर चित्र बनाइरहेको सम्झेकी छ । सधैँकी हँसमुखी बालकुमारी आनन्द र सुख भनेको पतिको साथ रहँदा मात्र देखा परेको छ । निद्रामा पनि पति शिवशङ्करको संवाद सुनेर सधवा भेषमा हिँडेकी छ । बालकुमारीको जीवनलाई सौन्दर्य भर्नका लागि उत्तरकुमार आए तापनि तत्कालीन समाजमा असम्भवसिद्ध भएको छ । यसरी घिमिरेले पूर्वीय दर्शनले गरेको स्वर्गचिन्तनको प्रयोग *बालकुमारी* गीतिनाटकमा गरेका छन् ।

घिमिरेका गीतिनाटकमा परलोकमा स्वर्गसम्बन्धी पूर्वीय दर्शनको दार्शनिक अवधारणाले गहिरो प्रभाव पारेको देखिन्छ । घिमिरेका गीतिनाटकमा व्याप्त जगत्सम्बन्धी स्वर्गचिन्तनलाई स्वीकार गरेको देखिन्छ । घिमिरेले गीतिनाटकमा घटना, परिवेश र चरित्रका आधारमा सुख, आनन्द, शान्ति र भोगविलासलाई स्वर्गका रूपमा स्वीकार गरेको कुरालाई व्यक्त वैचारिक पक्षले प्रस्ट पारेका छन् ।

### ३.५.२ परलोकसम्बन्धी नरकचिन्तन

घिमिरेद्वारा रचित *शकुन्तला* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको नरकचिन्तनको चित्रण गरिएको छ । *शकुन्तला* गीतिनाटकको घट्ना, परिवेश र पात्र चरित्रका आधारमा नरकचिन्तनलाई शोध्य विषय बाइएको छ । नरकचिन्तन दुःखको, पीडाको, चोटको, पिरको र व्यथाको चिन्तन हो । सुख र दुःख त मानव जीवनका लागि घामछायाजस्तै हो, उज्यालो अँध्यारोजस्तै हो । सुखदुःखलाई पूर्वीय दर्शनले पूर्वजन्मको कर्मको फलका रूपमा लिएको छ । *शकुन्तला* गीतिनाटककी नायिका शकुन्तलाको घट्नाक्रम, परिवेश र चरित्र अध्ययन गर्दा दुःखैदुःखले भरिएको छ । यो नारकीय जीवन हो । शकुन्तला र दुष्यन्तको प्रेममय जीवन एकाएक नारकीय जीवन बन्न पुगेको छ । प्रेम भनेको भ्रम हो । यही भ्रमले गर्दा शकुन्तला र दुष्यन्त प्रकृतिको सुन्दर उपहार मानव जीवनलाई नारकीय जीवन बनाउन उद्धत भएका छन् । दुष्यन्तसँग प्रेम हुनासाथ शकुन्तलाले आफ्नो सर्वस्व दुष्यन्तलाई सुम्पेकी छ । आर्य संस्कृतिका लागि योभन्दा ठुलो पापकर्म अर्को हुन सक्दैन । आर्य सभ्यता र संस्कृतिले विवाहपूर्व गरिने यौन सम्बन्धलाई पाप कर्म ठान्दछ र नारकीय जीवनका रूपमा हेर्दछ । गर्भवती बनेकी शकुन्तलाले नाट्यांशका माध्यमद्वारा जीवन नारकीय बन्न लागेको कुरालाई घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> यात्री यो वनको फूल छोएर मात्र जान्छ कि
> जिन्दगी वनबालाको रोएर मात्र जान्छ कि (३/२५)

शकुन्तलाले कहिल्यै नदेखेको, नचिनेको व्यक्तिसँग पहिलो भेटमै आफ्नो कौमार्य गुमाएकी छ । दुष्यन्तको देवदूतले काम नगर्दा आफ्नी पत्नीका रूपमा अस्वीकार गरेको छ । जीवनमा आइपर्ने दुःख, पीडा, कष्ट शकुन्तलाले भोग्नुपर्ने स्थिति देखिएको छ । जीवनलाई निरर्थक ठानेर रुँदै जमुना नदीको किनारमा पुगेकी छ । अर्थात् पूर्वजन्मको कर्मको फलले शकुन्तला नारकीय जीवन जिउन बाध्य भएको कुरालाई घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा पूर्वीय षड्दर्शनले प्रतिपादन गरेको नरकचिन्तनको चित्रण गरिएको छ । स्वर्ग, नरक, पाप, पुण्य, इहलोक, परलोक दर्शनसँग सम्बन्धित विषय हुन् । घट्ना, परिवेश र पात्र चरित्रका आधारमा *मालती मङ्गले* गीतिनाटकमा नारकीय जीवनको खोजी गरिएको छ । सुख र आनन्दको

स्वर्गीय जीवनको परिकल्पना गरेको जीवनमा पति मङ्गले र पत्नी मालती हुँदाहुँदै पनि नारकीय जीवन भोग्न बाध्य भएका छन् । मालतीको जवानी र सौन्दर्यमा लालायित बनेर उनीहरूको जीवनमा गोसाईंले दुःख र पीडा दिएको छ । गोसाईंले सुरुदेखि नै कुनियत राखेको छ । कुनियतले कमारी मालतीको रूप र यौवनको प्रशंसा गरेको छ । गोसाईंले नरकचिन्तनको नाट्यांश प्रस्तुत गरेको कुरालाई घिमिरेले यसरी प्रकट गरेका छन् :

> कमारीलाई जसले किन्यो, त्यसकै अधिकार
> दिल पनि किनूँ दिलैले भनी माग्दै छु माया प्यार (२/२३)

गोसाईंले देखाएको प्रलोभन नारकीय सोचको पराकाष्ठा हो । गोसाईंको मनमा रहेको कलुषित भावना नै पापी भावना हो । रक्षक बन्नुपर्ने मालिक गोसाईं भक्षक बनेको छ । यस्तो दुष्कर्म नरक लोकको कर्म हो । दुःख र पीडाको कुनै साँध सिमाना छैन र हुँदैन । यस नाटकको घट्ना र परिवेश हेर्दा दुःख र दर्द बाहेक केही देखिँदैन । नवदाम्पत्य जीवनलाई छुटाएर साङ्लाले बाँधेको देख्दा रानीले दुःखको भाव प्रकट गरेकी छन् । नायिका मालतीले गोरखाकी कालिका माईलाई दुःखको पुकारा नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

> यो घरको खसमको मनै पापी रै'छ
> छाया भन्दै हेर्दै थिएँ राक्षस पो रै'छ
> राक्षसले छुन खोज्यो सुनकेस्राको बैंस
> गोरखाकी कालिका माई ! रछे गर राक्षसै भगाई (२/१३)

कमारी मालतीले गोसाईंले निकृष्ट व्यवहारलाई उजागर गरेकी छ र पापकर्मबाट मुक्त हुनका लागि गोरखाकी कालिका माईलाई पुकारेकी छ । मानिसले आफूले गरेको पूर्वजन्मको कर्मको फल यस जुनीमा भोग्नुपर्छ भन्ने पूर्वीय दर्शनको मान्यताका आधारमा मङ्गले र मालतीले भोग्नुपरेका पिर, व्यथा, दुःखलाई देखाइएको छ । यही कुरालाई घिमिरले *मालती मङ्गले* गीतिनाटकमा देखाएका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको नरकचिन्तनको चित्रण गरिएको छ । घट्ना, परिवेश, पात्र चरित्रका आधारमा *अश्वत्थामा* गीतिनाटकमा भएको नरकचिन्तनको खोजी गर्नु शोधको उद्देश्य हो । जीवन र जगत्का धेरै विषय रहस्यमय छन् । यही रहस्यताको खोजी यस गीतिनाटकमा

गरिएको छ । ब्राह्मण पुत्र अश्वत्थामा नृशंस, क्रूर एवं आततायी पात्रका रूपमा परिचित छ । अष्टचिरञ्जीवीका रूपमा पूज्य अश्वत्थामा उद्दण्ड र कठोर पात्रका रूपमा चिनिएको छ । युद्धको नियम विपरीत क्रूर एवं नृशंस कर्म गरेर अमानवीय नृशंसताको परिचय दिएको छ । पाण्डव शिविरमा गएर मस्त निद्रामा भएका पाण्डव पुत्रको हत्या गरेको छ । अभिमन्यु पत्नी उत्तराको गर्भमा रहेको परीक्षित्माथि ब्रह्मास्त्र प्रयोग गरेको छ, कैयौँ नारीको सिन्दुर पुछिदिएको छ । अश्वत्थामाको अत्याचारलाई सहन नसकेर अर्जुनले अश्वत्थामाको शिरमा रहेको विवेकको मणि निकालिदिएका छन् । अश्वत्थामाको नारकीय जीवनको आरम्भ यहीँबाट भएको छ । अश्वत्थामा नारकीय जीवन व्यतित गर्न बाध्य भएको छ । यही सन्दर्भमा ग्लानि र प्रायश्चितको नाट्यांश अश्वत्थामाले व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

मैले जो बाण बर्साएँ सर्वनाश गरुँ भनी
ती सारा उम्रिए झैं छन् शरीरै भरि रौं बनी
सर्बाङ्ग पोल्छ पीडाले यी वाण नभिकूँ भने
सर्वदा पोल्छ पीडाले यी वाण नभिकूँ भने (३/२५)

अर्जुनले अश्वत्थामाको मणि निकालिदिएपछि ज्ञान, विवेक र बुद्धि त पलाएको देखिन्छ तर दुष्कर्मको फल कहिल्यै निको नहुने गरी शिरमा रहेको छ । यो पाप कर्मको फल हो । अश्वत्थामाले गरेको पाप कर्मको फल सबैले देखेका छन् । अश्वत्थामा जीवनमा कहिल्यै निको नहुने घाउ बोकेर हिँड्न र बाँच्न विवश छ । मानिसले आफूले गरेको कर्मको फल आफैँले भोग्नुपर्छ भन्ने पूर्वीय दर्शनको चिन्तनलाई घिमिरेले *शकुन्तला* गीतिनाटकमा देखाएका छन् । पापकर्मबाट मोक्ष प्राप्त गर्न सकिँदैन भन्ने कुरालाई गीतिनाटककार घिमिरेले देखाएका छन् ।

*देउकी* गीतिनाटकमा पूर्वीय षड्दर्शनले प्रतिपादन गरेको नरकचिन्तनको चित्रण गरिएको छ । घट्ना, परिवेश र पात्र चरित्रका आधारमा *देउकी* गीतिनाटकमा नरकचिन्तनको अध्ययन गर्नु शोध्य विषय रहेको छ । नरकचिन्तन भनेको दुःखै दुःखको भवसागर हो । मानिस यस धर्तीमा जन्मनु नै दुःख हो । दुःख नै जीवन हो । दुःखको न साँध सीमाना छ, न लम्बाइ र चौडाइ अनि उचाइ नै छ । प्रस्तुत गीतिनाटकको घट्ना, परिवेश र पात्र चरित्रका आधारमा नरक चिन्तनको चित्रण

गरिएको छ । नायिका मल्लिका जन्मदै आमाको मृत्यु हुनु पहिलो नारकीय जीवनको आरम्भ हो । बच्चाका लागि पवित्र माया आमाको हो । आमाको माया बाहेक अरू माया प्रायः फिक्का हुन्छन् । नौ वर्षकै उमेरमा छलकपट गरेर देउकीको रूपमा गरेर बेचिनु अर्को नारकीय जीवन हो । जीवनमा सुख र दुःख त घामछाया हुन् तर मल्लिकाको जीवनमा छायाबाहेक केही छैन । सहाराको रूपमा दैव बनेर आएको अर्जुनले धोका दिनु नारकीय जीवनको उपज हो । मन्दिरमा पुजारी र तान्त्रिकले यौनप्यास मेटाउनका लागि गरेको कुकर्म नारकीय जीवन हो । भागेर निषिद्ध बस्तीमा पुग्दा पनि कसैबाट सहारा नपाउनु नारकीय जीवन हो । मल्लिकाले नारकीय जीवनको नाट्यांश प्रस्तुत गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

यो नर्कमा बस्न पनि पाइनँ अब ठाउँ
कहाँ दुख्छ भनी देखाऊँ नदेखिने घाउ
मनको मूर्ति उखेलियो मनैभरि घाउ (७/४३)

मल्लिकाको जीवनमा पीडैपीडा, चोटै चोट, आँसुआँसु, वेदनैवेदना, दुःखैदुःख छ । मनको कुरा शान्तिपूर्वक सुनाउने ठाउँसम्म छैन । मानिस भएर यस धर्तीमा जिउँदै नारकीय जीवन बिताउन विवश छ । मानिसले पूर्वजन्ममा गरेको कर्मको फलअनुसार पुनर्जन्ममा प्राप्त गर्छ र कर्मबाट मुक्त नहुञ्जेल कर्मफल भोगिरहनुपर्छ भन्ने मान्यतालाई घिमिरेले *देउकी* गीतिनाटकमा प्रयोग गरेका छन् ।

*बालकुमारी* गीतिनाटकमा पूर्वीय षड्दर्शनले प्रतिपादन गरेको नरकचिन्तनको चित्रण गरिएको छ । *बालकुमारी* गीतिनाटकको घट्ना, परिवेश र पात्र चरित्रका आधारमा नरकचिन्तनलाई शोध्य विषय बनाइएको छ । नरकचिन्तन भनेको दुःख, पीडा र व्यथा हो । नायिका बालकुमारीले कथाको आरम्भदेखि नै नारकीय जीवन व्यतित गरेकी छ । पति शिवशङ्करको यादले व्याकुल बनेकी बालकुमारीले सुख र शान्तिको सास फेर्न पाएकी छैन । मृत्यु जीवनको अन्तिम सत्य हो । मानिस पञ्चतत्त्वको संयोगबाट नै जन्मन्छ, कर्म गर्छ, पञ्चतत्त्वमै भौतिक शरीर समाप्त हुन्छ र भौतिक लीला समाप्त हुन्छ । अविदितको यात्रामा जानु सृष्टिको नियम हो तर एउटाको मृत्युको कारण अर्कोलाई असर पर्दछ र पार्दछ । मृत्यु आफैँमा असमायिक हुन्छ । पति शिवशङ्करको मृत्युपश्चात् सधवा बनेकी बालकुमारी सामाजिक रूपमा, पारिवारिक रूपमा तिरस्कृत बनेकी छे । बालकुमारीले नाट्यांशका माध्यमद्वारा नारकीय जीवनलाई व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रकट गरेका छन् :

कर्म फुट्यो फ्याकिएँ खगटा झैँ माटीमा
काँपिरैछु छाया झैँ झाँक्रो उल्टी छातीमा
भुइँ किन फाट्दैन धाँजा धाँजा परी यो
सुन धर्ती माता हो ! तिम्री छोरी मरी हो (४/२७)

नायिका बालकुमारीले आफ्नो स्वर्गीय जन्मभूमिलाई नरकलोकको झल्को आउने नाट्यांशमा अभिव्यक्त गरेकी छ । सासू, ससुरा र नन्दले गरेको तिरस्कार मुटुमा काँडो बनेर बसेको छ । बैंसमै दुःख, पीडा, छट्पटी र क्रन्दनलाई शान्त पार्न कहिले बागेश्वरी मन्दिर, कहिले किरातेश्वर शिवलिङ्गको समीपमा आफ्नो दुःख बिसाउन पुगेकी छ । दैवी शक्तिमा देखिएका शिव र पार्वतीले पनि बालकुमारीको दुःख, पीडा देखेका छन् तर दुःख र पीडाबाट मुक्त गर्न सकेका छैनन् । दुःखबाटै जाँदा जाँदा भगवान् भेटिन्छ अर्थात् भगवान्को स्मरण दुःखका समयमा गरिने भएकाले आफूलाई मिटाइ उनकै शरणमा पर्दा भगवान्को कृपा हुने तत्त्वज्ञान बालकुमारीमा रहे पनि कथाको आरम्भदेखि अन्त्यसम्म पूर्वजन्मको कर्मको फल भोग्न विवश छ । पूर्वजन्ममा जस्तो कर्म गर्‍यो, त्यसको फल इहलोकमा प्राप्त हुन्छ भन्ने पूर्वीय दर्शनको चिन्तनलाई घिमिरले *बालकुमारी* गीतिनाटकमा प्रयोग गरेका छन् ।

घिमिरेका गीतिनाटकमा परलोकमा नरकसम्बन्धी पूर्वीय दर्शनको सैद्धान्तिक तथा दार्शनिक अवधारणाले प्रभाव पारेको देखिन्छ । घिमिरेका गीतिनाटकमा व्याप्त जगत्सम्बन्धी नरकचिन्तनलाई स्वीकार गरेको देखिन्छ । घिमिरेले गीतिनाटकमा घटना, परिवेश र चरित्रलाई आधार बनाएर पाप, दुष्कर्म, दुःख र पीडालाई नरकका रूपमा स्वीकार गरेको कुरालाई व्यक्त वैचारिक पक्षले स्पष्ट पारेका छन् । पूर्वजन्मको दुष्कर्मको फल भोग्नुपर्ने कुरा घिमिरेले गीतिनाटकका माध्यमद्वारा व्यक्त गरेका छन् ।

## ३.६ निष्कर्ष

घिमिरेले *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकमा जगत्चिन्तनलाई सत्त्वगुण, रजोगुण र तमोगुणका आधारमा तथा इहलोकमा कर्मफलचिन्तन, सुखदुःखचिन्तन र परलोकमा स्वर्गचिन्तन, नरकचिन्तनलाई सघन रूपमा अभिव्यञ्जित गरेका छन् । गीतिनाटककी नायिका शकुन्तलामा साङ्ख्यदर्शनले प्रदिपादन गरेको सत्त्वगुण, रजोगुण र तमोगुणले युक्त

भएको घिमिरेले देखाएका छन् । ऋषि आश्रममा हुर्किएकी शकुन्तलामा श्रद्धा, स्नेह, दया, विवेक, प्राणीप्रतिको प्रेमलाई देखाएर घिमिरेले सत्त्वगुणले युक्त पात्रका रूपमा चिनाएका छन् । घिमिरेले कण्व ऋषिलाई दया, माया, धर्म र कर्मबाट नपञ्छिएर सत्त्वगुणले युक्त सत्कर्मका पुजारी भएको देखाएका छन् । विश्वामित्र ऋषि र मेनका धर्म, कर्म र कर्तव्यबाट पञ्छिएको, विवाह अघि नै शकुन्तलाले दुष्यन्तलाई शरीर सुम्पेको घटनाले रजोगुणी चरित्र र तमोगुणी चरित्रका रूपमा विश्वामित्र ऋषि र मेनका साथै शकुन्तलालाई चित्रण गरेका छन् । शकुन्तलालाई इहलोकमा प्राप्त सुखदुःख र परलोकमा प्राप्त स्वर्ग र नरकलाई घिमिरेले देखाएका छन् । घिमिरेले *मालती मङ्गले* गीतिनाटककी नायिका मालती र नायक मङ्गलेलाई सत्त्वगुणले युक्त चरित्रका रूपमा चिनाएका छन् । गोर्खाकी रानीले कर्णफूल दिएर मालती र मङ्गलेको पुनर्मिलन भएको देखाएर रानीलाई सत्त्वगुणी चरित्रका रूपमा घिमिरेले देखाएका छन् भने गोसाईं घरमा पत्नी हुँदाहुँदै पनि मालतीको सतित्व लुट्न खोजेको घटना देखाएर गोसाईंलाई रजोगुणी तथा तमोगुणी चरित्रका रूपमा चित्रण गरेका छन् । साथै इहलोकमा प्राप्त सुखदुःख, आनन्द, खुसी, हर्ष, विस्मातलाई घिमिरेले देखाएका छन् । घिमिरेले *अश्वत्थामा* गीतिनाटकको नायक अश्वत्थामालाई अर्जुनले विवेकको मणि निकाल्नु अघि क्रूर, नृशंस, अविवेकी, आततायी, उद्दण्ड, क्रोधी बनेर रजोगुणी र तमोगुणी चरित्रका रूपमा चित्रण गरेका छन् भने अर्जुनले विवेकको मणि निकालिदिएपछि शान्त, भद्र, स्नेह, श्रद्धाको भाव बोकेर सत्त्वगुणले युक्त चरित्र भएको देखाएका छन् । सुख, शान्ति र आनन्दको खोजीमा अश्वत्थामा हिँडेको देखाएर इहलोकमा प्राप्त सुखदुःख र परलोकमा प्राप्त स्वर्ग र नरकको आभास घिमिरेले देखाएका छन् । घिमिरेले *देउकी* गीतिनाटककी नायिका मल्लिकालाई शुद्धता, स्वच्छन्दता र पवित्रता जस्ता सत्त्वगुणी चरित्र हुँदाहुँदै पनि अर्जुनलाई शरीर सुम्पेर दुःखको भवचक्रमा फसेको र रजोगुणी र तमोगुणी चरित्रका रूपमा चित्रण गरेका छन् । इहलोकमा प्राप्त सुखदुःखलाई पूर्वजन्मको कर्मफलसँग घिमिरेले देखाएका छन् । परलोकमा प्राप्त स्वर्ग र नरकलाई पनि पूर्वजन्मको कर्मफलसँग मल्लिकाको जीवनलाई घिमिरेले देखाएका छन् । घिमिरेले *बालकुमारी* गीतिनाटककी नायिका बालकुमारी शान्त, भद्र स्वभावकी सत्त्वगुणले युक्त नारी भएकी तर पति शिवशङ्करको मृत्युपश्चात् बालकुमारीको जीवन अधुरो, अपुरो र

शून्य भएर रजोगुणी र तमोगुणी चरित्र बनेको देखाएका छन् । घिमिरेले बालकुमारीका माध्यमद्वारा इहलोकमा प्राप्त सुखदुःख र परलोकमा प्राप्त स्वर्ग र नरकलाई जन्म, पूर्वजन्म र पुनर्जन्मको कर्मफलका रूपमा चित्रण गरेका छन् । इहलौकिक र पारलौकिक जीवन पनि रहस्मय भएको, सुखदुःख पनि रहस्यमय भएको र कर्मफल पनि रहस्यमय भएको घिमिरेले गीतिनाटकका माध्यमद्वारा देखाएका छन् ।

# चौथो परिच्छेद

# माधव घिमिरेका गीतिनाटकमा ईश्वरचिन्तन

## ४.१ विषयपरिचय

माधव घिमिरे दार्शनिक चेतना भएका गीतिनाटककार हुन् । घिमिरेले आफ्ना गीतिनाटकमा पूर्वीय दर्शनको सफल प्रयोग गरेका छन् । पूर्वीय दर्शनले ब्रह्म, ईश्वरलाई उच्च महत्त्वका साथ चिन्तन र मनन गरेको छ । यही ब्रह्म, ईश्वरको प्रयोग घिमिरेका गीतिनाटकमा पाइन्छ । पूर्वीय दर्शनले ईश्वरीय सत्तालाई सर्वश्रेष्ठ रूपमा स्वीकार गरेको छ तर ईश्वर नै ब्रह्म हो र ब्रह्म नै ईश्वर हो भन्ने विषयमा दार्शनिकहरूको पनि एकमत पाइँदैन । वास्तवमा पूर्वीय दर्शनले ब्रह्म/ईश्वरलाई आजसम्म रहस्यकै विषय मानेको छ । यस अध्यायको शोध्य विषय माधव घिमिरेका गीतिनाटकमा ईश्वर चिन्तनलाई शोध्य विषय बनाइएको छ । पूर्वीय षड्दर्शनमा पनि जन्म, मृत्यु, पूर्वजन्म, पुनर्जन्म, भाग्य, कर्म, बन्धन, मुक्ति, जीव, आत्मा, जीवन, जगत्, परमात्मा, ईश्वर, परमेश्वर, प्रकृति, पुरुष, रहस्य आदि अनेक विषयहरू रहस्यमय नै रहेका छन् । यीमध्ये माधव घिमिरेका गीतिनाटकमा ईश्वरसापेक्ष जीवनसम्बन्धी चिन्तन व्यक्त भएकाले जीवनको मूल स्रोत, कर्मको फलदाता, पालनकर्ता र अन्त्यमा मानवका मुक्तिदाताका रूपमा ईश्वरको स्वीकृति पाइने हुँदा यिनै प्रतिमानका आधारमा घिमिरेका गीतिनाटकमा व्यक्त जीवनसम्बन्धी चिन्तनको खोजी गरिएको छ ।

## ४.२ पूर्वीय दर्शनमा ईश्वरचिन्तनको दार्शनिक अवधारणा

पूर्वीय दर्शनले स्थापित गरेका आद्यरूपीय तत्त्वमध्ये ईश्वरतत्त्व पनि एक हो । ईश्वरका पर्यायवाची शब्दका रूपमा ब्रह्म, परमात्मा, भगवान् आदि अनेक शब्दहरू पाइन्छन् । पूर्वीय चिन्तन परम्परामा पाइने ईश्वरसम्बन्धी मान्यताहरूलाई यहाँ प्रस्तुत गरिएको छ । पूर्वीय षड्दर्शनले ईश्वर, ब्रह्मलाई सर्वेसर्वा तथा उच्च महत्त्वका साथ चिन्तन गरेको छ । षड्दर्शनका आ-आफ्ना चिन्तन र दृष्टिकोण भए पनि ईश्वरीय सत्ता अन्तिम सत्ता र शक्ति हो । ईश्वर नामक शब्द 'ईश्' धातुमा 'वरच्' प्रत्यय लागेर बनेको व्युत्पन्न तत्सम शब्द हो (ईश्वरचन्द्र, सन् २००९, पृ.

३४९) । ईश्वरका पर्यायवाची शब्द भनेका ईश, देवता, भगवान्, परमेश्वर, परब्रह्म, ब्रह्म, ॐ आदि हुन् । ईश्वरका सम्बन्धमा अनेक धारणा पाइए तापनि समग्रमा सृष्टि, स्थिति र प्रलयकर्ता र शुभाशुभ कर्मका फलदाता ईश्वर हुन् । ईश्वर कालबाट पनि नष्ट नहुने भएकाले पूर्व ऋषिमहर्षिहरूको गुरु पनि हो (*योगदर्शन,* १.२६) । ब्रह्माण्डको सृष्टि सञ्चालनका लागि ईश्वरमात्र सक्रिय छ । ईश्वरमा ज्ञानादिगुण असीमित छ र ईश्वरको सामर्थ्य पनि असीम छ (*योगदर्शन,* १.२५) । पुरुष कर्मका धेरैजसो निष्फलताले ईश्वर नै यस जगत्को सृष्टिको कारण हो (*न्यायदर्शन,* ४/१/१९) । वेदान्तदर्शनले यो सृष्टिलाई ईश्वरको मायावी खेल हो र सृष्टि गर्नु ईश्वरको स्वभाव भनेको छ भने ब्रह्मसूत्रमा मायाबाट प्रभावित ब्रह्मलाई ईश्वर भनिएको छ । ईश्वर व्यावहारिक कोणबाट सत्य, सगुण, सविशेष र साकार, उपासनाको विषय, मायाको प्रभाव, सक्रिय र व्यक्तित्वपूर्ण हो । ब्रह्म निर्गुण र निराकार भएकाले त्यसबाट जगत्को सृष्टि सम्भव छैन तर जब परब्रह्ममा नै मायाशक्ति सल्बलाउन थाल्छ, त्यतिबेला ब्रह्मलाई ईश्वर भनिन्छ । ईश्वर र ब्रह्म साकार र निराकारको रूप हो । अविद्यादि पञ्चक्लेश शुभाशुभ कर्म, कर्मजन्य सुखदु:ख रूप, फल तथा वासनाको संसर्गबाट रहित पुरुष विशेष ईश्वर हो (*योगदर्शन,* १.२६) । न्यायदर्शनको ईश्वर जगन्नियता र कर्मफल प्रदाता हो (सरस्वती, सन् २०१०, पृ. १) । ईश्वर असल र खराब कर्मको साक्षी पनि हो भने वेदान्तदर्शनमा ब्रह्मलाई सच्चिदानन्द भनेको पाइन्छ । रामानुजले ब्रह्म र ईश्वरलाई भिन्न मानेनन् । रामानुजका विचारमा ब्रह्म ईश्वर चित् अचित्कै समष्टि हो । कल्याणकारी गुणले युक्त वासुदेव नै परब्रह्म हो र ॐ नै उपादान कारण हो र निर्माता तथा जीवको नियामक हो भन्ने रामानुजको अभिमत हो ।

रामानुजका अनुसार ईश्वरको रूप, पर, व्यूह, विभव, अन्तर्यामी र अर्चा गरी पाँचवटा रूपमा अवस्थित छ (आचार्य, सन् २००५, पृ. ४१३-४१५) । ईश्वरको वाचक रूप प्रणव अर्थात् ओम हो । ओमको जपबाट आत्म साक्षात्कार हुन्छ र विघ्ननाश हुन्छ (*योगदर्शन,* १ : २७) । मन्त्र तथा आयुर्वेदको प्रमाण वेद हो र वेद अपौरुषेय भएकाले परमात्माबाट उपदिष्ट हो (*न्यायदर्शन,* २ : १/६९) । सृष्टि ईश्वरको खेल हो भने सृष्टि गर्नु ईश्वरको स्वभाव हो (गिरी, २०७८, पृ. १३२) । ईश्वर सगुण, सर्वज्ञ, व्यापक, स्वतन्त्र, व्यक्तिपूर्ण भएकाले मान्छेले ईश्वरको

उपासना गर्छ । ब्रह्मसूत्रका अनुसार मायाबाट प्रभावित ब्रह्मलाई ईश्वर मानिएको छ र ईश्वरबाट नै जगत्को सृष्टि हुन्छ । ब्रह्म निगुण र निराकार भएकाले त्यसबाट जगत्को सृष्टि सम्भव छैन, तर जब परब्रह्ममा नै रहेको मायाशक्ति सल्बलाउन थाल्छ, त्यतिबेलाको ब्रह्मलाई ईश्वर भनिन्छ (गौतम, २०७८, पृ. १०१) । उल्लिखित दार्शनिकका अवधारणाका आधारमा ईश्वरसम्बन्धी चिन्तन गरिएको छ ।

ईश्वरका विषयमा जेजस्ता धारणा पाइए पनि ईश्वरलाई शुभाशुभ कर्मका फलदाताका रूपमा, सृष्टि, स्थिति र प्रलयका रूपमा, आस्तिक जगत्का ईश्वर र परमात्माका रूपमा तथा सृष्टि जगत्का इहलौकिक र पारलौकिक विषयमा रहस्यमय नै छन् । त्यसैले शोधकार्यका लागि ईश्वरचिन्तनको सैद्धान्तिक तथा दार्शनिक आधार बनाइएको छ ।

## ४.३ माधव घिमिरेका गीतिनाटकमा ईश्वरको स्वरूप

माधव घिमिरेका गीतिनाटकमा ईश्वरचिन्तन पाइन्छ । घिमिरेले ईश्वरलाई विभिन्न दृष्टिबाट स्वीकार गरेका छन् । जीवन र जगत्को सृष्टि, स्थिति, प्रलयकर्ताका रूपमा ईश्वर, जीवनको पालन कर्ता र संरक्षण कर्ताका रूपमा ईश्वर, जीवनदाता र कर्मफलदाताका रूपमा ईश्वर, परम सत्य र मोक्ष दाताका रूपमा ईश्वरको स्वीकृतिलाई घिमिरे स्वीकार गरेको देखिन्छ । यहाँ घिमिरेका गीतिनाटकमा व्याप्त ईश्वरसम्बन्धी धारणालाई विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ४.३.१ सृष्टि, स्थिति र प्रलयकर्ताका रूपमा ईश्वर

घिमिरेद्वारा रचित *शकुन्तला* गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको ईश्वरीय चिन्तनको चित्रण गरिएको छ । पूर्वीय दर्शनलाई आधार मानेर जीवनको अध्ययन गरिएको छ । *शकुन्तला* गीतिनाटकको घटना, कथावस्तु, परिवेश र पात्रका माध्यमद्वारा ईश्वरीय चिन्तनलाई सृष्टि, स्थिति र प्रलयका आधारमा जीवनको खोजी गरिएको छ । महाभारतको शकुन्तलोपाख्यान पौराणिक स्रोतबाट लिइएको कथावस्तुमा विश्वामित्र ऋषि र अप्सरा मेनकाकी पुत्री शकुन्तला कण्व ऋषिकी धर्मपुत्री हुन् । स्वर्गमा जन्म लिएर स्वर्गीय आनन्दमा सुखको जीवन बिताउनुपर्ने शकुन्तला यस धर्तीमा वन संस्कृतिमा रमाइरहेकी छन् । मानिसको भूत, वर्तमान र भविष्य ईश्वरीय खेल हो त्यही खेल शकुन्तलासँग ईश्वरले खेलेको छ । ईश्वर

भनेको शुभाशुभ कर्मका फलदाता पनि हो, चित् र अचित्को समष्टि पनि ईश्वर हो । ईश्वर परब्रह्म हो, उपादान कारण हो, निर्माता हो र जीवनको नियामक हो । ईश्वर, व्यूह, विभाव, अन्तर्यामी र अर्चाको रूपमा रहेको हुन्छ । कण्व ऋषिकी धर्मपुत्री शकुन्तलाको अन्ततः हस्तिनापुरका राजा दुष्यन्तसँग वैवाहिक सम्बन्ध भएर जीवन संयोगान्तमा मोडिन्छ अर्थात् ब्रह्ममा मायाशक्ति निहित छ, मायाशक्ति ग्रहणबाट सृष्टि हुन्छ । सृष्टि जगत्का इहलौकिक र पारलौकिक विषय रहस्य हुन् तर ब्रह्मको मायाशक्तिले वन संस्कृतिमा रमाएकी शकुन्तला र नगर संस्कृतिमा हुर्किएको दुष्यन्त बिचको माया, प्रेम, संयोग, वियोग हुँदै अन्ततः संयोगान्तमा समाप्त भएको छ । यहाँ सृष्टि, स्थिति र प्रलयकर्ताका रूपमा सर्वेसर्वा सत्ता ईश्वरीय सत्तालाई आधार बनाइएको छ । सृष्टि, स्थिति र प्रलय गराउने कुनै नियन्ता छ । त्यो नियन्ता भनेको ईश्वर हो । शकुन्तलाले गीति नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> गीतको देवता मेरो हातले छुन हुन्न हे । (३/२५)

ऋषि आश्रममा हुर्केकी ऋषि सभ्यता र मर्यादाको राम्रो ज्ञान भएकी शकुन्तलाले आफ्नो प्रेमलाई उच्च र मर्यादित बनाएर शिष्टता र सभ्यताको परिचय दिएकी छ । प्रेम पनि ईश्वरको वरदान, त्याग र तपस्या हो भन्ने बोध गराएकी छ ।

*मालती मङ्गले* गीतिनाटक गोरखा जिल्लामा चलेको लोककाव्य र इतिहासमा आधारित संयोगान्त नाटक हो । यस नाटकमा घिमिरेले पूर्वीय दर्शनको सर्वोच्च सत्ता ईश्वरीय सत्ता हो, जसको सृष्टि, स्थिति र प्रलय अनुसार जीवको जन्म, कर्म, मृत्यु, भाग्य, पाप, पुण्य आदि विषयमा खोजी गरिएको छ । ईश्वरीय शक्तिकै प्रभाव र प्रेरणाका माध्यमद्वारा जीवले जीवन प्राप्त गर्ने, भोग्ने र परित्याग गर्ने गर्दछ । ईश्वरले सिर्जना गरेको जीवनचित्र ईश्वरले नै च्यातिदिने, मिल्क्याइदिने, दुःखकष्ट दिने गर्दछ । त्यसकै उदाहरणका रूपमा मालती र मङ्गले परेका छन् । यस सन्दर्भमा मङ्गलेलाई माध्यम बनाएर घिमिरेले यसरी व्यक्त गरेका छन् :

> दासको कुलमा के जन्म दियौ निर्दय भावीले
> जन्मदेखि बाँधिई आएँ म आफ्नै नाभिले । (५/३२)

जन्म, कर्म, मृत्यु मानिसको नियन्त्रणमा छैन । जीवन एउटा चित्र हो र जीवनचित्रको चित्रकार ईश्वर हो । ईश्वरीय शक्तिले जीवनचित्रको रचना, जीवनको

प्राप्ति र जीवनको समाप्तिमा ईश्वरीय भूमिका हुन्छ भन्ने कुरा मङ्गलेको भनाइबाट प्रमाणित भएको छ । जीवन प्रदाता र जीवन हर्ता ईश्वर हो भन्ने कुरा प्रस्ट भएको छ । आफ्नो भाग्य र भविष्य देखेर मङ्गले दुःखी छ, निरास छ । यो सृष्टि, स्थिति र प्रलय ईश्वरकै मायावी खेल हो । एउटा जादुगरले दर्शकलाई भ्रमित पारेर आफ्नो कला प्रदर्शन गरेझैँ ईश्वरले मायारूपी जादु शक्तिका सहायताले जीवनको खेल देखाउँदछ । कमारो मङ्गले र कमारी मालती यसैका साक्षी हुन् । असत्को विनाश र सत्को रक्षा नै ईश्वरको सार्थक रूप भएकाले गोसाईंको मृत्यु भएको छ र कमारी मालतीले जीवनदान पाएकी छ ।

*अश्वत्थामा* गीतिनाटक पौराणिक कथामा आधारित गीतिनाटक हो । अश्वत्थामा पौराणिक कथामा आधारित महाभारतका ब्राह्मण योद्धा द्रोर्णाचार्य र कृपीका पुत्र अष्टचिरञ्जीवी हुन् । यिनले ब्रह्माको सुन्दर र महान् रचनालाई ध्वस्त बनाउन चाहेका छन् । अश्वत्थामाले ईश्वरीय सत्तालाई नै चुनौती दिएका छन् । ब्रह्माको सुन्दर रचना भनेको जीवको जन्म हो तर उत्तराको गर्भमा रहेको पाण्डव वंशको एक मात्र वंशको हत्या गर्न ब्रह्मास्त्र हानेर ईश्वरीय सृष्टिलाई अश्वत्थामाले चुनौती दिएका छन् तर सर्वशक्तिमान् ईश्वरीय सत्ताले त्यो गर्भको शिशुलाई अर्जुनको ईश्वरीय कार्यले मर्नबाट बचाएको छ । अश्वत्थामाले कतिलाई आग्नेय अस्त्रले हर खुस्काएको छ, कतिलाई टुहुरो बनाएको छ र कतिका सिन्दूर पुछिदिएको छ । अर्जुनले विवेकको मणि निकालिदिएपछि अश्वस्थामा अविद्यारूपी अन्धकारबाट ज्ञानरूपी संसारमा चेतना खुलेको छ । अश्वत्थामा यो चराचर जगत् ईश्वरको सृष्टि सम्झन्छ र अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा ईश्वरलाई स्मरण गरेको कुरा घिमिरेले यसरी देखाएका छन् :

> सृष्टिको देवता आज धर्तीमा मरिरहे छ झैँ
> अज्ञात युद्धको पीडा मैबाट सरिरै'छ झैँ । (३/९)

यो जगत्का मानिस ईश्वरका सृष्टि हुन् । प्राणदाता र दुःख हर्ता पनि ईश्वर नै हुन् । मानिस सृष्टिको देवता हो । ईश्वर स्रष्टा मात्र होइन प्राण हर्ता रहस्यमय परमशक्ति पनि हो । जन्मदै शिवको तेस्रो नेत्रझैँ विवेकको मणि लिएर जन्मिएको अश्वत्थामा विवेकको मणि निकालेपछि जीवतत्त्वका जन्मदेखि मृत्युसम्मका हरेक घटनामा ईश्वरको प्रभाव रहेको देख्दछ, सृष्टि, स्थिति र प्रलयमा ईश्वरीय शक्ति

ठान्दछ । कसैले पनि ईश्वरको नियमलाई उल्लङ्घन गर्न सक्दैन । यो चराचर जगत् ईश्वरीय सत्ता हो । वास्तवमा ईश्वरले नै यो सृष्टि हराभरा बनाउँछ, विनाश गर्छ र पुनः निर्माण गर्छ । मानव त्यही अदृश्य ईश्वरको सुन्दर सिर्जना हो । ईश्वर नै सृष्टि हो, ईश्वर नै विनाश हो । विद्या नै ईश्वर हो र अविद्या नै भ्रम हो भन्ने कुरालाई घिमिरेको *अश्वत्थाम* गीतिनाटकमा देखाएका छन् ।

*देउकी* गीतिनाटकमा सृष्टि, स्थिति र प्रलयका रूपमा ईश्वर चिन्तनको चित्रण गरिएको छ । *देउकी* गीतिनाटक घिमिरेको सामाजिक यथार्थतावादी रचना हो । *देउकी* गीतिनाटकमा पूर्वीय षड्दर्शनले सर्वशक्तिमान रूपमा स्वीकार गरेको सृष्टि, स्थिति र प्रलयका रूपमा ईश्वरीय अंशको खोजी गरिएको छ । *देउकी* गीतिनाटक नेपालको सुदूरपश्चिमका केही जिल्लाको कुप्रथा र कुसंस्कारले युक्त नाटक हो । पूर्वीय दर्शनले मानिसको जन्म, कर्म, भाग्य, पाप, पुण्य आदि सबै ईश्वरीय सत्तालाई स्वीकार्दछ । धनी हुनु, गरिब हुनु, शिक्षित हुनु, अशिक्षित हुनु, मन्दिरमा देवीको चढाइनु, ईश्वरीय देन हो भनेर विश्वास गरिन्छ । सृष्टिमा जन्म एकै प्रक्रियाबाट भए पनि मानिसको कर्म, भाग्य ईश्वरीय लीलामा निर्भर रहन्छ । छोरीलाई देउकीको रूपमा नचढाए देवीको श्राप लाग्ने भन्नु, पुजारीको यौन सम्बन्धबाट जन्मिएका छोरी देवी कहलिने भन्नु र एउटी नारीको नारकीय जीवनलाई सृष्टि, स्थिति र प्रलयसँग दाँज्नु पक्कै राम्रो होइन तर अविद्यारूपी समाजका सदस्यले यही अन्धविश्वासलाई ईश्वरीय देन मानेको कुरा घिमिरेले मल्लिकामार्फत् यसरी अभिव्यक्त गरेका छन् :

> कस्ती बन्न जन्मिएथेँ किन्तु कस्ती बनेँ
> मन्दिरमा चढाइने वस्तु जस्ती बनेँ । (पृ. ४३)

वास्तवमा ईश्वरीय सत्ता र शक्तिले नै जीवन चक्र चल्दछ । मानिसले चाहेर केही हुँदैन । ईश्वरको वरदानबाट प्राप्त मनुष्य जीवन अधुरो र अपुरो नै रहन्छ । पुरुष कर्मका धेरै जसो निष्फलताले गर्दा ईश्वर नै यस जगत्को र जीवनको सृष्टिको कारण हो । ईश्वर असल र खराब कर्मको साक्षी हो र ईश्वरमा ज्ञानादिगुण असीमित भएकाले ईश्वरको सामर्थ्य पनि असीम छ । ब्रह्माको सुन्दर सिर्जना हिलैमा कमल फुलेको छ तर मनुष्य जन्म लिएकी मल्लिका एउटी जिन्दगीलाई बन्धकी राखेर पूर्ण शरीर भगवान्मा अर्पेकी छ । मानिसको जन्मपछिको कर्ममा

भावीले किन पक्षपातको धारणा बीजारोपण गर्छन् ? मरेपछि मात्र सुख र दुःखको संसारको परिकल्पना गर्ने दर्शनले बाँचुन्जेलको जीवनलाई दुःखलाई नरक र सुखलाई स्वर्ग मान्दैन । जे जति कर्म भए सबै ईश्वरीय देन हो भन्ने धारणा अघि सारेको छ । ईश्वरलाई रहस्यमय शक्ति मानेर सङ्कटमोचनका लागि ईश्वरलाई पूजा गर्नु, उपासना गर्नु पूर्वीय दर्शनको देन बनेको छ । यहाँ मल्लिकाले दुःख र दर्दबाट मुक्त हुनका लागि कैयौँपटक प्रयास गरेकी छ तर ईश्वरीय सृष्टि, स्थिति र प्रलयका अगाडि उसको केही चल्दैन । सच्चिदानन्द प्राप्तिका लागि ब्रह्मलीन हुन खोजे पनि मायामा रहेको ईश्वर तत्त्वको भुलभुलैयाले अर्जुनलाई स्मरण गर्दछे । मल्लिकाको तन मायाको अविद्याको पर्दाले ढाकेको छ ।

*बालकुमारी* गीतिनाटकमा ईश्वरको सृष्टि, स्थिति र प्रलयका आधारमा जीवनको चित्रण गरिएको छ । यसको विषय परिवेश पशुपतिक्षेत्र आसपास हो, जहाँ देवादिदेव शिव भगवान् विराजमान छन्, त्रिनेत्रधारी देवता विराजमान छन्, अर्धनारीश्वरका रूपमा विराजमान छन् र किरातेश्वरको रूप धारण गरेर बसेका छन् । उनकै प्राङ्गणमा बालकुमारी पतिवियोग र पारिवारिक तिरस्कारले विक्षिप्त छ । मृत्यु कसैको इच्छा, रहर र श्रापको विषय होइन । यो त सृष्टिको बाध्यात्मक नियम हो । पीडाजन्य मृत्यु कसैलाई स्वीकार्य छैन तर पूर्वीय दर्शनले मृत्युलाई पनि ईश्वरीय घटनासँग व्याख्या र विश्लेषण गरेको छ । यो दुःखद् क्षणमा बालकुमारीले संसारको र जीवनको औचित्य समाप्त भएको महसुस गरेकी छ । ईश्वरले हठात् कसैको जिन्दगीमा क्षणभरमै सर्वत्र अँध्यारो बनाइदिन्छ । मृत्युको नियम कठोर र अपरिवर्तनीय बनाउने ईश्वर नामक शक्ति हो । यतिबेला ईश्वरले आफ्नो धर्म, कर्म बिर्सिएको छ । मृत्युपश्चात् पुनर्जीवनमा कोही फर्कन सक्दैन । गीतिनाटककी नायिका बालकुमारी विक्षिप्त भएकी छ र ऊ पनि पति शिवशङ्करको मृत्युपश्चात् प्राण त्यागनका लागि जयबागेश्वरीको मन्दिरभित्र गएर देवीको पाउको सिन्दूर शिरमा लगाउँदै नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

सती गए कति नारी गरी सोह्र शृङ्गार
अर्पी तिम्रो चरणमा अर्को जोर शृङ्गार
त्यही शृङ्गार देऊ देवी ! मेरो अङ्ग अरि हो । (६/३९)

वास्तवमा मृत्यु यात्रा अविदितको यात्रा हो । सबैलाई असह्य पीडा बोध हुन्छ । जीवन भनेकै जीवनले प्राप्त गरेको जन्मदेखि मृत्युका बिचको कालखण्ड हो । अर्धनारीश्वर भएको देशका नारीले विधवा जीवन व्यतित गर्नुपर्दैन भनेर देवादिदेव शिवले आफ्नी अर्धाङ्गिनी पार्वतीलाई सम्झाए पनि छैंटीमा भावीले लेखेको केही गरी पनि मेटिँदैन भन्ने भनाइ प्रमाणित भएको छ । यसरी एउटी विधवा नारीले भोगेका कर्मलाई ईश्वरीय सत्तासँग जोडिएको छ । ईश्वरलाई संहारकर्ता, सृष्टिकर्ता र पालकर्ताका रूपमा विश्लेषण गरेर ईश्वर नियन्ता हो भन्दै मल्लिका ईश्वरमै समर्पित भएको घिमिरेले देखाएका छन् । ईश्वर सृष्टि प्रक्रियामा संलग्न रहन्छ । ईश्वरको सृष्टि प्रकृति परिणामको स्वरूपमा भएको हो, ईश्वर त योजक न हो भन्ने कुरा घिमिरेले मल्लिकाको जीवन सङ्घर्षका माध्यमद्वारा देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको ईश्वरसम्बन्धी अवधारणाको प्रभाव पाइन्छ । ईश्वर जीवन र जगत्को सृष्टि, स्थिति र प्रलय कर्ताका रूपमा सक्रिय हुन्छ भन्ने मान्यतालाई घिमिरेले गीतिनाटकमा प्रयोग गरेका छन् । ईश्वर उपादान कारण, परब्रह्म र जीवन र जगत्को नियामक हो भन्ने कुरालाई घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले देखाएका छन् ।

### ४.३.२ पालनकर्ता र संरक्षणकर्ताका रूपमा ईश्वर

घिमिरेद्वारा रचित *शकुन्तला* गीतिनाटकमा पालनकर्ता र संरक्षणकर्ताका ईश्वरको चित्रण गरिएको छ । ईश्वर हरेक प्राणीको पालनकर्ता पनि हो र संरक्षणकर्ता पनि हो । ईश्वर मानव जीवनका लागि अवतार बनेर आउँदैन तर अवसर बनेर मानव रूपमा नै आउँदछ । ईश्वर कहिले दुःखको साथी त कहिले सुखको साथी बनेर आउँदछ । ईश्वर निराकार, निर्गुण, अनन्त, कल्याणमय निर्विशेष गुण लिएर पालनकर्ता र संरक्षणकर्ताको रूपमा आएको हुन्छ । *शकुन्तला* गीतिनाटककी नायिका शकुन्तला स्वर्गमा जन्मिए पनि कण्व ऋषिको आश्रम वरपर फेला पर्नु, कण्व ऋषिले धर्मपुत्री मानेर पाल्नु र दुष्यन्त राजासँग कन्यादान दिनु ईश्वरीय वरदान हो । शकुन्तला आफैँले नाट्यांशका माध्यमद्वारा भनेको कुरा घिमिरेले यसरी प्रकट गरेका छन् :

जन्म बाबु र आमाले रूप ईश्वरले दियो
तिम्रो नजरले बाल्यो मेरो नजरमा दियो (३/२५)

प्रत्येक मानिसको जन्म, कर्म, भाग्य, आफूसँगै हुन्छ तर त्यसको नियन्ता ईश्वर हो । पूर्वीय दर्शनले सिङ्गो मानव जीवन नै ईश्वरीय देन हो भनेर स्वीकार गरेको छ । ईश्वरमा मायाको अंश निहित हुने हुनाले ईश्वर व्यावहारिक दृष्टिले सत्य हो भने पारमार्थिक दृष्टिले ईश्वर पनि असत्य हो । ब्रह्म र मायाको रूप ईश्वर हो । त्यसैले कविले *शकुन्तला* गीतिनाटकको पूर्वाङ्गमा मङ्लाचरणबाट कथावस्तु आरम्भ गरेर राजा दुष्यन्तसँग विवाह भएको प्रसङ्गलाई मङ्गलाचरणमै समाप्त गरेका छन् । कविले मङ्गलाचरणमै नाट्यांशका माध्यमद्वारा भनेका छन् :

शकुन्तला र दुष्यन्त, दुष्यन्त र शकुन्तला
विशाल धर्ती होओस्, महामिलनको थला । (पृ. ९)

यस नाट्यांशले ईश्वरलाई पालनकर्ता र संरक्षणकर्ताका रूपमा स्वीकार गरेको छ । पाणिनि व्याकरणले पनि राज्य गर्नु, आदेश गर्नु, स्वामी बन्नु, राज गर्नुलाई ईश्वरीय चिन्तनका रूपमा स्वीकार गरेको छ । यो सबै कुरा शकुन्तलाको जीवनमा घटित घटना हुन् । अतः *शकुन्तला* गीतिनाटकमा ईश्वरले पालनकर्ता र संरक्षणकर्ताका रूपमा ईश्वरको योगदान रहेको कुरा घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकलाई ईश्वरीय चिन्तनका आधारमा चित्रण गरिएको छ । ईश्वरलाई पालनकर्ता र संरक्षणकर्ताका रूपमा शोध्य विषय बनाइएको छ । नायक मङ्गले र नायिका मालती कमारा कमारी हुन् । वैवाहिक जीवनमा जीवनसाथी हुन् तर दैवको लीला उनीहरूको प्रणय सम्बन्ध चकनाचुर भएको छ । तर, प्रियसीको यादमा बाँसुरी बजाउँदा, मालिकले साङ्लाले बाँधेर ल्याउँदा गोरखाकी रानीको नजरमा पर्छ । यहाँ गोरखाकी रानी ईश्वरको रूप लिएर आएकी छन् । ईश्वर पालनकर्ता र संरक्षणकर्ता हो । गोरखाकी रानीले मालती र मङ्गले बेचिएर अलगअलग भएको थाहा पाएपछि आफ्ना कर्ण फूल दिँदै नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

मङ्गलेको निम्ति ल्यौ, दाहिने कानको कर्ण फूल
मुक्त भयो पुरुष नारी अझै दासी छे है
बायाँ आखा रोइरै'छ दायाँ आँखा हाँसी के
मालतीको निम्ति ल्यौ देब्रे कानको कर्ण फूल
राम शाह राजाको न्याय गर्ने ढुङ्गामा राखिदिन्छु स्वर्ण फूल । (६/२९)

वास्तवमा ईश्वर अवतारमा होइन, अवसरमा मनुष्य रूप धारण गरेर आएको हुन्छ । ईश्वर सगुण, सर्वज्ञ, व्यापक, स्वतन्त्र र व्यक्तिपूर्ण भएकाले मानिसले ईश्वरको उपासना गर्छ । पूर्वीय दर्शनले मायाबाट प्रभावित ब्रह्मलाई ईश्वर मानेको छ । शुभ र अशुभ कर्मको फल पनि ईश्वरले नै वितरण गर्दछ । जीव जातिमा जन्मदेखि मृत्युसम्मका घट्नामा ईश्वर कारण भएर आएको हुन्छ । यहाँ गोरखाकी रानी ईश्वरीय रूपमा उपस्थित भएकी छन् भने मङ्गलेको साथी गोपी मालतीका लागि ईश्वरको रूपमा प्रस्तुत भएर संरक्षणकर्ताका रूपमा देखिएको छ । पूर्वीय दर्शनमा रहेको पालन कर्ता र संरक्षण कर्ता ईश्वर नै भएको *मालती मङ्गले* गीतिनाटकमा घिमिरेले देखाएका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा पूर्वीय दर्शनले स्थापना गरेको ईश्वरीय अवधारणाको चित्रण गरिएको छ । ईश्वरलाई पालनकर्ता र संरक्षणकर्ताका रूपमा शोध्य विषय बनाइएको छ । महाभारतको कौरब र पाण्डवबिच हस्तिनापुरको कुरुक्षेत्रमा भएको युद्धमा कौरव पक्षका अजम्बरी योद्धा अश्वत्थामाले कौरव पक्षको हार हुन लागेपछि युद्ध र योद्धाको नियम विपरीत रातको समयमा आफ्नै शिविरमा निदाइरहेका पाँच पाण्डु पुत्रलाई ब्रह्मास्त्र प्रहार गरी मारेको, उत्तराको गर्भमा रहेको बालकमाथि पनि ब्रह्मास्त्र प्रहार गरेको, अर्जुनले गर्भको रक्षा गरेका, प्राणीको रक्षाका लागि प्रदान गरिएको शक्तिशाली हतियारको दुरुपयोग गरेको अनि अश्वत्थामाको जन्मजात शिरको मणि अर्जुनले उतारिदिएका, मणि झिकिदिएपछि अश्वत्थामाको शिरमा जीवनभर निको नहुने घाउ बनेको आत्मग्लानिले अश्वत्थामा ईश्वरीय भावनामा ईश्वरको शरणमा गएका छन् र अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> वनफूल बनी हाँक्ने म हैन वनदेवता
> बालहत्या गरी हिँड्ने ब्रह्म राक्षस हूँ म ता
> हिँड्थेँ हमला गर्न आमाको गर्भमा पनि
> हानी ब्रह्मास्त्र सहार्न ब्रह्माको सिर्जना पनि । (३/३०)

मनुष्य ब्रह्माको सिर्जना हो, ब्रह्माको उपहार हो, ब्रह्माको सौगात हो । मनुष्य सृष्टिको सौन्दर्य, आकर्षण र धरतीको शोभा हो । मनुष्य जन्मिँदा देवतासमेत सृष्टि उत्सव मनाउँछन् तर यस्तो रहस्यबोध ब्रह्माको सिर्जनालाई केही यमराजका रूपले ध्वस्त पार्न खोज्छन् तर पनि सृष्टिले निरन्तरता पाएको हुन्छ । ब्रह्मा आफैं

विधाता हुन् । त्यसैले सत्को संरक्षण गर्नु र असत्लाई दुःख र कष्ट दिनु उनको धर्म, कर्म, अधिकार र कर्तव्य हो । यहाँ अर्जुन ईश्वरको संरक्षणकर्ताका रूपमा देखिएका छन् । उनले ब्रह्माको सृष्टि जो अभिमन्यु पत्नी उत्तराको गर्भमा रहेको परीक्षित्को रक्षा गरेका छन् । अतः ईश्वर शुभाशुभ कर्मको फलदाता, पालनकर्ता र संरक्षणकर्ता हो भन्ने कुरा घिमिरेको *अश्वत्थामा* गीतिनाटकमा प्रयोग गरेका छन् ।

*देउकी* गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको ईश्वरीय चिन्तनको चित्रण गरिएको छ । ईश्वर सर्वोच्च सत्ता र शक्ति हो । ईश्वर कालबाट नमर्ने ऋषिमहर्षिहरूको गुरु हो । व्यावहारिक कोणबाट ईश्वर सत्य हो, सगुण हो, साकार हो, उपासनाको विषय हो तर *देउकी* गीतिनाटककी नायिका मल्लिका त्यही ईश्वरीय पवित्र भूमिमा भएर पनि नारकीय जीवन व्यतित गर्न विवश भएकी छ । मन्दिर भनेको ईश्वरको घर हो र पुजारी भनेका ईश्वरका उपासक हुन् तर अज्ञानता, अशिक्षा, गरिबी र अन्धविश्वासले बालक कालमै देउकी बनेकी मल्लिकाका लागि संसार नै सेतो भएको छ, धर्ती नै सेतो भएको छ, जीवन नै उजाड भएको छ । त्यही मन्दिरका उपासक पुजारी मल्लिकामाथि यौन शोषण गर्न लालायित भएको छ । यसरी जिउँदै बलि चढाइएका देवीबाट इच्छा विपरीत जन्मिएका सन्तान देवी हुन्छन् भन्ने अन्धविश्वासी सोच रहेको छ । मन्दिरमा बलि चढाइएकी नारीलाई पुजारीबाट यौन सन्तुष्टि लिने, यौनकार्यमा लागे पापबाट मुक्त हुने र भक्त तथा पुजारीको यौन सम्बन्धबाट जन्मिएकी देउकीका छोरीहरू स्वलोकित समाजमा देवी कहलाउने बाध्यात्मक परिस्थितिमा बाँच्नुपरेको छ । यतिबेला मल्लिकाको जीवनमा अर्जुन आए पनि आमाको तुच्छ वाक्यलाई सहन सकेकी छैन र अर्जुनले पनि आमाका क्रियाकलापलाई विरोध गर्न सकेको छैन । आफ्नो कौमार्य गुमाएर मन्दिर जान विवश देउकी मल्लिकाले नाट्यांशका माध्यमद्वारा भनेको कुरा घिमिरेले यसरी अभिव्यक्त गरेका छन् :

> फल खाई फाले पनि उम्रन्छ रे बीज
> बरगाछी बनी उठ्छ मरुभूमिबीच (३५)

वास्तवमा भगवान् नै ईश्वर हो । ईश्वरीय रूप सर्वत्र छ तर मल्लिका जीवनमा ईश्वरले पालनपोषण र संरक्षण गरेको पाइँदैन । दुःखमाथि दुःख र पीडामाथि पीडा पाएकी देउकी मल्लिकाको सहारा र भरोसा कसैले गर्दैन । आफ्नो कौमार्य गुमाएर मन्दिर

फर्किएकी मल्लिकाले मन्दिरमा वास पाएकी छैन । भागेर निषिद्ध बस्तीमा पुगेकी छ, त्यहाँ पनि ठाउँ पाएकी छैन । खाएर फालेको फल मरुभूमिमा उम्रिएको छ, उठेको छ तर मल्लिकाले बस्नका लागि ठाउँ पाएकी छैन । पश्चातापको भुमरीमा परेको बाउले मल्लिकासँग निषिद्ध बस्तीमा भेटेपछि नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी व्यक्त गरेका छन् :

अञ्जुलीको फूलजस्तै छोरीलाई पनि
गङ्गाजीमा बगाइ दिएँ पुण्य मिल्छ भनी
छोरी द्यौकी बनाउने म हुँ कस्तो पिता
तीरतीर रुँदै हिँड्ने म हुँ कस्तो पिता (७/४५)

देवीलाई बलि दिएँ आफ्नै मुटु काटी
छट्पटाइरै'छ मुटु तातो ढुङ्गा माथि
हिर्दय नै नभएको म हुँ कस्तो पिता । (७/४५)

अतः सर्वव्यापक र सर्वज्ञ ईश्वर भएर पनि मल्लिकाको यथार्थ जीवनमा पालनकर्ता र संरक्षणकर्ताका रूपमा नदेखिए पनि सृष्टि, स्थिति र प्रलयका रूपमा, सत् कर्म र असत् कर्मका रूपमा ईश्वरलाई घिमिरेले *देउकी* गीतिनाटकमा देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा ईश्वरलाई पालनकर्ता र संरक्षणकर्ताका रूपमा चित्रण गरिएको छ । ईश्वर 'यत्र तत्र सर्वत्र' छ । मानव जीवन ईश्वरीय जीवन हो । ईश्वरीय जीवन भनेको ईश्वरको उपहार, वरदान, प्रसाद, सौभाग्य हो अनि ईश्वरीय माया त्याग, तपस्या, शक्ति र पूजा हो । यस्तो अमूल्य र अनमोल जीवनमा ईश्वर पालनकर्ता र संरक्षणकर्ताका रूपमा दृश्य र अदृश्य भूमिकामा हुन्छन् । *बालकुमारी* गीतिनाटककी नायिका बालकुमारी कलिलै उमेरमा विधवा बनेकी छ । मृत्यु दुःख हो, अन्तिम सत्य हो । बालकुमारी आफ्नो जीवन शून्य भएकाले बाँच्न मन नभएको र शून्यभित्रै विलीन हुने निर्णयमा पुग्छे । दैवको लीला बालकुमारी पतिका नाममा सती जान पनि सक्दिन किनकि उसको जीवनमा ईश्वरको रूप लिएर उत्तरकुमार आएको छ । बालकुमारीको जीवनको यो परिस्थितिमा उत्तरकुमारले साथ दिन खोजेको छ तर बालकुमारीमा म विधवा नारी हुँ भन्ने हिनताग्रन्थी छ । मेरो लागि दोस्रो विवाह पाप कर्म हो भन्ने नारीभित्रको हिनताग्रन्थीले उत्तरकुमारलाई पतिका रूपमा स्वीकार्न सक्दिनँ । बालकुमारीले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरले निम्नानुसार प्रस्तुत गरेका छन् :

दुःखबाटै जाँदाजाँदा भगवान् भेटिन्छ
भेटिन्छ र भगवान् जसै आफू मेटिन्छ । (७/४७)

यहाँ बालुकमारीले दुःख पनि ईश्वरको लीलाको एक अंश हो भन्ने भाव व्यक्त गरेकी छ । दुःखपछि सुखको आभास अवश्य हुन्छ । दुःख समाप्त भएपछि सुख अवश्य आउँछ । जसरी अँध्यारोको लीला समाप्त भएपछि उज्यालोको लीला सुरु हुन्छ । मानिस दुःख पर्दा ईश्वर सम्भन्छ । वैवाहिक सम्बन्धपछि बालकुमारी पतिसँग ईश्वरको दर्शन गर्न जान्छ । मानिस चाडपर्व तिथिमितिमा ईश्वरकै शरणमा र जीवनको अन्त्यमा ईश्वरकै काखमा मर्न चाहन्छ । पति शिवशङ्करको मृत्युपश्चात् बालकुमारीले पनि समाधिको बाटो त रोज्छे तर मानिसको जन्म, कर्म र मृत्यु फरक विषय हो । एकको सम्बन्ध अर्कोसँग हुँदैन । अर्धनारीश्वर शिवजीको भूमिमा हज्जारौं नारीहरू विधवा बनेर आँसुको धारा बगाउँदै हिँडेको देख्दा पात्र भगवान् शिवजीले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रकट गरेका छन् :

अर्धनारीश्वरको बिहार गर्ने देशमा
नारी हिँड्न नपरोस्- विधवाको भेषमा । (७/५१)

तर मानव जीवन त ब्रह्माको सृष्टि हो । छैंटीका दिनमा भावीले जे लेखिदिएको छ, त्यही हुन्छ । भावी भनेका पनि ब्रह्मा हुन् । ब्रह्माले भाग्य लेखेपछि ब्रह्माले नै मेटाउन सक्दैनन् । त्यसैले ३३ कोटी देवीदेवताले पूर्ण साथ र सहयोग गर्न सक्छन् तर जन्मदै लिएर आएको कर्म मेटाउन सक्दैनन् । अतः ईश्वर भनेका पालनकर्ता र संरक्षणकर्ता हुन्, शुभाशुभ र अशुभाअशुभ कर्मका पनि फलदाता हुन् । जन्म, मृत्यु, सुख, दुःख, पाप, पुण्य, इहलोक, परलोक ईश्वरीय देन हुन् । जीवजगत्का सृष्टि, स्थिति र प्रलय पनि रहस्यमय छन् । ईश्वर जगत् कर्ता, जीवनदाता, कर्मका प्रेरक, शुभाशुभ कर्मका फलदाता ईश्वर रहस्यमय र अलौकिक छन् तर पनि जीवजगत्मा प्रत्यक्ष र परोक्ष सम्बन्ध राखेका छन् भन्ने कुरा बालकुमारीका माध्यमद्वारा घिमिरेको *देउकी* गीतिनाटकमा देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा ईश्वरलाई पालनकर्ता र संरक्षणकर्ताका रूपमा स्वीकार गरिएको छ । ईश्वर निराकार, अनन्त, निर्गुण, कल्याणमय निर्विशेष बनेर अवसरका रूपमा आएको हुन्छ भन्ने कुरालाई घिमिरेले गीतिनाटकमा देखाएका छन् । व्यावहारिक कोणबाट ईश्वर सत्य, सगुण र साकार भएको कुरालाई घिमिरेका गीतिनाटकमा व्यक्त वैचारिक पक्षले प्रस्ट पारेका छन् ।

### ४.३.३ जीवनदाता र कर्मफलदाताका रूपमा ईश्वर

घिमिरेद्वारा रचित *शकुन्तला* गीतिनाटकमा ईश्वरलाई जीवनदाता र कर्मफलदाताका रूपमा चित्रण गरिएको छ । ईश्वर कर्मको शुभाशुभ फल दिने अदृश्य तत्त्व नै ईश्वर हो । *शकुन्तला* गीतिनाटकमा यही जीवनदाता र कर्मफलदाताका रूपमा ईश्वरको खोजी गरिएको छ । विश्वामित्र ऋषि र अप्सरा मेनकाकी पुत्रीलाई कण्व ऋषिले लालनपालन गरेको र ऋषिपत्नी गौतमीले शकुन्तलालाई ऋषि सभ्यताको ज्ञान दिएकी छन् । शकुन्तलालाई सन्ध्या बत्ती बाल्न लगाउनु, यज्ञयज्ञादिमा अग्रसर हुन सिकाउनु, खोलाको पानी घरतिर फर्काउनु आदि आर्यसंस्कृति झलक हुन् । शकुन्तला ऋषि सभ्यता र मर्यादा बुझेकी नारी हो । यस्ती बत्तीस लक्ष्मणले युक्त नारीलाई भुलेको हस्तिनापुर राजा दुष्यन्तले सपनामा देवदूतलाई देख्नु, स्पर्श गर्नु, अर्थात् दुष्यन्तको चेतनाले कार्य गरेको छ । शकुन्तलालाई विवाह गरेर लगेको छ । यति बेला कण्व ऋषिले आशीर्वचन दिँदै नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> पूर्ण चन्द्र बनोस् लोक, एकेक व्यक्ति होस् कला
> विशाल धर्ती होओस् महामिलनको थला । (पृ. ४३)

उक्त नाट्यांशमा कण्व ऋषिले जीवन पूर्ण चन्द्र बनोस्, जगत् महामिलनको केन्द्रविन्दु बनोस् भनेर आशीर्वचन दिएका छन् । ईश्वरी कर्म फल भनेको यही हो । जसरी एउटा सूर्यले यो ब्रह्माण्डलाई प्रकाशित गर्छ, पूर्ण चन्द्रले शीतलता दिन्छ अनि पीपलले छहारी दिन्छ । जीवनदाता र कर्मफलदाता ईश्वरले पनि मानिसलाई कर्मको फल दिन्छ । यही कुरालाई घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटकमा ईश्वरलाई जीवनदाता र कर्मफलदाताका रूपमा चित्रण गरिएको छ । बादलबिना वर्षा असम्भव छ, अग्निबिना धुवाँ असम्भव छ, ईश्वरबिना जीवन असम्भव छ । नियतिको खेल बडो अचम्मको छ । विधाताले जसको भाग्यमा जे लेखेको छ, उसले त्यही पाउँछ । अरूको भाग्य लेख्ने ब्रह्माले आफ्नै भाग्यलाई पनि नियति भनेका छन् । जीवको कर्मअनुसार प्रकृति र पुरुषबिचको संयोग वियोग गराउने निमित्त कारण नै ईश्वर हो । *मालती मङ्गले* गीतिनाटकका नायकनायिका मालती मङ्गले हुन् । मायापिरतीबाट वैवाहिक जीवनमा गाँसिनु र बेचिएर पुनः मिलन हुनु भनेको नियतिको खेल हो । वियोगान्त

अवस्थामा कुनियतले गोसाईंले मालतीको यौवनको प्रशंसा गर्नु, मालतीलाई कमारीका रूपमा किनेको र रानी बनाएर राख्ने प्रलोभन दिएको छ । सच्चरित्रवान् मालतीले दासले मालिकप्रति गर्ने कर्तव्य मात्र गरेको र अन्यथा भएमा सिन्दूरको सराप लाग्ने बताएकी छ । उता मङ्गले मालतीको यादमा व्यक्त गरेको नाट्यांशका माध्यमद्वारा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

सास रोक्छ पानीले, पानी प्यून सक्दिनँ
शून्य भयो जिन्दगी एक्लै ज्यून सक्तिनँ
मरिजाऊँ त पर्देशी फर्किएर रुन्छ कि
बाँचिरहूँ त बैंस यो दुश्मनको हुन्छ कि । (२/४३)

मङ्गले वियोगमा तड्पिरहेको छ । मालती पनि एक्ली भएकी छ । यो ईश्वरको कस्तो प्रपञ्चलीला हो । यहाँ शब्दबाट हुने अर्थको ईश्वरीय प्रेरणाले गोरखाकी रानी डोली चढेर आइपुग्छिन् । वास्तविक यथार्थ बुझ्नेपछि मानवीय सहयोग गरेर दुईजनाकै पुनर्मिलन गराइदिने वातावरण सिर्जना गर्छिन् । अर्थात् गोरखाकी रानी जन्मदाता र फलदाताको ईश्वरीय रूप बनेर देखा परेको घिमिरेले देखाएका छन् ।

*अश्वत्थामा* गीतिनाटक युद्ध र योद्धा विषयमा लेखिएको रचना हो । यस गीतिनाटकमा पूर्वीय दर्शनले सर्वस्वीकार गरेको ईश्वरीय चिन्तनको प्रयोग गरिएको छ । यस गीतिनाटकमा ईश्वरलाई जीवनदाता र कर्मफलदाताका रूपमा खोजी गरिएको छ । विधिको लेख र विधिको खेल कसैले जान्दैन । भाग्यले आफ्नो लीला पूरा गर्न अनेक रूप लिएको हुन्छ । अश्वत्थामा गीतिनाटकको नायक अश्वत्थामा अष्टचिरञ्जीवी भएर वरदानको दुरूपयोग गरेर हिँडेको छ ।अश्वत्थामा बालक, बृद्ध, नभनी युद्ध र योद्धाको नियम उल्लङ्घन गर्दै हिँडेको छ । अश्वत्थामाको विवेकको मणि निकालिदिएपछि कहिल्यै निको नहुने दुःखको घाउ बोकेर हिँडेको छ । अश्वत्थामा युद्ध अपराधलाई स्वीकार गर्दै, पश्चाताप गर्दै, अग्निमा जल्दै वन, बाटो, पधेँरो गाउँघर भौतारिएर हिँडेको छ । अश्वत्थामा कहिले शान्तिको खोजीमा काँचो वायु बनेर, लोभारेको शरीरभित्र प्रवेश गरेर, वनको किनारामा रहेको फुलेको सिउँडी र नफुलेको अशोक वृक्ष बनेर हिँडेको छ । युद्धमा वाण बर्साएर ढलेका वीरयोद्धाहरूले पानीपानी भनेको सम्झेको, पानीमा रातो सिन्दूर देखेर अश्वत्थामाले पानी पिउन नसकेको, आफू सिन्दूर पुछ्ने अपराधी भएको र शान्तिको खोजीमा

अन्धकार गुफाभित्र पस्दा आग्नेय अस्त्रले भयभित भएर नारीहरू रोइरहेका, आग्नेय अस्त्रले आधा हर खुस्केकी र लडेकी आमाको छाती चुसिरहेको शिशुलाई कुकुर्नीले अलिकपर लगेर दूध चुसाएको, अश्वत्थामा पाताल गुफा पसेर शून्य जीवन जिउन नसकेर पाल बस्तीमा पुग्दा पनि शान्ति नपाएर अश्वत्थामा गोसाइँकुण्ड आइपुगेको छ । अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

बल्ल आइपुगेँ आज उत्तराखण्डमा यहाँ
नील कण्ड सुतीरै'छैन गोसाइँकुण्डमा जहाँ
शान्त शीतल एकान्त हिमवन्त हिमाल हे
पिताले पुत्रलाई झैँ काखमाथि उचाल हे । (१/७)

सत् असत् जस्तो भए पनि ईश्वरको संरचना मनुष्य जीवन हो । जति नै अहङ्कार गरे पनि आत्मशान्तिभन्दा अर्को शान्ति छैन । परम रचनाकार ईश्वरभन्दा अर्को ठुलो कोही छैन । ईश्वरको शरणमा जाने जो सुकैलाई पनि ईश्वरले संरक्षण गर्छन् र कर्मअनुसारको फल दिन्छन् । अश्वत्थामाले गरेको कुकर्मको फल अश्वत्थामा आफैँले भोगेको छ । कहिल्यै निको नहुने पीडाको घाउ बोकेर हिँड्नु परेको छ । नाट्यांशले महाभारत शृङ्खलाको उत्तराखण्ड प्रस्तुत गरेको छ । जुन ठाउँ देवादिदेव महादेवको वासस्थान हो । यसरी घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा ईश्वरलाई जीवनदाता र कर्मफलदाताका रूपमा प्रयोग गरेका छन् ।

*देउकी* नामक गीतिनाटकमा जीवनदाता र कर्मफलदाताका रूपमा ईश्वरको चित्रण गरिएको छ । *देउकी* गीतिनाटककी नायिका देउकी आफैँमा टुहुरी नारी हो । ईश्वरले रचना गरेको सृष्टिमा लाटा, बैरा, लङ्गडा, अपाङ्ग, धनी, गरिब, सुखी, दुःखी बनेका छन् । यो पनि ईश्वरीय लीलाको रहस्यको विषय बनेको छ । नौ वर्षकै उमेरमा फूलको रूपमा मन्दिर चढाउन बेचिएकी देउकी कार्यसिद्धि र मनोकाङ्क्षा पूरा गर्न पशुबलि दिए जसरी मन्दिरमा चढाइएकी कन्या हो । छोरी नदिए देवीको श्राप लाग्ने लोकोक्तिको प्रयोग गरी पशुवलिजस्तै बलि चढाइएकी देउकीलाई जीवनदाता ईश्वरले पनि रक्षा गर्न सकेका छैनन् । मन्दिरभित्रै पटकपटक बलात्कारको शिकार बन्न खोज्नु, अर्जुनको मायाले नदीमा हाम्फालेर मर्न नसक्नु, अर्जुनले पत्नी बनाए पनि जीवनभरि अपनत्व गर्न नसक्नु सायद पूर्वजन्मको कर्मको फलका रूपमा लिइएको छ । देउकी बाँच्नका लागि निषिद्धबस्तीमा पुग्दा समेत

त्यहाँ भएको वास्तविक घटनालाई अर्की चौकीले देउकीका बारेमा देउकीको बुबालाई नाट्यांशका माध्यमद्वारा भनेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

मन्दिरको द्वारमा लगाइ पाशो मरेकी देउकी
सौताले लुछी छरछरी रगत छरेकी देउकी
स्वर्गमा जाँदा नर्कमा उल्टै झरेकी देउकी
खोज्दै छौ यात्री ! कुन चाहिँ नाता परेकी देउकी (पृ. ४२)

उपर्युक्त नाट्यांशमा देउकीले जीवनभर दुःखसँग मात्र सङ्घर्ष गरेकी छ । ईश्वरको सुन्दर रचनामा स्वर्ग नै नर्क र नर्क नै स्वर्ग हुन्छ भन्ने कुरा पनि रहस्य बनेको छ । मन्दिर त भगवान्को घर हो तर त्यही घरमा पनि सृष्टिका सुन्दर रचना नारीहरू सुरक्षित छैनन् । दुःखपछि सुख अवश्य आउँछ तर देउकीको जीवनमा आमाको मृत्युपश्चात् सुखको अनुभूतिसम्म गर्न पाएकी छैन । जन्मदाता र कर्मदाता ईश्वरले देउकीलाई न्याय नदिएको प्रस्ट हुन्छ । अतः व्यक्तिको कर्मको कल प्रदान गर्ने सत्ता ईश्वर हो भन्ने कुरालाई घिमिरेले प्रयोग गरेका छन् ।

*बालकुमारी* गीतिनाटकमा ईश्वर चिन्तनको चित्रण गरिएको छ । घिमिरेको *बालकुमारी* गीतिनाटकमा तीजको समयमा बालकुमारी आफ्ना पति शिवशङ्करसँग पशुपति क्षेत्रमा रहेको किरातेश्वरको दर्शन गर्न गएकी छ । हिन्दू संस्कृतिअनुसार नारीले आफ्नो पतिलाई शिवको रूप र आफूलाई पार्वतीको रूप मान्दछन्, भक्ति र श्रद्धा गर्दछन् । शिवशङ्करको अचानक भएको मृत्युले बालकुमारीको जीवन शून्य बनेको छ । यसै परिवेशमा नायिका बालकुमारीले नाट्यांशका माध्यमद्वारा भनेको कुरा घिमिरेले यसरी व्यक्त गरेका छन् :

आँसुलाई मै कसरी भनूँ सुन्दर चित्र
शून्य बन्यो जिन्दगानी लैजाऊ शून्यभित्र । (३/१८)

नायिका बालकुमारी जीवन शून्य र निरर्थक बनेकाले शून्यभित्रै विलीन हुने निर्णयमा पुगेकी छ । जीवन कता बहन्छ, कसैलाई थाहा छैन । बालकुमारी ईश्वरीय रूपमा वास बस्न आइपुगेको उत्तरकुमारलाई अँगाल्न सक्दिन । अन्त्यमा साधुजस्ती विधवाको रूपमा रहेकी बालकुमारीले पाशुपत् क्षेत्रमा रहेको किरातेश्वरको शिवलिङ्गको समीपमा गएर आफ्नो दुःख बिसाएकी छ । जीवनको सबै भार बिसाएझैं गरेर शिवलिङ्गमा शिर राखेकी छ । अन्त्यमा बालकुमारीको प्रार्थनालाई स्वीकार गर्दै भगवान् शिवले विधवा नारीलाई आफ्नै काखमा स्थान दिँदै अब उप्रान्त नारीले विधवा

हुनुपर्दैन भन्ने आशीर्वचन दिएर पार्वतीसँगै अन्तर्ध्यान भएका छन् । यसबाट प्रस्ट हुन्छ कि ईश्वर जीवनदाता र कर्मफलदाता त हो तर भावीले लेखेको मेटाउन कसैले सक्दैन । भावीले लेखेको मेटाउन सक्दैन भन्दा ईश्वर नै छैन भन्न मिल्दैन । यो सिङ्गो जीवन र जगत्को अभिभावक नै ईश्वर हो । यही कुरालाई घिमिरेले देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा ईश्वरलाई जीवनदाता र कर्मफलदाताका रूपमा स्वीकार गरिएको छ । ईश्वर मानिसको कर्मको शुभाशुभ फल दिने अदृश्य तत्त्व हो भन्ने कुरा घिमिरेले गीतिनाटकमा देखाएका छन् । ईश्वर अलौकिक र रहस्यमय छ तर पनि जीवन र जगत्मा प्रत्यक्ष र परोक्ष सम्बन्ध राखेको हुन्छ भन्ने कुरालाई घिमिरेका गीतिनाटकमा व्यक्त ईश्वरसम्बन्धी वैचारिक पक्षले प्रस्ट पारेको छ ।

### ४.३.४ परम सत्य र मोक्ष दाताका रूपमा ईश्वर

घिमिरेका गीतिनाटकमा ईश्वर परम सत्य र जीवलाई मोक्ष दिने मुक्तिदाताका रूपमा चित्रण गरिएको छ । यहाँ माधव घिमिरेका गीतिनाटकमा व्यक्त ईश्वरको परम सत्य स्वरूप तथा मोक्षदाताको ईश्वरीय रूपलाई प्रत्येक गीतिनाटकका माध्यमबाट खोजी गरिएको छ । ज्ञानका अगाडि ईश्वर पनि झुक्नुपर्छ । मानिसले जीवनमा चारवटा उद्देश्य छ । सत्यको मार्ग, धर्मको आचरण, आत्मनिरीक्षण र सही दिशाको ज्ञान लिएर हिँड्नुपछ । प्रस्तुत *शकुन्तला* गीतिनाटकको कथावस्तु, घट्नाक्रम, पात्र, परिवेशलाई अध्ययनअनुसन्धान गर्दा ईश्वर नै अन्तिम सत्य हो, मोक्ष नै अन्तिम सत्य हो भन्ने कुरा प्रस्ट हुन्छ । गीतिनाटककार घिमिरेले कथावस्तुलाई मङ्गलाचरणबाट आरम्भ गरेका छन् । मङ्गलाचरण भनेको पूर्व सङ्केत हो । पात्र पनि सामान्यदेखि लिएर विशिष्ट छन् । जीवनमा संयोग र वियोग स्वभाविक प्रक्रिया हो भन्दै मानव भएपछि जीवनका हरेक कुरा भोग्नुपर्छ, जीवनमा सुखदुःख कसरी सहने, ज्ञान कसरी प्राप्त गर्ने जान्नुपर्छ । कर्मदिने पिता कण्व ऋषिले ईश्वर परम सत्य र मोक्षदाता हुन् भन्दै नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

मार्ग प्रत्येक यात्राको मान्छेकै द्वारमा पुगोस्
सारा जीवनको धोको एउटै प्यारमा पुगोस्
समाज बनोस् हुल, नबनोस् व्यक्ति एकला
विशाल धरती होओस् महामिलनको थला । (पृ. ४३)

मानव जीवनचक्र बडो अनौठो, आश्चर्य र रहस्यमय छ । विधाताले भाग्यमा लेखेको कुरा विधाताले नै मेटाउन सक्दैन । शक्ति र वरदान जति नै पाए पनि भाग्यमा लेखेको भन्दा कसैले केही पाउन सक्दैन । मानव सृष्टि भनेको ब्रह्माको सृष्टि हो, ब्रह्मा भनेका आदि प्रजापति हुन्, भाग्य लेख्ने लेखक हुन् । त्यसैले ऋषि आश्रममा हुर्किएकी शकुन्तलाको विवाह भारतवर्षका राजा दुष्यन्तसँग भएको छ । परम सत्य यही हो र मोक्षदाता ईश्वर हुन् जसका कारणले शकुन्तला र दुष्यन्तको पुनर्मिलन भएको छ । यही कुरालाई नाटककार घिमिरेले देखाएका छन् ।

*मालती मङ्गले* गीतिनाटक कारुणिक नाटक हो । यस नाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको ईश्वर चिन्तनलाई चित्रण गरिएको छ । ईश्वरलाई परम सत्य र मोक्षदाताका रूपमा खोजी गरिएको छ । जीव मोक्ष नभएसम्म उसको जीवन जन्मपुनर्जन्म भइरहन्छ र स्थूल शरीरमा प्रवेश गरी भोग गर्दछ । मोक्ष नभएसम्म जीवात्मा जन्म मृत्युको चक्रमा परिरहन्छ । सुखदुःख भोगिरहन्छ । मनुष्य जीवन शुभाशुभ कर्मको फल पनि हो र अशुभाअशुभ कर्मको फल पनि हो । एउटै सिलसिलामा अनेक कथा रच्ने भनेका ईश्वर नै हुन् । यहाँ मालती र मङ्गलेको जोडीलाई संयोगबाट वियोग र वियोगबाट संयोगमा देखाइएको छ । जीवनमा वियोगभन्दा भारी अरू केही हुन सक्दैन । मानव भएर धर्तीमा जन्म लिनुको मज्जा नै अर्कै छ । मानव ईश्वरको सर्वोत्कृष्ट सुन्दर रचना हो । ईश्वर अन्तिम सत्य हो र ईश्वरकै कथाबाट समाधि सिद्ध हुन्छ र मोक्ष प्राप्त हुन्छ । यसै सन्दर्भमा गोरखाकी रानीले मोक्षसम्बन्धी नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

> मुक्त भयो पुरुष, नारी अझै दासी हे
> बायाँ आँखा रोइरै'छ, दायाँ आँखा हाँसी के ।
> मालतीका निम्ति त्यो देब्रे कानको कर्णफूल । (६/३९)

प्रस्तुत गीतिनाटकमा गोरखाकी रानी ईश्वर बनेर आएकी छन् । ईश्वरको करुणा बनेर आएकी छन् । साङ्लोले बाँधिएर सजाय पाएको मङ्गललेलाई छुट्कारा दिलाउन सफल भएकी छन् । मालतीलाई छुटाउन पनि सफल भएकी छन् । ईश्वरले रचेको संसारमा ईश्वरले विभिन्न तरिकाले खेल खेलिरहेको हुन्छ, रङ्गमञ्चमा अभिनय गरिरहेको हुन्छ । तन छुटे पनि मन कहिल्यै नछुटेका मालती र मङ्गलेको दुःखद् अवस्थामा पुनर्मिल भएको छ । एकातिर मङ्गलेलाई बचाउन गोरखाकी रानी अन्तिम सत्य ईश्वर बनेर आएकी छन् भने अर्कातिर गोपी मालतीको जीवनमा ईश्वरीय

भूमिकामा आएको छ । मालती र मङ्गलेको मिलन भएको छ । यही मोक्ष हो । अतः ईश्वरलाई सत्य र मोक्षदाताका रूपमा घिमिरेले प्रयोग गरेका छन् ।

*अश्वत्थामा* गीतिनाटकमा ईश्वरसम्बन्धी चिन्तनको विषयलाई चित्रण गरिएको छ । ईश्वरलाई परम सत्य र मोक्ष दाताका रूपमा खोजी गरिएको छ । *अश्वत्थामा* गीतिनाटकको नायक अश्वत्थामा अष्टचिरञ्जीवीको वरदानले युक्त वीर योद्धा हो । शिरमा विवेकको मणि लिएर जन्मिए पनि हस्तिनापुरको कुरुक्षेत्रको युद्धमा अश्वत्थामाले युद्ध अपराध गरेको छ । द्रोणाचार्य ब्राह्मण गुरुको छोरो अश्वत्थामाको असल कर्मले र मर्मले इतिहासमा सुनौला अक्षरले लेखिनुपर्ने तर इतिहास कालाक्षरले लेखिन पुगेको छ । बालहत्यारा भनेर कलङ्कित भएको छ, सृष्टिको देवतालाई मार्दै हिँडेको छ, आततायी व्यवहार गर्दै हिँडेको छ । विधवा नारीहरू रोइरहेको पूरै वस्ती पागल बनाइदिएको छ, सिउँदोको सिन्दूर पुछिदिएको छ, आफ्नै कुकर्मको फल शिरको मणि निकालिदिएपछि अन्तिम सत्य अर्थात् परम सत्य तथा मोक्ष दाता ईश्वरको शरणमा पुगेको छ । यसै सन्दर्भमा अश्वत्थामाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरालाई घिमिरेले यसरी प्रकट गरेका छन् :

विष प्युँथे यतिञ्जेल अब अमृत प्यूँदछु
मृत्यु ज्यूँथे यतिञ्जेल अब जीवन ज्यूँदछु । (२/१५)

मृत्यु जाति केही गरी पनि मर्दैन । 'परोपकार पुण्यायः पापाय परपीडनम्' अर्थात् अरूको उपकारमा ईश्वरको साथ सहयोग हुन्छ र पीडामा ईश्वर मौन बसेको हुन्छ । सुकर्मको फल अमृत हो जो ब्रह्मलोकमा, विष्णुलोकमा, शिवलोकमा, स्वर्गलोकमा, मर्त्यलोकमा र ध्रुवलोकमा पाइन्छ । जीवनको चरम् लक्ष्य स्वर्ग प्राप्ति हो । मानव सेवामा ईश्वर हुन्छ, सजीव प्राणीको आत्मामा ईश्वर हुन्छ र परोपरकारमा ईश्वर हुन्छ तर अश्वत्थामा आततायी र जघन्य अपराधी भएका कारण अन्त्यमा परम सत्य तथा मोक्ष दाता ईश्वरको खोजीमा भौतारिएर हिँडेको छ । दुःखको साथी भनेको ईश्वर हो । ईश्वर भएकै कारण सुखदुःख सहन गरेरै भए पनि मानव अडिएको छ । मानिसको हरेक भोगाइ नै ईश्वरीय भोगाइ हो । मानिसका हरेक कर्म ईश्वरीय कर्म हुन् भन्ने कुरालाई घिमिरेले प्रयोग गरेका छन् ।

*देउकी* नामक गीतिनाटकमा पूर्वीय दर्शन स्वीकार गरेको ईश्वर चिन्तनलाई अध्ययनको विषय बनाइएको छ । ईश्वरलाई परम सत्यका रूपमा तथा मोक्ष

दाताका रूपमा चित्रण गरिएको छ । जुन ईश्वरमा छ, त्यो जीवमा पनि छ । जुन सिन्धुमा छ, त्यो एक विन्दुमा छ । डाक्टरले शरीरको एक थोपा रगत लिएर त्यसको जाँच गरी बताउन सक्छ- मानिसको शरीरमा कुन कुन तत्त्व छ । त्यस्तै प्रकारले जीवनमा ईश्वरीय सत्ताको अनुभव गर्न सकिन्छ । *देउकी* गीतिनाटककी केन्द्रीय पात्र देउकी सामाजिक विकृति र अन्धविश्वासको अमानवीयताको पराकाष्टा हो । जीवनले भोग्नुपरेका पीडा, व्यथा, क्रन्दन नै मूल विषय हो । जबसम्म जीव मोक्ष हुँदैन तबसम्म जन्म पुनर्जन्म भइरहन्छ । मानिसले जीवनमा जेजस्ता कर्मफल प्राप्त गर्छ त्यो पुनर्जन्मसँग सम्बन्धित हुन्छ । मृत्युपश्चात् पनि मानिसले पूर्वजन्मको फल भोग्न पुनर्जन्म लिन्छ । मोक्ष नभएसम्म जीवको यही जीवनचक्र रहन्छ । ईश्वरीय सत्ता भनेको यही हो, कर्मफल भनेको यही हो । ईश्वरकै कृपाबाट मानिस मुक्त हुन्छ । यहाँ देउकी दबाब र तनाबमा छे । उसले चाहेर मात्र केही हुँदैन । यसै सन्दर्भमा मल्लिकाको बुबाले मोक्ष सम्बन्धी नाट्यांश व्यक्त गरेको कुरा घिमिरेले यसरी प्रस्तुत गरेका छन् :

अञ्जुलिको फूलजस्तै छोरीलाई पनि
गङ्गाजीमा बगाइदिएँ पुण्य मिल्छ भनी । (७/४५)

नियन्ताको नियन्त्रणमा जे जे भोग गर्न लेखिएको छ, त्यो भोग्नु नै पर्छ । भाग्यले आफ्नो लीला पूरा गर्न अनेक रूप लिएको हुन्छ । नियतिभन्दा ठुलो केही छैन । नियतिले जता डोऱ्यायो, मानिस उतै जानुपर्छ । त्यहाँ देउकीको जीवनमा पतिका रूपमा ईश्वर बनेर अर्जुन त आयो तर देउकीलाई सदाका लागि स्वीकार्न सकेन । जुन व्यक्तिको हृदयबाट प्रेम, मस्तिष्कबाट शालीनता र जीवनबाट सुख हुँदैन, त्यो व्यक्ति जिउँदै अग्निमा जलेजस्तो हुन्छ । यहाँ देउकी पनि यसैको उदाहरण बनेकी छ । त्यसैले ईश्वरलाई चित् अचित्को समष्टिका रूपमा लिन सकिन्छ । अन्तिम सत्य, परम सत्य ईश्वर हो, मोक्ष दाता ईश्वर हो । अन्त्यमा देउकी आफ्नै कर्म र मर्मलाई सम्झेर निषिद्ध वस्तीमा बसेकी छे । यही कुरालाई घिमिरेले *देउकी* गीतिनाटकमा देखाएका छन् ।

*बालकुमारी* गीतिनाटकमा पूर्वीय दर्शनमा रहेको ईश्वर चिन्तनलाई परम सत्य र मोक्ष दाताका रूपमा चित्रण गरिएको छ । *बालकुमारी* गीतिनाटककी केन्द्रीय पात्र बालकुमारी बालविधवा भएर पूर्वजन्मको कर्मको फल भोगिरहेकी छ । वास्तवमा

सम्पूर्ण कुराहरूमा प्रवृत्त गराउने तत्त्व नै ईश्वर हो । वैधव्य जीवन कति कहालीलाग्दो हुन्छ । यसै सन्दर्भमा मल्लिकाले नाट्यांशका माध्यमद्वारा व्यक्त गरेको कुरा घिमिरेले निम्नानुसार प्रस्तुत गरेका छन् :

दुःखबाटै जाँदा जाँदा भगवान भेटिन्छ
भेटिन्छ रे भगवान जसै आफू मेटिन्छ । (७/४७)

जीवनको सबैभन्दा ठुलो दुःखको भारी नै यही हो । सधवा भेषमा हिँड्दाको पीडा, पति शिवशङ्करले आकाशवाणी गरेको भान भएको पीडा, सासूससुरा र नन्दले गरेको पीडा बालकुमारीले सहन नसकेर देवीको पाउको सिन्दूर शिरमा लगाएर चित्त बुझाएकी छे । अन्तमा किरातेश्वर शिवलिङ्गको समीपमा गएर जीवनको सबै भार बिसाएझैं गरेर शिवलिङ्गमा शिर राखेकी छ । यसबाट प्रस्ट हुन्छ कि परम सत्य भनेको ईश्वर हो, मोक्ष दाता पनि ईश्वर हो । अर्धनारीश्वरको स्वरूपमा हिँड्ने महादेवलाई पनि यस घट्नाबाट लज्जित भएको आभाष गरेको छ । ईश्वर सबैका साझा र विश्व ब्रह्माण्डका राजा हुन् तर पनि पूर्वजन्मको कर्मको फललाई न घटाउन सक्छन् न बढाउन नै सक्छन् । यसरी माधव घिमिरेको *बालकुमारी* गीतिनाटकमा ईश्वर परम सत्यका रूपमा र मोक्ष दाताका रूपमा प्रयोग भएको देखाएका छन् ।

घिमिरेका गीतिनाटकमा पूर्वीय दर्शनले स्वीकार गरेको ईश्वरचिन्तनसम्बन्धी गहिरो प्रभाव पारेको देखिन्छ । ईश्वर जीवन र जगत्को सर्वेसर्वा, सर्वशक्तिमान, अन्तर्यामी भएको कुरा घिमिरेले देखाएका छन् । ईश्वर जीवनचित्रको चित्रकार, परब्रह्म, नियामक, परम सत्य र मोक्ष दाताका रूपमा रहेको हुन्छ भन्ने कुरालाई घिमिरेले गीतिनाटकमा देखाएका छन् ।

## ४.४ निष्कर्ष

माधव घिमिरेले *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकमा ईश्वर चिन्तनको प्रयोग गरेका छन् । विश्वामित ऋषि र अप्सरा मेनकाकी पुत्री शकुन्तलाको स्वर्गमा जन्म भए पनि कण्व ऋषिको आश्रममा हुर्किएर हस्तिनापुरका राजा दुष्यन्तसँग वैवाहिक जीवन बिताउन पुगेकी छ । कण्व ऋषि ईश्वरको अवसरको रूप भएको घिमिरेले देखाएका छन् । ईश्वरले असत्को विनाश र सत्को रक्षा गर्ने भएकाले गोसाईंको मृत्यु, मालती मङ्गलेको पुनर्मिलन

भएको घिमिरेले देखाएका छन् । गोरखाकी रानी ईश्वरीय रूप लिएर आएको घिमिरेले देखाएका छन् । ईश्वरीय सत्तालाई नै चुनौती दिने अश्वत्थामाको शिरको मणि निकालेर अर्जुनले उत्तराको गर्भमा रहेको एकमात्र पाण्डव वंशको रक्षा गरेको घिमिरेले देखाएका छन् । मानिसको कर्म, भाग्य, ईशवरीय लीलामा निर्भर भएकाले *देउकी* गीतिनाटककी मल्लिकाले जीवनमा दुःखमात्र पाएको घिमिरेलेका देखाएका छन् । जन्म, पूर्वजन्म र पुनर्जन्मको कर्मको फल स्वयं मानिसले नै भोग्नुपर्ने भएकाले *बालकुमारी* गीतिनाटककी नायिका बालकुमारीले भोगेको कुरा घिमिरेले देखाएका छन् । सृष्टि कर्ता, पालन कर्ता र संरक्षण कर्ता ईश्वरले पनि पूर्वजन्मको कर्मको फल पुनर्जन्ममा दिएका हुन्छन् भन्ने पूर्वीय दर्शनको मान्यतालाई विभिन्न घट्ना, परिवेश, चरित्र आधारमा घिमिरेले व्यक्त गरेका छन् ।

# पाँचौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधकार्यको पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ । यस परिच्छेदअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधप्रस्तावको रूपरेखा प्रस्तुत गरिएका छन् । शोधपरिचयअन्तर्गतको विषयपरिचयमा माधव घिमिरेको सङ्क्षिप्त परिचयलाई समेटिएको छ । शोध समस्यामा जीवात्मा र मोक्षसम्बन्धी चिन्तन, जगत्सम्बन्धी चिन्तन र ईश्वरसम्बन्धी चिन्तनलाई मुख्य विषय बनाइएको छ । उद्देश्यमा प्रस्तुत अध्ययनको उद्देश्यलाई प्रस्ट्याइएको छ । पूर्वकार्यको समीक्षाअन्तर्गत माधव घिमिरेका गीतिनाटकका सम्बन्धमा विभिन्न विद्वान्, समालोचक, लेखक एवम् अध्येताहरूले गरेका अनुसन्धान, समालोचना, कृतिसमीक्षा तथा टीकाटिप्पणीहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । परिचय खण्डमै शोधकार्यको औचित्य र सीमालाई प्रष्ट्याइएको छ । शोधपत्रको रूपरेखालाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । शोधपत्रको पहिलो परिच्छेदमा समग्र शोधकार्यको सारसङ्क्षेप प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदमा 'माधव घिमिरेका गीतिनाटकमा जीवात्मा र मोक्षचिन्तन' रहेको छ । माधव घिमिरेका *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकमा जीवात्मा चिन्तनको खोजी, मोक्ष चिन्तनको खोजी शीर्षकमा विभिन्न उपशीर्षक राखेर अनुसन्धान गरिएको छ । जीवात्मा चिन्तनको उपशीर्षक जीवात्माको सत्यता र नित्यता, जीवात्माको सर्वव्यापकता र सर्वोच्चता, जीवात्माको अद्वैतता, दासताबाट मुक्ति, बन्धनबाट मुक्ति रहेका छन् । यिनै उपशीर्षकलाई आधार मानेर कृतिमा रहेको जीवात्मा चिन्तन, मोक्ष चिन्तनको अनुसन्धान गरिएको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो परिच्छेदमा 'माधव घिमिरेका गीतिनाटकमा जगत्सम्बन्धी चिन्तन' रहेको छ । माधव घिमिरेका *शकुन्तला, मालती मङ्गले,*

*अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकमा प्रकृतिका त्रिगुणको खोजी, इहलोक र परलोकको शीर्षकमा विभिन्न उपशीर्षक राखेर अनुसन्धान गरिएको छ। प्रकृतिका त्रिगुणका उपशीर्षक सत्त्वगुण, रजोगुण र तमोगुणका आधारमा कृतिमा अनुसन्धान गरिएको छ । इहलोक शीर्षकको उपशीर्षक कर्मफल चिन्तन र सुखदुःख चिन्तन रहेका छन् । त्यसैगरी परलोक शीर्षकको उपशीर्षक स्वर्गचिन्तन र नरकचिन्तनका आधारमा कृतिको अनुसन्धान गरिएको छ।

प्रस्तुत शोधकार्यको चौथो परिच्छेदमा 'माधव घिमिरेका गीतिनाटकमा ईश्वरचिन्तन' रहेको छ। माधव घिमिरेका *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकमा ईश्वरचिन्तनको खोजी शीर्षकमा विभिन्न उपशीर्षक राखेर अनुसन्धान गरिएको छ। ईश्वर चिन्तनको उपशीर्षक सृष्टि, स्थिति र प्रलयका रूपमा ईश्वर, पालन कर्ता र संरक्षण कर्ताका रूपमा ईश्वर, जीवनदाता र कर्मफलदाताका रूपमा ईश्वर, परम सत्य र मोक्षदाताका रूपमा ईश्वर रहेका छन् । शोधप्रबन्धको अन्त्यमा सन्दर्भसामग्री सूचीलाई सातौँ संशोधनका आधारमा समावेश गरिएको छ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधकार्य घिमिरेका गीतिनाटकमा व्यक्त पूर्वीय दर्शनको प्रभावलाई दार्शनिक चिन्तनका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ। पूर्वीय दर्शनका पनि अनेक विषय र विशेषताहरू छन् । यहाँ जीवात्मा चिन्तन, मोक्ष चिन्तन, प्रकृतिका सत्त्वगुण, रजोगुण र तमोगुण चिन्तन, इहलोक र परलोकसम्बन्धी चिन्तन, ब्रह्म, ईश्वरसम्बन्धी रहस्यबोधलाई अध्ययनमा प्रधानता दिइएको छ । घिमिरेका *शकुन्तला, मालती मङ्गले, अश्वत्थामा, देउकी* र *बालकुमारी* गीतिनाटकहरू अध्ययनका लागि चयन गरिएका छन् । पूर्वीय दर्शनमा विश्वास राख्ने नेपाली समाज अहिले पनि जीवात्मा, मोक्ष, प्रकृतिका त्रिगुण र इहलोक र परलोक र ईश्वरसम्बन्धी दार्शनिक विषयप्रति आस्थावान् देखिन्छ । साहित्य भनेको समाजसापेक्ष र समयसापेक्ष हुने भएकाले साहित्यकारले समाजका मनोभावनालाई कृतिमा उतारेका हुन्छन् ।

घिमिरेले पाँचवटा गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको जीवात्मा र मोक्षचिन्तनलाई सचेततापूर्वक प्रस्तुत गरेका छन् । *शकुन्तला* गीतिनाटककी शकुन्तला सुख र दुःखको भुमरीमा घुमिरहेकी छ । पूर्वजन्मको कर्मको फल नभोगेसम्म जीवात्मा चक्र यसैगरी घुमिरहन्छ, जीवात्माको जुन तत्त्व भूत, वर्तमान र भविष्यत् कालमा घुमिरहन्छ, त्यो नै सत्य हो र नित्य हो, आत्मालाई अनिष्ट गर्ने तत्त्व दुःख हो, दुःखको अनुभूति केवल आत्माले गरेको हुन्छ भन्ने कुरालाई घिमिरेले नायिका शकुन्तलाका माध्यमद्वारा देखाएका छन् । घिमिरेले *मालती मङ्गले* गीतिनाटककी नायिका मालती र नायक मङ्गले परिस्थिति र बाध्यताले अलगअलग भए पनि काम, क्रोध, लोभ, मोह र भयजस्ता असत् वृत्तिलाई जितेर आत्मा अद्वैत भएको देखाएका छन् । घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा घिमिरेले आत्मा सर्वशक्तिमान, सर्वव्यापी, सर्वज्ञ चेतन सत्ता भएका कारण अश्वत्थामाको विवेकको मणि निकालिदिएपछि ज्ञानको बीजारोपाण भएको देखाएका छन् । अष्टचिरञ्जीवी अश्वत्थामा आत्मिक शान्तिका लागि ब्रह्मज्ञानको खोजीमा हिँडेको घिमिरेले देखाएका छन् । घिमिरेले *देउकी* गीतिनाटकमा देउकी नायिका मल्लिकालाई जीवनबाट मुक्त हुनका लागि सदाका लागि समाधिमा लीन हुन हिँडेकी तर अर्जुनको यादले जीव र आत्मा, कार्य र कारणको सम्बन्ध रहेको देखाएका छन् । घिमिरेले *बालकुमारी* गीतिनाटककी नायिका बालकुमारीका माध्यमद्वारा जीवमा रहेको आत्मा चेतन तत्त्व हो र चेतन तत्त्वले जीवलाई नियन्त्रणमा राखेको हुन्छ भन्दै आत्मालाई द्रष्टाका रूपमा र जीवलाई भोक्ताका रूपमा स्वीकार गरेका छन् ।

घिमिरेले पाँचवटा गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको मोक्षचिन्तनलाई सचेततापूर्वक प्रस्तुत गरेका छन् । घिमिरेले *शकुन्तला* गीतिनाटकमा नायिका शकुन्तला र नायक दुष्यन्त बिच पुनर्मिलनले दुःखको निवृत्ति भएर मोक्ष प्राप्त भएको देखाएका छन् । ऋषि आश्रममा हुर्किएकी शकुन्तलालाई कन्यादान दिएर कण्व ऋषिले मोक्ष प्राप्त गरेको देखाएका छन् । सत्, चित्, आनन्दमा परिणत भएर जीव र ब्रह्मको एकाकारिता भएको घिमिरेले देखाएका छन् । घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा नायक मङ्गले र नायिका मालतीलाई धीरता, दृढता र सहनशीलता नै मोक्ष भएको हुँदा चोखो,पवित्र, अजर, अमर प्रेमले विजय गरेको र दासताबाट मुक्त भएको देखाएका छन् । घिमिरेले *अश्वत्थामा*

गीतिनाटकमा ब्राह्मण कुलमा जन्मिएको अश्वत्थामा युद्ध अपराधी र आततायी बनेको, अर्जुनले शिरमा रहेको मणि निकालेपश्चात् दुःखी आत्मा लिएर शान्तिको खोजीमा, मुक्तिको मार्गमा र मोक्षको खोजीमा हिँडेको देखाएका छन् । अविधा र दुःखबाट मुक्त हुनु नै मोक्ष हो भन्ने कुरा घिमिरेले देखाएका छन् । घिमिरेले *देउकी* गीतिनाटकमा भाग्यले ठगिएकी नायिका मल्लिकालाई जीवन मरणको चक्रमा घुमिरहेको देखाएका छन् । मोक्ष नभएसम्म जीवात्मा जन्ममृत्युको चक्रमा घुमिरहने र पूर्वजन्मको कर्मफल नसकिएसम्म जीवले यस्ता समस्या भोगिरहने कुरा घिमिरेले देखाएका छन् । घिमिरेले *बालकुमारी* गीतिनाटककी नायिका बालकुमारीको जीवन पति शिवशङ्करको मृत्युपश्चात् अधुरो, अपुरो भएको, शून्यभित्र विलीन भएको पीडादायी जीवनलाई बन्धनबाट मुक्त गराउन खोजे पनि असमर्थ रहेको देखाएका छन् । देवादिदेव महादेवलाई जीवन सुम्पेर मल्लिकाले बन्धनबाट मुक्त हुन सकेकी छैन र देवादिदेव महादेवले विधवा नारीले वैधव्यको जीवन बिताउन नपरोस् भनी दिएको आशीर्वचन पनि पालना नभएको घिमिरेले देखाएका छन् । जन्म पनि पूर्वजन्मको नियति हो र त्यो नियतिको समाप्ति पनि पूर्वजन्मको कर्मको फल पुनर्जन्म हो भन्ने कुरा घिमिरेले *बालकुमारी* गीतिनाटक मार्फत देखाएका छन् ।

घिमिरेले पाँचवटा गीतिनाटकमा पूर्वीय दर्शनले प्रतिपादन गरेको जगत्सम्बन्धी चिन्तनलाई सचेततापूर्वक प्रस्तुत गरेका छन् । भौतिक जगत् जड् भएको र अचेतन भएकाले साङ्ख्यदर्शनको त्रिगुणचिन्तनका आधारमा *शकुन्तला* गीतिनाटककी नायिका शकुन्तलाको त्रिगुणचिन्तनका आधारमा चित्रण गरेका छन् । *शकुन्तला* गीतिनाटकको पात्रहरूको कार्यव्यापार, चिन्तन र व्यवहारबाट त्रिगुणात्मक पक्षलाई घिमिरेले देखाएका छन् । प्रकृतिमा भएका सत्त्वगुण, रजोगुण र तमोगुणले युक्त शकुन्तलालाई सत्त्वगुणी कण्व ऋषिले कन्यादान दिएर दया, माया, धर्म र कर्मबाट सत्व गुणी चरित्र भएको घिमिरेले देखाएका छन् । त्यसैगरी इहलोकमा प्राप्त सुखदुःख, शान्ति, कान्ति, आनन्द र परलोकमा प्राप्त भोग, विलास, उच्च मनोकाङ्क्षालाई घिमिरेले देखाएका छन् । घिमिरेले *मालती मङ्गले* गीतिनाटकको घटना, परिवेश र चरित्रका आधारमा कथावस्तुको आरम्भदेखि अन्त्यसम्म त्रिगुणात्मकता देखाएका छन् । मालती र मङ्गले सत्त्वगुणले युक्त नायक नायिका भएको र गोसाईंलाई रजोगुणी र तमोगुणी चरित्रका रूपमा घिमिरेले देखाएका छन् ।

मालती र मङ्गलेलाई बन्धनबा मुक्त गराइदिने गोरखाकी रानीलाई सत्त्वगुणले युक्त चरित्रका रूपमा घिमिरेले देखाएका छन् । पूर्वजन्ममा गरेको कर्मफल नै इहलोकको परिणाम हो, जुन परिणाम मालती र मङ्गलेले भोगेका छन् भन्ने दृष्टान्त घिमिरेले देखाएका छन् । घट्ना, परिवेश र चरित्रका आधारमा मालती र मङ्गलेको जीवन कथाको अन्त्य सुखान्त र संयोगान्त देखाएर स्वर्गीय आनन्द, सुख र शान्तिलाई घिमिरेले देखाएका छन् भने गोसाईंले दिएको दु:ख र कष्ट देखाएर नारकीय जीवनको चित्रण घिमिरेले देखाएका छन् । घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा घट्ना, परिवेश र चरित्र चित्रणका आधारमा नायक अश्वत्थामालाई सत्त्वगुणी, रजोगुणी र तमोगुणी चरित्रका आधारमा चित्रण गरेका छन् । अश्वत्थामा सत्त्वगुणी भन्दा पनि रजोगुणी र तमोगुणी चरित्र भएको घिमिरेले देखाएका छन् । अश्वत्थामा युद्ध अपराधी बनेको, आततायी बनेको घिमिरेले देखाएका छन् । अश्वत्थामाको जन्मदै आएको विवेकको मणि अर्जुनले निकालिदिएपछि अचेतताबाट मुक्त भएर शान्त, भद्र, स्नेह, श्रद्धाजस्ता सत्त्वगुणी चरित्र देखापरेको घिमिरेले देखाएका छन् । अश्वत्थामाले इहलोकमा प्राप्त कर्मफललाई पुनर्जन्मको कर्मको फलसँग र परलोकमा प्राप्त सुख, दु:खलाई पनि पूर्वजन्मको कर्मफलसँग सम्बद्ध रहेको घिमिरेले देखाएका छन् । घिमिरेले घट्ना, परिवेश र चरित्रका आधारमा *देउकी* गीतिनाटककी नायिका मल्लिकाको चरित्र चित्रण गरेका छन् । शुद्धता, स्वच्छन्दता र पवित्रता मल्लिकाका सत्त्वगुणी विशेषता भएको घिमिरेले देखाएका छन् । मन्दिरमा चढाइएकी मल्लिकाले चन्द्र र तारालाई साक्षी राखेर अर्जुनसँग लगाएको पिरती रजोगुणी चरित्र भएको घिमिरेले देखाएका छन् । रजोगुण र तमोगुण दु:ख उत्पादनकर्ता भएकाले मल्लिकाले आजीवन दु:ख पाएको घिमिरेले देखाएका छन् । मल्लिकाले इहलोक र परलोकमा पाएको सुखदु:खलाई घिमिरेले पूर्वजन्मको कर्मको फल नसकिएसम्म जन्म पुनर्जन्ममा भोग्नुपर्ने कुरा देखाएका छन् । घिमिरेले घट्ना, परिवेश र चरित्रका आधारमा *बालकुमारी* गीतिनाटककी नायिकाको चरित्र चित्रण गरेका छन् । बालकुमारी बैंसमै विधवा भए पनि सत्त्वगुणले युक्त नारी चरित्र भएको घिमिरेले देखाएका छन् । पति शिवशङ्करको मृत्युपश्चात् बालकुमारीको जीवन अधुरो, अपुरो र शून्य भएको घिमिरेले देखाएका छन् । रजोगुण र तमोगुण आफैंमा दु:ख उत्पादन गर्ने कर्ता भएकाले अर्जुनसँग विवाह गरेर दु:खको भवचक्रमा फँसेको घिमिरेले

देखाएका छन् । त्यसैगरी इहलोक र परलोकमा प्राप्त सुख, दुःख, पीडा, सहानुभूतिलाई घिमिरेले पूर्वजन्मको कर्मको फल पुनर्जन्मले भोग्नुपर्ने र मोक्ष प्राप्त नभएसम्म यो क्रम चलिरहने कुरा देखाएका छन् ।

घिमिरेले पाँचवटा गीतिनाटकमा पूर्वीय षड्दर्शनले प्रतिपादन गरेको ईश्वरसम्बन्धी चिन्तनलाई सचेततापूर्वक प्रस्तुत गरेका छन् । घिमिरेले *शकुन्तला* गीतिनाटकमा घट्ना, कथावस्तु, परिवेश र पात्रको ईश्वरसापेक्ष जीवनलाई शकुन्तलाका माध्यमद्वारा अभिव्यञ्जित गरेका छन् । सृष्टि, स्थिति र प्रलय गराउने कुनै नियन्ता छ भने त्यो ईश्वर हो, जसले शकुन्तलाको जीवनमा मेल खाएको घिमिरेले देखाएका छन् । मानिसको भूत, वर्तमान र भविष्यको खेल भनेको ईश्वरीय खेल हो, जो शकुन्तलाको जीवनमा प्रयोग भएको छ । प्रेम पनि ईश्वरको वरदान, त्याग र तपस्या हो भन्ने कुराको प्रमाण कण्व ऋषिले शकुन्तलालाई गरेको प्रेमबाट घिमिरेले देखाएका छन् । त्यसैले त ईश्वर शकुन्तलाको जीवनमा पालन कर्ता र संरक्षण कर्ताका रूपमा, जीवनदाता र कर्मफलदाताका रूपमा र परम सत्यका रूपमा घिमिरेले अभिव्यञ्जित गरेका छन् । घिमिरेले *मालती मङ्गले* गीतिनाटकमा घट्ना, कथावस्तु, परिवेश र पात्रको ईश्वरसापेक्ष जीवनलाई मालती र मङ्गलेका माध्यमद्वारा अभिव्यञ्जित गरेका छन् । जीवन एउटा चित्र हो र जीवन चित्रको चित्रकार ईश्वर भएको, जीवनको प्राप्ति र समाप्ति, संयोग र वियोग, ईश्वरको मायावी खेल भएको कुरा घिमिरेले मालती र मङ्गलेका माध्यमद्वारा अभिव्यञ्जित गरेका छन् । ईश्वर अवतार बनेर होइन अवसर बनेर मानिसको जीवनमा आउँछन् भन्ने कुरा गोर्खाकी रानीलाई ईश्वरीय अवसरका रूपमा आएको घिमिरेले देखाएका छन् ।

घिमिरेले *अश्वत्थामा* गीतिनाटकमा घट्ना, कथावस्तु, परिवेश र पात्रलाई आधार बनाएर ईश्वरसापेक्ष जीवनलाई अश्वत्थामाका माध्यमद्वारा प्रस्ट पारेका छन् । नायक अश्वत्थामाले ब्रह्माको सुन्दर रचना मानिसको जन्मलाई चुनौती दिएको घिमिरेले देखाएका छन् । उत्तराको गर्भमा रहेको पाण्डव वंशको एकमात्र जीवित वंशको ब्रह्मास्त्रले ध्वस्त बनाउन खोजेको तर ईश्वरीय अवसरका रूपमा आएको अर्जुनले सर्वशक्तिमान ईश्वरीय सत्तालाई बचाएको घिमिरेले देखाएका छन् । घिमिरेले *देउकी* गीतिनाटकमा घट्ना, कथावस्तु, परिवेश र पात्रलाई आधार बनाएर

ईश्वरसापेक्ष जीवनलाई अभिव्यञ्जित गरेका छन् । यो चराचर जीवन र जगत् ईश्वरीय सत्ता हो । ईश्वरीय नियमलाई कसैले पनि उल्लङ्घन गर्न सक्दैन । मानव जीवनमा प्राप्त सुख, दुःख, जन्म, मृत्यु, कर्म, भाग्य, पाप, पुण्य आदि सबै ईश्वरीय सत्ता भएकाले नायिका मल्लिकाले यसको श्रेय लिएको कुरा घिमिरेले देखाएका छन् । पालन कर्ता र संरक्षण कर्ता ईश्वर मानिए पनि, जीवनदाता र कर्मफलदाता ईश्वर भनिए पनि, परम सत्य र मोक्ष दाता ईश्वर भनिए पनि मल्लिकाले जीवनमा दुःख मात्र पाएको कुरा घिमिरेले देखाएका छन् । घिमिरेले *बालकुमारी* गीतिनाटकमा कथावस्तु, घटना, परिवेश र पात्रलाई आधार बनाएर ईश्वरसापेक्ष जीवनलाई पात्र बालकुमारीका माध्यमद्वारा व्यक्त गरेका छन् । ईश्वरमा मायाको अंश निहित हुने हुनाले ईश्वर व्यावहारिक दृष्टिले सत्य भए पनि पारमार्थिक दृष्टिले असत्य भएको, नायिका बालकुमारीको जीवन अधुरो, अपुरो र शून्य भएको घिमिरेले देखाएका छन् । मनुष्य ब्रह्माको सिर्जना, उपहार, वरदान र सौगात भए पनि उसको भाग्य र भविष्य पूर्वजन्मको कर्मफल पुनर्जन्मले भोग्नुपर्ने बाध्यात्मक नियमलाई घिमिरेले बालकुमारीका माध्यमद्वारा देखाएका छन् । समग्रमा ईश्वर सृष्टि, स्थिति र प्रलय कर्ताका रूपमा, पालन कर्ता र संरक्षण कर्ताका रूपमा, जीवनदाता र कर्मफलदाताका रूपमा, परम सत्य र मोक्ष दाताका रूपमा रहेको कुरा घिमिरेले गीतिनाटकमा अभिव्यञ्जित गरेका छन् ।

माधव घिमिरेका गीतिनाटकमा अभिव्यक्त पूर्वीय दर्शनका मूलभूत मान्यताहरूलाई तल प्रस्तुत गरिएको छ :

(१) माधव घिमिरेका गीतिनाटकमा जीवलाई चेतन सत्ताका रूपमा स्वीकार गरिएको छ । संसारको विषयवासना र सुखदुःखको भोक्ताका रूपमा जीवलाई स्वीकार गरिएको छ । घिमिरेका गीतिनाटकमा जीवात्मालाई हर्ता, कर्ता, धर्ता, नियन्ता, अजर, अमर, नित्य, शाश्वत र सर्वव्यापी रहेको देखाइएको छ । घिमिरेका गीतिनाटकमा जीवले प्राप्त गर्ने दुःखको निवृत्ति र परमानन्दको प्राप्ति, जीव र ब्रह्मको एकाकारिता हुनुलाई मोक्ष प्राप्तिका रूपमा अभिव्यञ्जित गरिएको छ ।

(२) माधव घिमिरेका गीतिनाटकमा जीवन र जगत्लाई प्रकृतिका त्रिगुणका आधारमा स्वीकार गरिएको छ । घिमिरेका गीतिनाटकमा सत्वगुणयुक्त

जीवन र जगत्, रजोगुणयुक्त जीवन र जगत् र तमोगुणयुक्त जीवन र जगत्ले जीवन र जगत् रहस्यमय बनेको कुरा स्वीकार गरिएको छ । घिमिरेका गीतिनाटकमा इहलोक र परलोकमा हुने सुखदुःख, जन्म, पुनर्जन्म र पूर्वजन्मको कर्मफललाई अभिव्यञ्जित गरिएको छ ।

(३) माधव घिमिरेका गीतिनाटकमा ईश्वरसापेक्ष जीवनलाई स्वीकार गरिएको छ । घिमिरेका गीतिनाटकमा ईश्वर जीवन र जगत्को चित्रकार, परब्रह्म, सर्वेसर्वा सत्ता, चराचर जगत्को मालिक, उपासनाको विषय र उपादन कारण भएको, जीवनदाता, कर्मफलदाता, संरक्षण कर्ता र पालन कर्ता, मोक्षदाता भएको, सम्पूर्ण विश्वब्रह्माण्डको नियामक भएको र परम सत्य ईश्वर भएको कुरालाई अभिव्यञ्जित गरिएको छ ।

समग्रमा पूर्वीय दर्शनले प्रतिपादन गरेका आत्मा, मोक्ष, प्रकृतिका त्रिगुण, इहलोक र परलोक चिन्तन ईश्वर, ब्रह्म रहस्यमय विषय हुन् । यिनै रहस्यमय चिन्तनको खोजी घिमिरेका गीतिनाटकमा गरिएको छ । सृष्टि जगत्मा निष्कर्षका रूपमा आउन नसकेका पूर्वीय दर्शनका यिनै चिन्तनका आधारलाई कृतिका आधारमा अनुसन्धान गरिएको छ ।

# सन्दर्भ सामग्रीसूची


अवस्थी, महादेव (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस त्रि.वि. ।

आचार्य, श्रीराम शर्मा (सम्पा.) (सन् २००५), *ऋग्वेद संहिता,* हरिद्वार : ब्रह्मवर्चस् ।

*ईशादि नौ उपनिषद्* (२०६८), गारेखपुर : गीताप्रेस ।

ईश्वरकृष्ण (सन् १९५६), *साङ्ख्यकारिका,* टीका. शिवनारायण शास्त्री, वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

ईश्वरचन्द्र (सन् २००९), *महर्षिपाणिनि विरचिता अष्टाध्यायी,* दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

उपाध्याय, केशवप्रसाद (२०५५), *पूर्वीय साहित्य सिद्धान्त,* ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, गोपीरमण (२०७३), *षड्दर्शनसमुच्चय,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

उपाध्याय, गोविन्दशरण (२०६६), *आर्यदर्शन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

*ऋग्वेद* (२०६३), अनु. तिलकप्रसाद लुइटेल, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

*कठोपनिषद्* (२०६०), *ईशादि नौ उपनिषद्,* गोरखपुर : गीताप्रेस ।

कपिल (सन् २०१२), *साङ्ख्यदर्शन,* व्याख्याकार, उदयवीर शास्त्री, दिल्ली : विजयकुमार, गोविन्दराम, हासानन्द ।

कृष्णकृपायन (सन् १९९७), *गीतोपनिषद्,* अनु. वादरायणदास, मुम्बई : बुक ट्रष्ट ४०००४९ ।

खतिवडा, रामप्रसाद (२०७४), 'आदर्शराघव महाकाव्यमा अद्वैत वेदान्त', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

गड्तौला, नारायण (सन् २०१६), 'अश्वत्थामा गीतिनाटकमा मिथक', *सोलुखुम्बु मल्टिपल रिसर्च,* भोलुम ३, नम्बर १, पृ. ८१-८५ ।

गड्तौला, नारायणप्रसाद (२०७८), 'पूर्वीय मिथकको परम्परा', *नेपाल अध्ययन जर्नल,* (वर्ष १, अङ्क १), पृ. १५३-१८६ ।

गिरी, रामानन्द (२०५६), *जनक-दर्शन,* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), 'वैदिक षड्दर्शनका प्रमुख मान्यता', *नेपाल अध्ययन जर्नल,* वर्ष १, अङ्क १, पृ. ७७-११३ ।

घिमिरे, माधव (२०५०), *विषकन्या,* काठमाडौँ : साझा प्रकाशन ।

घिमिरे, माधव (२०५३), *अश्वत्थामा,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

घिमिरे, माधव (२०५४), *हिमालपारि हिमालवारि,* ललितपुर : साझा प्रकाशन ।

घिमिरे, माधव (२०५५), *देउकी,* काठमाडौँ : एपोलो अपसेट प्रा.लि. ।

घिमिरे, माधव (२०६०), *शकुन्तला,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

घिमिरे, माधव (२०६१), *बालकुमारी,* काठमाडौँ : वसुन्धरामान प्रतिष्ठान ।

घिमिरे, माधव (२०६४), *मालती मङ्गले,* चौथो संस्क. ललितपुर : साझा प्रकाशन ।

चालिसे, नारायण (२०७५), *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मापदण्डहरू,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

*छान्दोग्योपनिषद्* (२०६८), *छान्दोग्योपनिषद्,* गोरखपुर : गीताप्रेस ।

जोशी, रत्नध्वज (२०२१), *आधुनिक नेपाली साहित्यको झलक,* काठमाडौँ : साझा प्रकाशन ।

ढकाल, प्रमोद (२०७६), *पूर्वीय दर्शनको पुनर्व्याख्या,* काठमाडौँ : बिग फ्यामिलि भेन्चर्स् ।

*तैत्तिरियोपनिषद्* (२०६०), *ईशादि नौ उपनिषद्,* गोरखपुर : गीताप्रेस ।

*तैत्तिरीयसंहिता (कृष्णयजुर्वेदीय)* (सन् १९९९), गुजरात : स्वाध्याय मण्डल ।

*न्यायदर्शन* (सन् २०१२), सम्पा. श्रीराम आचार्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

पतञ्जली (२०६५), *योगदर्शन,* छत्तीसौँ संस्क., गोरखपुर : गीता प्रेस ।

पन्थी, लक्ष्मीकान्त (२०७५), *साङ्ख्य एवं योगदर्शन,* काठमाडौँ : विचार क्रान्ति केन्द्र ।

पोखरेल, भानुभक्त (२०३९), *कवि माधव घिमिरे र उनका काव्यचिन्तन,* काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५९), *कवि घिमिरेको रचना योग,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, हेमराज (२०६२), 'सम्मति र शुभेच्छा', *गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन ।

*बृहदारण्यकोपनिषद् (शाङ्करभाष्यसहित)* (सन् १९९५), गोरखपुर : गीतप्रेस ।

भट्ट, रामचन्द्र (२०७२), *उपनिषद्मा के छ ?*, काठमाडौँ : डिकुरा पब्लिकेसन ।

भट्टराई, पद्मप्रसाद (२०७४), *पौरस्त्यदर्शन एक चिनारी*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, बच्चुराम (२०७७), *माधव घिमिरेका गीतिनाटकमा रसानुशीलन*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

*माण्डुक्योपनिषद्* (२०६०), *ईशादि नौ उपनिषद्*, गोरखपुर : गीताप्रेस ।

माधवाचार्य (सन् २०१२), *सर्वदर्शनसङ्ग्रह*, व्याख्या, उमाशङ्कर शर्मा, वाराणसी : चौखम्बा विद्याभवन ।

मिश्र, जगदीशचन्द्र (सन् २००१), *भारतीय दर्शन*, दो.भा., वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

*मीमांसादर्शन* (सन् २०१२), सम्पा. श्रीराम आचार्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

*मुण्डकोपनिषद्* (२०६०), *ईशादि नौ उपनिषद्*, गोरखपुर : गीताप्रेस ।

*योगदर्शन* (सन् २०१२), सम्पा. श्रीराम आचार्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

राई, भक्त (२०७४), *पूर्वीय दर्शन*, काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राधाकृष्णन (सन् २०११), *भारतीय दर्शन*, भाग १ र २, दिल्ली : राजपाल एन्ड सन्स ।

रिजाल, पुस्करनाथ (२०७७), 'घिमिरेको साहित्यिक मन : केही सन्दर्भ र विमर्श', *हिमाली सौगात*, पूर्णप्रकाश नेपाल यात्री अध्ययन तथा अनुसन्धान केन्द्र, पृ. १३५-१४६ ।

रिसाल, राममणि (२०३१), *नेपाल काव्य र कवि*, काठमाडौँ : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वेदव्यास (२०६९), *ब्रह्मसूत्र*, (अनु. नारायण शर्मा), रत्न पुस्तक भण्डार ।

*वेदान्तदर्शन* (सन् २०१२), सम्पा. श्रीराम आचार्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

वैद्य, मोहन (२०७४), *हिमाली दर्शन*, ललितपुर : साझा प्रकाशन ।

*वैशेषिक दर्शन* (सन् २०१२), सम्पा. श्रीराम आचार्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

व्यास (२०६६), *श्रीमद्भगवद्गीता*, १७३ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

व्यास, (सन् २००३), *ब्रह्मसूत्र,* व्याख्याकार, आचार्य उदयवीर शास्त्री, दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *शोधविधि,* पाँचौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

शर्मा, विन्दु (२०६२), *गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

*श्वेताश्वतरोपनिषद्* (२०६०), *ईशादि नौ उपनिषद्,* गोरखपुर : गीताप्रेस ।

सरस्वती, जगदीश्वरानन्द (सन् २०१०), *न्यायदर्शनम्,* षड्दर्शनम्, दिल्ली : विजयकुमार गोविन्दराज हासानन्द ।

*साङ्ख्यदर्शन* (सन् २०१२), सम्पा. श्रीराम आचार्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९६३/२०१८), *भारतीय दर्शनकी रूपरेखा,* दिल्ली : मोतीलाल बनारसीदास ।